नेपालको संविधानको धारा ५३
एवम्
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
को दफा ४१ बमोजिमको

नेपाल सरकारको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/८१

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विषयसूची

परिच्छेद-१

प्रारम्भिक

१.१. पृष्ठभूमि १
१.२. उद्देश्य १
१.३. प्रतिवेदनको सीमा १
१.४. प्रतिवेदन तयारी विधि २
१.५. प्रतिवेदनको संरचना २

परिच्छेद-२

निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन र प्राप्त उपलब्धि

२.१. राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षाका सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धिहरू ३
२.१.१. स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा ३
२.१.२. सार्वजनिक शान्ति सुरक्षा ४
२.१.३. नागरिक र सुरक्षा निकायबीचको सम्बन्ध सहयोग र सहकार्य ४
२.१.४. नेपाली सेनाको व्यावसायिकीकरण, आधुनिकीकरण र क्षमता विकास ५
२.१.५. कारागार व्यवस्थापन ७
२.१.६. अध्यागमन ७
२.१.७. राष्ट्रिय एकता प्रवर्धन ८
२.२. राजनीतिक तथा शासन व्यवस्था सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि १०
२.२.१. मानव अधिकार संरक्षण १०
२.२.२. वित्तीय सङ्घीयताको कार्यान्वयन १०
२.२.३. सङ्गठन व्यवस्थापन तथा क्षमता विकास १४
२.२.४. सङ्घीयता सुदृढीकरण तथा स्थानीय विकास १५
२.२.५. आमसञ्चार १७
२.३. सामाजिक तथा सांस्कृतिक रूपान्तरण सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धि १८
२.३.१. विश्व सम्पदास्थलहरूको संरक्षण १८
२.३.२. भूकम्पबाट क्षतिग्रस्त पूरातात्त्विक सम्पदाहरूको पुनर्निर्माण १९
२.३.३. पुरातात्त्विक क्षेत्रको उत्खनन, अन्वेषण र अध्ययन-अनुसन्धान १९
२.३.४. अभिलेख संरक्षण १९
२.३.५. कला साहित्य र संस्कृतिको संरक्षण तथा विकास १९

२.३.६. भाषा संरक्षण एवम् बहुभाषिक नीतिको कार्यान्वयन २१
२.४. अर्थ, उद्योग र वाणिज्य सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि २१
२.४.१. नीतिगत एवम् कानूनी व्यबस्था २२
२.४.२. आन्तरिक तथा वैदेशिक स्रोत परिचालन २३
२.४.२.१. राजस्व २३
२.४.२.२. सार्वजनिक ऋण २४
२.४.२.३. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन २६
२.४.२.४. बाह्य क्षेत्र २६
२.४.३. भन्सार व्यवस्थापन २७
२.४.४. मौद्रिक स्थिति २७
२.४.५. समग्र मूल्य स्थिति २९
२.४.६. बिमा २९
२.४.७. पुँजी बजार ३०
२.४.८. शोधनान्तर स्थिति र चालु खाता ३०
२.४.९. विदेशी विनिमय सञ्चिति ३०
२.४.१०. वैदेशिक लगानी ३०
२.४.११. कम्पनी दर्ता ३०
२.४.१२. राजस्व परिचालन सम्बन्धी सूचना प्रणालीको उपयोग ३१
२.४.१३. नवप्रवर्तनात्मक कार्य ३१
२.४.१४. वैदेशिक व्यापार ३२
२.४.१५. सेवा व्यापार र पर्यटक आगमन ३२
२.४.१६. वैदेशिक रोजगार र विप्रेषण आप्रवाह ३३
२.४.१७. सहकारी ३३
२.४.१८. औद्योगिक विकास,व्यापार पूर्वाधार तथा लगानी प्रवर्धन ३४
२.४.१९. उद्योग तथा कम्पनी प्रशासन ३५
२.४.२०. नेपाल गुणस्तर तथा नापतौल ३८
२.४.२१. आपूर्ति तथा उपभोक्ता हित संरक्षण ३८
२.४.२२. खानी तथा खनिज पदार्थ ३९
२.५. कृषि र भूमिसुधार सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि ४०
२.५.१. भूमि व्यवस्थापन ४०
२.५.२. गरिबी निवारण ४१
२.५.३. कृषि ४२
२.५.४. कृषि उपजको न्यूनतम समर्थन मूल्य ४३
२.५.५. कृषि मल व्यवस्थापन ४४
२.५.६. खाद्य वस्तुको गुणस्तर एवम् नियमन ४४
२.५.७. कृषि उत्पादन, कृषि अनुसन्धान, प्रविधि विकास तथा कृषि/पशुजन्य उत्पादनको निर्यात ४५

२.५.८. पशुपन्छी एवम् मत्स्य विकास ४६
२.५.९. कृषि एवम् पशुपन्छी पूर्वाधार विकास ४६
२.५.१०. किसान सूचीकरण ४७
२.५.११. कृषि क्षेत्रमा वैदेशिक सहायता ४७
२.५.१२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ४७
२.५.१३. कृषि बिमा ४८
२.५.१४. कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा नवप्रवर्तनात्मक कार्यहरू ४८
२.६. विकास सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि ५१
२.६.१. विकास योजना तर्जुमा र कार्यान्वयन ५१
२.६.२. वस्ती, आवास तथा सहरी विकास ५२
२.६.२.१. निजी आवास पुनर्निर्माण ५२
२.६.२.२. सम्पदा संरक्षण तथा प्रबलीकरण ५२
२.६.२.३. आवास व्यवस्था ५३
२.६.२.४. सघन सहरी विकास ५३
२.६.२.५. भवन निर्माण संहिता र सरकारी भवन निर्माण ५३
२.६.२.६. वस्ती आवास र सहरीकरण (नयाँ सहर आयोजना) ५४
२.६.२.७. वस्ती विकास ५५
२.६.२.८. सहरी करिडोर निर्माण र सहरी जीवनयापन सुधार ५५
२.६.२.९. स्थानीय पूर्वाधार ५६
२.६.२.१० बाग्मती सभ्यता ५६
२.६.२.११. अन्य ५६
२.६.३. सूचना प्रविधि ५७
२.६.४. सडक यातायात ५९
२.६.५. सडक निर्माण ६०
२.६.५.१. पुष्पलाल (मध्यपहाडी) राजमार्ग ६०
२.६.५.२. हुलाकी राजमार्ग ६०
२.६.५.३. उत्तर दक्षिण लोकमार्ग (कोशी करिडोर) ६१
२.६.५.४. कालिगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड) ६१
२.६.५.५. कालिगण्डकी करिडोर (बेनी-जोमसोम-कोरोला सडक) ६१
२.६.५.६. कर्णाली करिडोर (हिल्सा- सिमिकोट सडक योजना), हुम्ला ६१
२.६.५.७. नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना ६२
२.६.५.८. मदन भण्डारी राजमार्ग ६२
२.६.५.९. गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक योजना ६२
२.६.५.१०. नारायणघाट बुटवल सडक आयोजना ६२
२.६.५.११. कञ्चनपुर कमला सडक आयोजना ६३
२.६.५.१२. काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना ६३

२.६.६. अन्य सडक आयोजनाहरू ६३
२.६.६.१. कर्णाली करिडोर (लालिबगर-दुल्लीकुन्ना,घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) (२२.०५ कि.मि.) ६४
२.६.६.२. बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग (९२ कि.मि.) सडक ६४
२.६.६.३. कोशी करिडोर (च्याम्ताङ्ग-घोङघप्पा खण्ड) (१०.५ किलोमिटर) ६४
२.६.६.४. दार्चुला-टिंकर सडक आयोजना (७९ कि.मि.) ६४
२.६.७. सडक स्तरोन्नति ६४
२.६.८. रेल तथा जल यातायात ६५
२.६.९. सवारी व्यबस्थापन ६६
२.६.१०. विज्ञान तथा प्रविधि ६६
२.६.११. चलचित्र क्षेत्र ६७
२.६.१२. राष्ट्रिय परिचयपत्र, पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन ६८
२.६.१३. तथ्याङ्क व्यवस्थापन ७१
२.७. प्राकृतिक साधनस्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धिहरू ७३
२.७.१. वन विकास ७३
२.७.२. जैविक विविधता तथा जलाधार संरक्षण ७३
२.७.३. जडिबुटी संरक्षण, अनुसन्धान तथा विकास ७४
२.७.४. विपद् व्यवस्थापन ७६
२.७.५. सिँचाइ विकास ७७
२.७.५.१. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना ७९
२.७.५.२. महाकाली सिँचाइ आयोजना ७९
२.७.५.३. रानी जमरा-कुलरिया सिँचाइ आयोजना ७९
२.७.५.४. सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना ८०
२.७.५.५. सिक्टा सिँचाइ आयोजना ८०
२.७.६. जलविद्युत् एवम् ऊर्जा ८२
२.७.६.१. चैनपुर सेती अर्धजलाशययुक्त जलविद्युत् आयोजना (२१० मेगावाट) ८३
२.७.६.२. अर्ध-जलाशययुक्त जगदुल्ला जलविद्युत् आयोजना (१०६ मेगावाट) ८३
२.७.६.३. तामाकोशी ५ जलविद्युत् आयोजना (९९.९ मेगावाट) ८३
२.७.६.४. तल्लो सेती जलविद्युत् आयोजना (१२६ मेगावाट) ८३
२.७.६.५. तनहुँ जलविद्युत् आयोजना (४० मेगावाट) ८३
२.८. नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू ८६
२.८.१.१. स्वास्थ्य क्षेत्र ८६
२.८.२. शिक्षा ८९
२.८.२.१. विद्यालय शिक्षा ९०

२.८.२.२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ९१
२.८.२.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ९१
२.८.२.४. उच्च शिक्षा ९२
२.८.२.५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री ९२
२.८.२.६. सेवा प्रवाह तथा शैक्षिक सुशासन ९३
२.८.२.७. नवप्रवर्तनात्मक कार्य ९३
२.८.३. खानेपानी तथा सरसफाइ ९५
२.८.४. यातायात व्यवस्थापन ९६
२.८.५. अव्यवस्थित बसोबासी व्यवस्थापन ९७
२.९. श्रम र रोजगार सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धि ९७
२.९.१. नीतिगत एवम् कानूनी व्यवस्था ९७
२.९.२. रोजगार प्रवर्द्धन कार्यक्रम ९८
२.९.३. श्रम सम्वन्ध र व्यवसायजन्य सुरक्षा ९९
२.९.४. वैदेशिक रोजगारी १००
२.९.५. सामाजिक सुरक्षा १०१
२.१०. सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धि १०२
२.१०.१. नीतिगत एवम् कानूनी व्यवस्था १०३
२.१०.२. महिला १०३
२.१०.३. अपाङ्गता भएका व्यक्ति १०५
२.१०.४. ज्येष्ठ नागरिक १०६
२.१०.५. बालबालिका १०६
२.१०.६. संघ संस्था १०७
२.१०.७. युवा १०९
२.१०.८. खेलकुद ११०
२.१०.९. खेलकुद पूर्वाधार निर्माण १११
२.१०.१०. नवप्रवर्तनात्मक कार्यहरू १११
२.११. न्याय र दण्ड व्यवस्था सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू ११३
२.१२. पर्यटन सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू ११४
२.१३. अन्तर्राष्ट्रिय-सम्बन्धका सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू ११६
२.१३.१. उच्चस्तरीय द्विपक्षीय भ्रमण, बैठक तथा गतिविधिहरू ११६
२.१३.२. द्विपक्षीय परामर्श संयन्त्रका बैठक ११७
२.१३.३. कूटनीतिक सम्बन्धको विस्तार ११८
२.१३.४. उच्चस्तरीय भ्रमण तथा अन्य सहभागिता ११८
२.१३.५. अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको नेतृत्वदायी भूमिका ११९
२.१३.६. आर्थिक कूटनीति १२०
२.१३.७. राहदानी तथा कन्सुलर सेवा १२३

२.१३.८. नेपाली नागरिकहरूको उद्धार एवम् सहजीकरण १२६
२.१३.९. अन्तर्राष्ट्रिय सन्धि सम्झौता १२७
२.१३.१०. अन्य कार्यहरू १२७

परिच्छेद-३

शासकीय सुधार

३.१. सुशासन १२८
३.२. हेलो सरकारमार्फत नागरिक गुनासो सम्बोधन १३१
३.३. सम्पत्ति शुद्धीकरण निवारण १३२
३.४. राजस्व चुहावट अनुसन्धान १३३
३.५. सार्वजनिक खरिद १३५
३.६. कसुरजन्य सम्पत्ति व्यवस्थापन १३६
३.७. विद्युतीय सुशासन १३६

परिच्छेद-४

उपसंहार १३७

तालिका १: सङ्घीय विभाज्य कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहमा भएको राजस्व बाँडफाँट १२
तालिका २: आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहमा भएको समानीकरण अनुदानको हस्तान्तरण १२
तालिका ३: आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहमा भएको सशर्त अनुदानको हस्तान्तरण १३
तालिका ४: सवारी साधन करको बाँडफाँट सम्बन्धी विवरण १३
तालिका ५: प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटसम्बन्धी विवरण १४
तालिका ६: आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा सङ्घीय सरकारको विनियोजित बजेट र खर्च (रु. करोडमा) २१
तालिका ७: राजस्व सङ्कलनको विवरण, प्रगति र वृद्धिदर (रकम रु. लाखमा) २३
तालिका ८: कर राजस्व सङ्कलनको तुलनात्मक स्थिति (रकम रु. लाखमा) २४
तालिका ९: सार्वजनिक ऋण र विकास सहायता प्रतिबद्धता २५
तालिका १०: मुलुकको बाह्य क्षेत्र २६
तालिका ११: मौद्रिक तथा बैङ्किङ्ग क्षेत्रसँग सम्बन्धित विवरण २८
तालिका १२: समग्र मूल्य स्थिति (वार्षिक तथ्याङ्कमा आधारित) २९
तालिका १३: सहकारी क्षेत्रसम्बन्धी विवरण ३३

तालिका १४: उद्योग तथा वाणिज्य क्षेत्रसम्बन्धी विवरण ३६
तालिका १५: कम्पनी दर्तासम्बन्धी विवरण..... ३७
तालिका १६: भूमि व्यवस्थापनसम्बन्धी विवरण..... ४१
तालिका १७: आर्थिक वर्ष २०८०/८१ मा रासायनिक मलको आपूर्ति स्थिति (मेट्रिक टन)..... ४४
तालिका १८: प्रमुख बाली/वस्तु उत्पादनको अवस्था..... ४५
तालिका १९: कृषि तथा पशुपन्छी क्षेत्रसम्बन्धी विवरण ४९
तालिका २०: नयाँ सहरमा वस्ती आवास तथा सहरीकरणसम्बन्धी विवरण ५४
तालिका २१: शहरी पूर्वाधारसम्बन्धी मुख्य विवरण..... ५७
तालिका २२: सूचना प्रविधिसम्बन्धी मुख्य विवरण..... ५८
तालिका २३: यातायात पूर्वाधारसम्बन्धी मुख्य विवरण ६५
तालिका २४: राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण ६९
तालिका २५: पञ्जीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विवरण..... ६९
तालिका २६: वन तथा वातावरणसम्बन्धी मुख्य विवरण..... ७५
तालिका २७: सिँचाइ क्षेत्रको तुलनात्मक मुख्य विवरण..... ८०
तालिका २८: जल तथा मौसम विज्ञानसम्बन्धी मुख्य विवरण ८१
तालिका २९: तटबन्ध तथा जग्गा उकाससम्बन्धी मुख्य विवरण..... ८१
तालिका ३०: जलविद्युत् एवं ऊर्जासम्बन्धी मुख्य विवरण..... ८४
तालिका ३१: शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य विवरण..... ९३
तालिका ३२: खानेपानी तथा सरसफाइसम्बन्धी मुख्य विवरण ९६
तालिका ३३: रोजगार प्रवर्धनसम्बन्धी विवरण (सामी परियोजना अन्तर्गत) ९८
तालिका ३४: तालिम तथा प्रशिक्षण प्राप्त गरेका व्यक्तिको विवरण..... ९८
तालिका ३५: श्रमसम्बन्धी मुख्य विवरण (आर्थिक वर्ष २०८०/८१)..... ९९
तालिका ३६: वैदेशिक रोजगारीसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१)..... १००
तालिका ३७: वैदेशिक रोजगारीसम्बन्धी कल्याणकारी कार्यको विवरण..... १००
तालिका ३८: योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी विवरण..... १०१
तालिका ३९: श्रम तथा सामाजिक सुरक्षासँग सम्बन्धित विवरण..... १०२
तालिका ४०: महिला, बालवालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसम्बन्धी विवरण..... १०८
तालिका ४१: युवा तथा खेलकुद सम्बन्धी विवरण ११२
तालिका ४२: कानून तथा संसदीय मामिलासम्बन्धी प्रमुख विवरण..... ११३
तालिका ४३: पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसम्बन्धी विवरण..... ११५
तालिका ४४: विभिन्न मुलुकसँग द्विपक्षीय संयन्त्रका बैठकहरूको विवरण ११७

तालिका ४५: द्विपक्षीय समझदारी/सम्झौताहरू सम्बन्धी विवरण १२१
तालिका ४६: कन्सुलर सेवा सम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१) १२५
तालिका ४७: राष्ट्रिय सतर्कता केन्द्रबाट सञ्चालित सुशासन प्रवर्धनसम्बन्धी क्रियाकलापको विवरण. १२९
तालिका ४८: हेलो सरकारमा प्राप्त गुनासोहरूको निकायगत फछ्र्यौटसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१) १३२
तालिका ४९: हेलो सरकारमा प्राप्त गुनासोको प्रकृतिअनुसारको फछ्र्यौटसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१) १३२
तालिका ५०: राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित मुद्दा र बिगोको विवरण १३४

परिच्छेद-१
प्रारम्भिक

१.१. पृष्ठभूमि

जनताको लामो राजनैतिक सङ्घर्षबाट देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक, जनउत्तरदायी र समावेशी शासन प्रणाली स्थापित भई संस्थागत भएको छ। संविधानमा निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको व्यवस्था गरिएको र ती राज्य सञ्चालनको मार्गनिर्देशनको रूपमा रहेका छन्। यिनै सिद्धान्त, नीति तथा दायित्वहरूको आधारमा देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न राज्यका सबै अङ्ग, निकाय तथा संस्थाहरू क्रियाशील रहेका छन्। यसै अनुरूप राज्यमा उपलब्ध स्रोत-साधनको महत्तम परिचालन गरी विकाससँग सम्बद्ध कार्यक्रमहरू कार्यान्वयन गरी राज्यका दायित्व पूरा गर्न नेपाल सरकार प्रतिबद्ध रहँदै आएको छ।

नेपाल सरकारले सम्पादन गरेका प्रमुख कार्यहरू र प्राप्त उपलब्धिहरूको वारेमा आमनागरिकलाई नियमित रूपमा जानकारी गराई उनीहरूलाई सरकारको कामको मूल्याङ्कन गर्ने मौका प्रदान गर्नु लोकतान्त्रिक सरकारको कर्तव्य हो। यसै अनुरूप नेपालको संविधानको धारा ५३ मा सरकारले गरेका काम र प्राप्त उपलब्धिसहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपतिसमक्ष पेश गर्ने र राष्ट्रपतिले सो प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेश गर्ने व्यवस्था गरिएको छ। त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ ले शासकीय सुधार र सुशासन कायम गर्न सरकारले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन प्रधानमन्त्रीले सङ्घीय संसद्समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। यसै संवैधानिक र कानूनी प्रावधान बमोजिम तयार गरिएको यो प्रतिवेदन नेपालको वर्तमान संविधान जारी भएपछिको नवौं हो।

१.२. उद्देश्य

संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका क्रममा नेपाल सरकारद्वारा आर्थिक वर्ष २०८०/८१ मा सम्पादित मुख्य-मुख्य कार्यहरू एवम् प्राप्त प्रमुख उपलब्धि तथा शासकीय सुधार र सुशासनका सम्बन्धमा गरिएका प्रगतिसम्बन्धी विवरण सङ्घीय संसद्समक्ष प्रस्तुत गरी सार्वभौम नेपाली जनताप्रति सरकारको उत्तरदायित्वको प्रवर्धन गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ।

१.३. प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा नेपाल सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादित प्रमुख नीतिगत, कानूनी, संस्थागत एवम् कार्यक्रमगत विषय र प्राप्त उपलब्धिहरू सङ्क्षिप्तमा समावेश गरिएका छन्। संविधानबमोजिम गठित संवैधानिक निकायहरूबाट सम्पादित कार्यहरूका सम्बन्धमा संविधानको धारा २९४ बमोजिम छुट्टाछुट्टै प्रतिवेदन पेश हुने संवैधानिक व्यवस्था भएको एवम् न्यायपालिका र

व्यवस्थापिकाबाट सम्पादित कार्यहरू सम्बन्धित निकायबाट नै प्रस्तुत हुने गरेकाले तत् तत् निकायबाट सम्पादित कार्य र उपलब्धिको सम्पूर्ण विवरण यस प्रतिवेदनमा समावेश गरिएको छैन।

१.४. प्रतिवेदन तयारी विधि

संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका सम्बन्धमा आर्थिक वर्ष २०८०/८१ मा सबै सङ्घीय मन्त्रालय र केन्द्रीय निकायहरूबाट सम्पादन भएका कार्यहरूको सम्बन्धमा प्राप्त प्रतिवेदन, सूचना,तथ्याङ्क तथा विवरणको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित निकायहरूसँग विभिन्न चरणमा अन्तरक्रिया गरी प्रयोग गरिएका तथ्य तथ्याङ्कको प्रामाणिकता र सान्दर्भिकता समेत यकिन गरिएको छ। प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा प्रतिवेदन निर्माण समितिको गठन गरिएको थियो। उक्त समितिका विभिन्न मितिमा बसेका वैठकहरूवाट प्रतिवेदनलाई परिमार्जन गर्दै अन्तिम रूप दिइएको छ।

१.५. प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद-१ मा प्रतिवेदनको पृष्ठभूमि, उद्देश्य, सीमा र विधि उल्लेख गरिएको छ। परिच्छेद-२ मा राज्यले अङ्गीकार गरेका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका लागि नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका मुख्य-मुख्य कार्य एवम् हासिल गरेका उपलब्धिको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ। त्यस्तै परिच्छेद-३ मा आर्थिक वर्ष २०८०/८१ मा शासकीय सुधारका क्षेत्रमा गरिएका प्रमुख कार्य र सोबाट प्राप्त उपलब्धि एवम् परिच्छेद-४ मा उपसंहार समावेश गरिएको छ।

परिच्छेद-२

निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन र प्राप्त उपलब्धि

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ। सोही भागअन्तर्गत धारा ५० र ५१ मा राज्यका चारवटा निर्देशक सिद्धान्त र तेह्र वटा नीतिहरूको व्यवस्था गरिएको छ। उक्त संवैधानिक व्यवस्थालाई सरकारले आवधिक नीति तथा योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटको तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा मार्गदर्शनका रूपमा अनुसरण गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा मार्गनिर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्ने क्रममा गरिएका प्रमुख कार्यहरू र प्राप्त उपलब्धिहरूको विवरण यस परिच्छेदमा उल्लेख गरिएको छ।

२.१. राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षाका सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (क) मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी विभिन्न सातवटा नीतिहरूको व्यवस्था गरिएको छ। यी नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.१.१. स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा

राष्ट्रिय सुरक्षा नीति,२०७५ र यसको प्रभावकारी कार्यान्वयनको लागि तयार गरिएको एकीकृत कार्ययोजना,२०७७ को कार्यान्वयनलाई निरन्तरता दिइएको छ। उक्त कार्ययोजनाले विभिन्न कार्यका लागि जिम्मेवार ठहऱ्याएका निकायहरूसँग प्रगति स्थितिका सम्बन्धमा निरन्तर संवाद भएको छ भने ती निकायहरूले नियमित रूपमा प्रगति विवरण तोकिएको निकायमा पेश गरेका छन्। सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गरी लागु गरिएको छ। नेपाल चीनको सीमाक्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकलाई सीमापार आवत-जावतका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्लाका अधिकारीले वितरण गर्ने प्रवेश पासलाई सुरक्षणयुक्त, प्रविधिमैत्री र प्रभावकारी बनाउन नयाँ आवागमन (Entry/Exit) पास प्रणाली लागु गरिएको छ। प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरूको कार्यविधि म्यानुअल, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम कैद कट्टालाई पीडितमैत्री, पारदर्शी र वस्तुनिष्ठ बनाउन फौजदारी कसुर (कैदकट्टा) नियमावली, २०७६ मा संशोधन भएको छ। सो अनुसार कैदकट्टाको प्रक्रिया अघि बढाइएको छ।भारत सरकारसँग जाली मुद्रा (Fake Currency Notes) र मानव वेचविखन (Trafficking in Person) नियन्त्रणका लागि द्विपक्षीय सम्झौताहरूको मस्यौदा तयार गरिएको छ ।

सीमाक्षेत्रमा वृद्धि हुँदै गरेको लागुऔषधहरूको अवैध कारोबार तथा ओसार-पसार नियन्त्रण गर्नको लागि सशस्त्र प्रहरी बल, नेपालको प्रस्तावित सीमा सुरक्षा गुल्म, काँकडभिट्टा, झापामा मिति २०८०/०६/२३ गतेदेखि तालिम प्राप्त दक्ष डग हेण्डलर एवं Drugs Detection र Arms and Explosive ट्रेडका १/१ वटा डगहरू सहित डग स्क्वाड स्थापना गरिएको छ ।अन्तर्राष्ट्रिय सीमा क्षेत्रको Rapid Response मार्फत स्थलगत रूपमा आवश्यकतानुसार प्राविधिक टोलीमार्फत निरीक्षण गरिएको छ भने चीनको बेइजिङमा आयोजना भएको नेपाल-चीन सीमा सम्बन्धी द्विपक्षीय संयन्त्र Joint Expert Group (JEG) को बैठक सम्पन्न भएको छ।मुलुकको प्रमुख प्रशासनिक केन्द्र, सिंहदरबारको प्रवेश व्यवस्थापनलाई थप सहज र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ QR Code सहितको सिंहदरबार गेट पास प्रणाली सञ्चालनमा ल्याइएको छ। राष्ट्रिय सुरक्षा र भौगोलिक अखण्डतालाई सुनिश्चित गर्न नेपाली सेनालाई थप सबल र सुदृढ बनाउने प्रयास भएको छ।

२.१.२. सार्वजनिक शान्ति सुरक्षा

सार्वजनिक शान्ति सुरक्षा कायम गर्ने, नागरिकको जीउधनको रक्षा गर्ने एवम् नागरिकहरूलाई सुरक्षित वातावरणमा जीवनयापन गर्न सघाउ पुग्ने वातावरणको सिर्जना गर्न सरकारले निरन्तर प्रयास गरिरहेको छ। यस सन्दर्भमा फौजदारी कसुर (कैदकट्टी) नियमावली, २०७६ को तेस्रो संशोधन स्वीकृत भई लागु भएको छ।

'मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समिति नेपाल' र गृह मन्त्रालयबीच भएको सहमति बमोजिम अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० गठन भएको र आयोगले मिटरब्याज समस्या समाधानका लागि कार्य गरिरहेको छ।

अतिक्रमित र गैरकानूनी प्रयोग गरिएको सरकारी तथा सार्वजनिक जग्गा फिर्ता गर्ने कार्य अघि बढाइएको छ। सो अन्तर्गत ६३३ विगाहा ७ कठ्ठा १३ धुर र ७४-१३-०-२ रोपनी सार्वजनिक तथा सरकारी जग्गा साबिककै अवस्थामा फिर्ता ल्याइएको छ। विभिन्न सुरक्षासँग सम्बद्ध निकायहरू र जनतासमेतको सहकार्यमा सार्वजनिक शान्तिसुरक्षा कायम गरिएको छ।

२.१.३. नागरिक र सुरक्षा निकायबीचको सम्बन्ध सहयोग र सहकार्य

नेपाली सेनाले ३ सय १९ जनाको हवाई खोज उद्धार गरेको छ। ७८ स्थानमा सञ्चालन गरिएको नेपाली सेनाको स्वास्थ्य शिविरबाट २४ हजार ६ सय ४९ जना लाभान्वित भएका छन्। २८ स्थानमा सञ्चालित सर्प दंश उपचार केन्द्रबाट २ हजार २ सय ८१ जनाले सेवा प्राप्त गरेका छन् भने १ सय ३१ स्थानमा १५ हजार ५ सय ५ जनाका लागि सचेतनामूलक कक्षा सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा अपरेशन, तालिम, उद्धार, चार्टर तथा राष्ट्रिय समारोहका लागि जम्मा १ हजार ३ सय ६४ घण्टा उडान भएको छ।

सफा हिमाल अभियान २०२४ सञ्चालन भई तीनवटा हिमालहरू (सगरमाथा, ल्होत्से र बरुन्चे) बाट कुहिने र नकुहिने गरी जम्मा ११ टन फोहोर, १ अस्थिपञ्जर र ४ मानव शव सङ्कलन गरिएको छ। "सीमाबासीसँग सशस्त्र प्रहरी" कार्यक्रम सञ्चालनमा रहेको छ। यस अन्तर्गत सहजीकरण समिति गठन गरी सीमाबासीहरूसँग अन्तरक्रिया, जनचेतनामूलक कार्यक्रम, वडाध्यक्षहरूसँग अन्तरक्रिया तथा सीमा सहजीकरण समितिको बैठक सम्पन्न भएका छन्। क्षेत्रीय ए.पी.एफ. स्कुल झलारी कञ्चनपुर स्थापना गरी पठन-पाठन सुचारु गरिएको छ।

"आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना, २०८१" स्वीकृत भई सार्वजनिक भएको छ। नेपाली सेनाको तर्फबाट ३ हजार ६ सय १८ जना स्थानीय व्यक्तिहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गरिएको छ। राष्ट्रिय सेवा दलबाट देशव्यापी रूपमा तालिम विस्तार गरी राष्ट्रसेवक युवा उत्पादन गर्ने उद्देश्य अनुरूप आर्थिक वर्ष २०८०/८१ मा ७ हजार ७ सय ४ जना क्याडेट छात्र/छात्रालाई तालिम प्रदान गरी हालसम्म कुल ७४ हजार ४ सय ८० जनालाई तालिम दिइएको छ ।

आर्थिक वर्ष २०८०/८१ को अन्त्य सम्ममा सैनिक कल्याणकारी कोषमा रू.८२ अर्ब ८८ करोड ७४ लाख ५६ हजार रहेको छ। उक्त कोषबाट हिताधिकारीहरूले प्राप्त गरिरहेको शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइएको छ।

नागरिकताका लागि वडा कार्यालयबाट लिनुपर्ने सिफारिस लगायतका कागजातहरू अनलाइन माध्यमबाट प्राप्त गर्न सकिनेगरी ६ सय १० वडामा विद्युतीय प्रणाली विकास गरी सञ्चालनमा ल्याइएको छ। यो सेवा क्रमशः सबै स्थानीय तह र सबै वडाहरूमा लागु गर्नेगरी कार्य अघि बढाइएको छ।

२.१.४. नेपाली सेनाको व्यावसायिकीकरण, आधुनिकीकरण र क्षमता विकास

मुलुकमा आइपर्ने विभिन्न विपद्जन्य घटनाहरूमा खोज तथा उद्धार कार्यमा नेपाली सेनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। साथै, संयुक्त राष्ट्र संघको आह्वानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति स्थापनार्थ नेपालले उल्लेख्य संख्यामा शान्ति सैनिकहरू खटाई अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि उच्च बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

नेपाली सेनालाई प्रदत्त संवैधानिक जिम्मेवारीअनुसार व्यावसायिकता कायम गर्न तथा सैनिक न्याय प्रणालीको विश्वव्यापी मान्यता र न्यायका सर्वमान्य सिद्धान्तअनुरूप समयानुकुल कानूनी व्यवस्था गर्न सैनिक ऐन, २०६३ संशोधनको लागि मस्यौदा तयार गरिएको छ। त्यस्तै राष्ट्रिय प्रतिरक्षा

विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

सैनिक तथा विकास निर्माण प्रयोजनको लागि आवश्यक गोलीगट्टा, विष्फोटक पदार्थ लगायत अन्य सैनिक सर-सामग्रीहरू स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजनाअनुरूप स्मल आर्मस एम्युनिशन, गोलीगट्ठा तथा नेपाली सेनालाई आवश्यक पर्ने पोसाक तथा इक्युपमेन्टहरू (मण्डी, एण्टीफङ्गल मोजा, वालक्याप, इनरभेष्ट ट्राउजर, जर्सी, किटब्याग, झुल, रुमाल, एक्रेलिक नेमट्याग, इम्ब्रोइडेड दर्ज्यानी चिह्न तथा नेमट्याग, टोपीको तारा, रिवन) स्वदेशमा नै उत्पादन गरिएको छ। नेपाली सेनाको आवश्यकताअनुसार ORIGINAL S.W.A.T. बुटको नियमित उत्पादन कार्य भइरहेको छ । साथै, अन्य प्रयोजनका जुत्ताहरू ग्याठ बुट, स्पोर्ट सुज तथा स्कुल सुजसमेत उत्पादन गर्ने योजना रहेको छ ।

नेपाली सेनाको क्षमता अभिवृद्धिका लागि आर्थिक वर्ष २०८०/८१ मा विभिन्न प्रकारका तालिमहरूबाट ४६ हजार २ सय ५६ जना र विदेशमा ९ सय ५ जना गरी कुल ४७ हजार १ सय ६१ जनाले प्रशिक्षण प्राप्त गरेका छन्। बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा जम्मा ६० वटा संरचनाहरू निर्माण सम्पन्न भै कुल ३ हजार ७ सय ८२ वटा संरचनाहरू निर्माण सम्पन्न गरिएका छन्। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक संरचनाहरू निर्माणको लागि रु. १ अर्ब ९८ करोडको स्रोत सुनिश्चितता तथा बहुवर्षीय ठेक्का सहमति प्राप्त भएसँगै ९ वटा भौतिक संरचनाहरू (Administration Block, Academy Building-A, Academy Building-B, Faculty Accommodation, Student Accommodation, VIP Accommodation, Central Mess, Medical Facilities and Gate & Information) को निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ ।

हाल विभिन्न ११ वटा मिसनहरूमा ५ हजार ९ सय १६ जना शान्ति सैनिकहरू कार्यरत रहनुका साथै फौज योगदान गर्ने देशको सूचीमा नेपाल पहिलो स्थानमा रहन सफल भएको छ। साथै, महिला सहभागिताको हिसाबले नेपाल पहिलो मुलुकमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा शान्ति सैनिकको मनोनयन, समन्वय, सहजीकरण गर्नुका साथै केही मिसनहरूको निरीक्षण अनुगमनसमेत गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा नेपाली सेनाको सैनिक अस्पतालहरूबाट ७ लाख ४३ हजार ६ सय १५ जना हिताधिकारीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ भने नेपाली सेनाद्वारा बाजुरा, खप्तड, दाङ, स्याङ्जा लगायत विभिन्न ३८ स्थानहरूमा सञ्चालन गरिएको स्वास्थ्य शिविर तथा मेडिकल क्याम्पबाट १३ हजार ४ सय ५२ जना लाभान्वित भएका छन् ।

२.१.५. कारागार व्यवस्थापन

केन्द्रीय कारागार नुवाकोटको दोस्रो चरणको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। पाँच सय जनाको क्षमता भएको बाँके जिल्लाको नौबस्तामा निर्माणाधीन खुला कारागारको निर्माण सम्पन्न भई २०८१ वैशाखबाट सञ्चालनमा आएको छ। उक्त कारागार भित्रै रहेको एउटा ब्लकमा १ सय २० जना क्षमता रहेको बाल सुधार गृहसमेत सञ्चालनमा रहेको छ। उपत्यकाभित्रका ३ वटा कारागारबाट ९ सय ३३ जना बन्दीहरूको स्वास्थ्य बीमा गरिएको छ। सम्पूर्ण बन्दीहरूको जैविक विवरण सहितको राष्ट्रिय परिचयपत्र बनाउने कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मार्फत भइरहेको छ।

फौजदारी कसूर (कैदकट्टी) नियमावली २०७६ को तेस्रो संशोधन स्वीकृत भई लागू भएको छ र सो बमोजिम कैदीबन्दीहरूको कैदकट्टीको लागि ६ सय १ जनाको छनौट भई कैद छुटको लागि सिफारिस हुने क्रममा रहेको छ।

२.१.६. अध्यागमन

अध्यागमन विभागबाट प्रदान हुने सेवाहरूलाई पूर्णरूपमा अनलाइन र कार्यालयको कार्य प्रक्रियालाई स्वचालित गरिएको (Office Automation) छ। विभागबाट लिइने सेवा शुल्क, भिसा शुल्क तथा जरिवानाहरू सबै नेपाली बैङ्कहरू, वालेट/मोबाइल बैङ्किङ्ग एपको QR तथा वालेट सेवा प्रदायक (Connect IPS, E-Sewa, Khalti) को खाताबाट अनलाइनमार्फत भुक्तानी गरी सेवा लिन सकिने व्यवस्था मिलाइएको छ। Restricted Area Trekking Permit - Trekking Agency Systemलाई स्वचालित प्रणालीमा लगिएको छ। ETA (Electronic Travel Authorization) लागु भएसँगै हस्तलिखित भिसा स्टिकर विस्थापन भएको छ। सेवाग्राहीले अनलाइनबाट भरेको आवेदनको अवस्था तथा भुक्तानीको विवरण अनलाइन प्रणालीमार्फत ट्र्याक गरी हेर्न सकिने व्यवस्था मिलाइएको छ। सबै अध्यागमन बिन्दु (पशुपतिनगर र हिल्सा बाहेक) बाट आगमन र प्रस्थान हुने यात्रुहरूको Biometric विवरण लिने व्यवस्था मिलाइएको छ। त्यस्तै हिल्सा, कोदारी र रसुवागढी अध्यागमन कार्यालयबाट पनि सेवा दिन सुरु गरिएको छ ।त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको आगमन र प्रस्थानतर्फ २/२ वटा डेस्क थप गरी सेवा सहज बनाइएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि अध्यागमन कार्यालय सञ्चालनमा ल्याइएको छ । राष्ट्रिय सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुऱ्याउन Immigration Intelligence को सुरुवात भएको छ । अध्यागमन आचार संहितालाई कार्यान्वयनमा ल्याई सो को निरन्तर अनुगमन गरिएको छ। नेपाल आगमन गर्ने यात्रुहरूको नेपाल आगमनलाई सहज बनाउन

त्रि.अ.वि.को आगमन कक्षतर्फ Immigration Help Desk स्थापना गरी सञ्चालनमा ल्याउनुका साथै राष्ट्रिय वाणिज्य बैंकसँग समन्वय गरी भिसा शुल्क लिने प्रक्रियालाई सहज बनाइएको छ।

२.१.७. राष्ट्रिय एकता प्रवर्धन

झापा जिल्लामा राजवंशी जातिको संस्थागत भवन निर्माण कार्य सम्पन्न भएको छ। आदिवासी जनजातिहरूको मातृभाषा संरक्षण र संवर्धनको लागि लोपोन्मुख राजी, मगर, दराई, मुगाल, सुनुवार जाति लगायतको भाषाहरूका वर्ण निर्धारण, शब्दकोश, व्याकरण निर्माण, मातृभाषा शिक्षा प्रवर्धन तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। विभिन्न १३ जातिहरूको अध्ययन गरी कृति, ग्रन्थ, साहित्यहरू प्रकाशन गरिएको छ। आदिवासी जनजातिको भाषा, लिपि, संस्कार, संस्कृति र आदिवासी जनजातिहरूको प्रथाजनित कानूनहरू सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न भएको छ।

संखुवासभा, झापा, लमजुङ, रोल्पा, रामेछाप र चितवन जिल्लाका विभिन्न आदिवासी जनजातिहरूको परम्परागत पेशा व्यवसाय प्रवर्धनसँग सम्बन्धित तालिमहरू सञ्चालन गरिएका छन्। राई, धिमाल, भोटे, राजी, थारु र मगर गरी ६ आदिवासी जनजातिहरूको मूर्त/अमूर्त संस्कृतिहरूलाई छायाङ्कन गरी वृत्तचित्र निर्माण कार्य सम्पन्न गरिएको छ। लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायहरूको माग र प्रस्तावनाको आधारमा ती समुदायहरूको सांस्कृतिक, सामाजिक उत्थान, सशक्तीकरण र विकासका लागि कार्यक्रमहरू सञ्चालन गरिएका छन्। लोपोन्मुख तथा अतिसीमान्तकृत २२ समुदायको संस्थागत विकासको लागि उनीहरूको कार्यालय सञ्चालन गर्न आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

नेपालको संविधानको धारा २८७ को उपधारा ७ मा भाषा आयोगले उपधारा(६) को खण्ड (क)बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नुपर्ने प्रावधान बमोजिम प्रतिवेदन तयार गरी पेश भएको छ। भाषा आयोग र दोलखा जिल्ला, कालिञ्चोक गाउँपालिकाको आपसी सम्झौता र सहकार्यमा स्थानीय थामी भाषाको एकीकृत पाठ्यक्रमअनुसार कक्षा १ देखि ८ सम्म र कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक तयार गरिएको छ।

नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने समुदायहरू छन्त्याल, भुजेल र खामभाषीहरूको प्रचलित र विकसित संस्कृतिको खोज, संरक्षण, संवर्धन, छायाङ्कन कार्य सम्पन्न गरी अभिलेख तयार भएको छ। छायाङ्कन,रेकर्डिङ एवं बायोग्राफी निर्माण कार्यबाट परम्परागत रैथाने सङ्गीतका साधन, रैथाने लोकबाजा, पहाडी भेगका तीन समुदाय एवं गुरुङ्ग संस्कृतिको अभिलेखीकरण भएको छ।

गणतन्त्र दिवसका अवसरमा राष्ट्र, राष्ट्रियता र गणतन्त्रलाई सहयोग पुग्नेगरी राष्ट्रिय गीत लेखन प्रतियोगिता कार्यक्रमको आयोजना गरी सातै प्रदेशका एक एक उत्कृष्ट गीतहरूको छनौट गरी पुरस्कृत गरिएको छ। सातै प्रदेशको प्रतिनिधित्व हुनेगरी राष्ट्रिय लोकगीत प्रस्तुति कार्यक्रम

काठमाडौंमा सम्पन्न भएको छ। रेडियो नेपालबाट समावेशी कार्यक्रम अन्तर्गत बज्जिका, राजवंशी, बैतडेली भाषामा समाचार र कार्यक्रम प्रसारण सुरू भएको छ।

पूर्व कर्मचारी, सैनिक, प्रहरी लगायत पूर्व कर्मचारीमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा प्रयोग गर्ने नीति अन्तर्गत पूर्व निजामती कर्मचारी सेवा परिषद्मार्फत विभिन्न कार्यक्रम गरिएको छ। साथै, सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीको ज्ञान, सीप र अनुभवको राष्ट्रहितमा उपयोग गर्ने राष्ट्रिय नीतिको मस्यौदा तयार भएको छ।

नेपाली सेनाबाट आर्थिक वर्ष २०८०/८१ मा अवकाश प्राप्त १ सय ७७ जनालाई कल्याणकारी कोषअन्तर्गत सञ्चालित विभिन्न निकायहरूमा रोजगारीको अवसर सृजना गरी रोजगारी उपलब्ध गराइएको छ। यस आर्थिक वर्षमा अवकाश प्राप्त १६ जना प्राविधिक तथा अन्य जनशक्तिलाई कल्याणकारी कोष अन्तर्गतबाट श्री वीरेन्द्र अस्पतालको विभिन्न विभागमा रोजगारी उपलब्ध गराइएको छ। त्यस्तै नेपाली सेनाबाट अवकाश भई जाने हिताधिकारीहरूको बृहत्तर हितको उद्देश्य अनुरूप यसै अवधिमा नेपाली सेना व्यावसायिक तालिम केन्द्रमा ९ सय ८० जनालाई विभिन्न सिपमूलक तालिम प्रदान गरिएको छ। नेपाली सेनाको विभिन्न शिक्षण संस्थामा सञ्चालन भएका तालिमहरूमा विभिन्न विषयको विज्ञका रूपमा अवकाश प्राप्त रथीवृन्द तथा अधिकृतको दक्षताको उपयोग भएको छ। यसका साथै, राष्ट्रिय सेवादलको कार्यकारी महानिर्देशक र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार निर्माण विकास समितिको अध्यक्षको रूपमा समेत अवकाश प्राप्त रथीवृन्दहरू कार्यरत रहनु भएको छ। नेपाल सरकार र नेपाली सेनाबाट विभिन्न समयमा सञ्चालन भएका जनहितका कार्यहरूका बारेमा जनस्तरसम्म जानकारी गराउन हिताधिकारी कल्याण केन्द्र मार्फत भूतपूर्व सैनिकहरूलाई प्रभावकारी रूपमा परिचालन गरिएको छ ।

२.२. राजनीतिक तथा शासन व्यवस्था सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१को खण्ड (ख) मा व्यवस्था गरिएका राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी छ वटा नीतिहरूको कार्यान्वयन गर्न गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.२.१. मानव अधिकार संरक्षण

संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकायमा नियमित रूपमा प्रतिवेदन पेश गरिएको छ। संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापना कार्यको लागि विभिन्न शान्ति मिसनहरूमा खटिने सैनिक पर्यवेक्षक तथा विभिन्न स्टाफ अधिकृतहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। नेपाली सेनाका (स्वदेश तथा विदेश) मा कार्यरत सकलदर्जालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयमा दक्षता अभिवृद्धिका लागि जानकारीमूलक कक्षाहरू सञ्चालन गरिँदै आएको छ। राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसलाई प्राथमिकता साथ कार्यान्वयन गरिएको छ भने विकासका क्रियाकलापहरू सञ्चालन गर्दा नागरिक अधिकारको सुनिश्चितता गर्न उच्च प्राथमिकता दिइएको छ ।

२.२.२. वित्तीय सङ्घीयताको कार्यान्वयन

संविधान तथा कानूनको अधीनमा रहेर सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। त्यस्तै, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा तथा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई र प्रदेश सरकारले स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको रकम समेत निर्धारण गरी सिफारिस गरिएको छ। सशर्त अनुदानको आधार तय गरिनुका साथै तीनवटै तहका सरकारले वार्षिक रूपमा लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमासमेत निर्धारण गरी सिफारिस गरिएको छ। साथै, प्रदेश तथा स्थानीय सरकारको एकल अधिकारको सूचीमा रहेको सवारी साधन करको प्रशासन प्रदेशले गर्ने र सङ्कलित कर रकमलाई प्रदेश तथा सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँट गर्ने कानुनी व्यवस्था भएअनुरूप त्यस्तो करलाई प्रदेशभित्रका स्थानीय सरकारहरूबीच बाँडफाँटको हिस्सा निर्धारण गरी सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने कार्यसमेत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्दै आएको छ।

आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घीय सञ्चित कोषबाट हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सातवटा प्रदेश सरकारका लागि रु ६० अर्ब र ७ सय ५३ स्थानीय सरकारका लागि रु ८८ अर्ब सहित कुल जम्मा रु. १ खर्ब ४८ अर्ब सिफारिस गरिएको छ। नेपाल सरकारबाट प्रदेश

र स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधारहरू सिफारिस भएको छ। यसको अतिरिक्त, प्राकृतिक स्रोत (पर्वतारोहण, वन, विद्युत्, खानी तथा खनिज र दूरसञ्चार फ्रिक्वेन्सी) को परिचालनबाट सङ्कलित रोयल्टीको सम्बन्धित प्रदेश सरकार तथा स्थानीय सरकारबीच बाँडफाँट सम्बन्धी सिफारिस तथा प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान, प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधारसमेत सिफारिस गरिएको छ। त्यस्तै, प्रदेश सरकारको लागि प्रदेश र स्थानीय सरकारबीच सङ्कलित सवारी साधन करको बाँडफाँटको आधार र ढाँचासहित पाउने हिस्सा सिफारिस भएको छ।

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतमा नबढ्ने गरी र प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म कुल गार्हस्थ्य उत्पादनको थप ०.५ प्रतिशत नेपाल सरकारले आन्तरिक ऋण उठाउन सक्नेगरी आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस भएको छ।

त्यसैगरी, प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्नेगरी आन्तरिक ऋण उठाउन र स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेगरी सीमा सिफारिस भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा संघीय विभाज्य कोषमा जम्मा भएको रु. ३ खर्व ८० करोड ८१ लाख ८८ हजार राजस्वमध्ये प्रदेश तथा स्थानीय तह विभाज्य कोषमा रु. ५७ अर्ब १२ करोड २८ लाखका दरले राजस्व बाँडफाँट अन्तर्गतको रकम हस्तान्तरण गरिएको छ। (तालिका १)

आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारबाट प्रदेश सरकारका लागि रु. ४३ अर्ब ४७ करोड ८५ लाख र स्थानीय सरकारका लागि रु ८१ अर्ब २१ करोड ९७ लाख सहित कुल रु १ खर्ब २४ अर्व ६९ करोड ८२ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको छ। (तालिका २) त्यस्तै, नेपाल सरकारबाट प्रदेश सरकारको लागि रु. २७ अर्ब ७ करोड ९१ लाख र स्थानीय सरकारका लागि रु.१ अर्ब ७३ करोड, ६८ लाख ५० हजार गरी कुल रु. २ खर्ब ७६ लाख ४१ हजार सशर्त अनुदान हस्तान्तरण भएको छ । (तालिका ३)

आर्थिक वर्ष २०८०/८१ मा विशेष अनुदानतर्फ प्रदेश अन्तर्गतका ६४ आयोजनाका लागि रु ४ अर्ब ४५ करोड ७९ लाख र स्थानीय तर्फ रहेका ९ सय २८ आयोजनाका लागि रु ८ अर्ब ७२ करोड ६९ लाख विनियोजन भई करिव रु.१३ अर्व १८ करोड विनियोजन भएको छ। त्यस्तै, समपूरकतर्फ प्रदेशअन्तर्गत आयोजना संख्या ७६ रहेको र आवश्यक रकम रु ६ अर्ब २२ करोड १६ लाख विनियोजन भएको छ भने स्थानीय तर्फ ९ सय ३२ आयोजनाको लागि रु ७ अर्ब ४ करोड ५७ लाख गरी करिब १३ अर्व २६ करोड विनियोजन भएको छ।

सङ्घीय विभाज्य कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहमा भएको राजस्व बाँडफाँट सम्बन्धी थप विवरण तालिका १ मा दिइएकोछ।

तालिका १: सङ्घीय विभाज्य कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहमा भएको राजस्व बाँडफाँट

(रु. लाखमा)

क्र.सं.	आर्थिक वर्ष	संघीय विभाज्य कोषमा जम्मा भएको रकम	प्रदेश विभाज्य कोषमा हस्तान्तरण भएको रकम	स्थानीय विभाज्य कोषमा हस्तान्तरण भएको रकम
१.	२०७८/७९	२,७६,६८,६९	५९,२९,००	५९,२९,००
२.	२०७९/८०	२,५१,२०,१३	५३,८२,८९	५३,८२,८९
३.	२०८०/८१	३,८०,८१,८८	५७,१२,२८	५७,१२,२८

स्रोतः राष्ट्रिय प्राकृतिक त स्रोत तथा वित्त आयोग

प्रदेश र स्थानीय तहमा भएको समानीकरण अनुदानको हस्तान्तरण सम्बन्धी थप विवरण तालिका २ मा दिइएको छ।

तालिका २: आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहमा भएको समानीकरण अनुदानको हस्तान्तरण

(रु. लाखमा)

क्र.सं.	आर्थिक वर्ष	तह	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट नेपाल सरकारलाई गरिएको सिफारिस	नेपाल सरकारबाट गरिएको बजेट विनियोजन	नेपाल सरकारबाट भएको हस्तान्तरण
१	२०७८/७९	प्रदेश	५७,९५,४८	५७,९५,४८	५७,९५,४८

		स्थानीय	९४,५५,७८	९४,५५,७८	५७,९६,४८
२	२०७९/८०	प्रदेश	६१,४३,२१	६१,४३,२१	५३,७५,३१
		स्थानीय	१,००,२३,१३	१,००,२३,१३	९२,६९,८३
३	२०८०/८१	प्रदेश	५८,६६,७५	५८,६६,७५	४३,४७,८५
		स्थानीय	८७,३५,२९	८७,३५,२९	८१,२१,९७

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा भएको सशर्त अनुदानको हस्तान्तरणसम्बन्धी थप विवरण तालिका ३ मा दिइएको छ।

तालिका ३: आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहमा भएको सशर्त अनुदानको हस्तान्तरण

(रु.लाखमा)

क्र.सं.	आर्थिक वर्ष	तह	विनियोजित बजेट रकम	नेपाल सरकारबाट भएको हस्तान्तरण
१	२०७८/७९	प्रदेश	३५,८७,३१	४२,९६,१७
		स्थानीय	१,७३,४९,८५	१,९१,७१,१७
२	२०७९/८०	प्रदेश	५७,१६,८२	३४,२९,९७
		स्थानीय	१,८३,७२,६३	१,९३,२७,४७
३	२०८०/८१	प्रदेश	३५,७१,९८	२७,०७,९१
		स्थानीय	१,९१,८९,४७	१,७३,६८,५०

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

प्रदेश तथा स्थानीय सरकारमा बाँडफाँट हुने सवारी साधन करको बाँडफाँट सम्बन्धी थप विवरण तालिका ४ मा दिइएको छ।

तालिका ४: सवारी साधन करको बाँडफाँट सम्बन्धी विवरण

(रु. लाखमा)

क्र.सं.	आर्थिक वर्ष	बाँडफाँट रकम	
		प्रदेश	स्थानीय तह

१	२०७८/७९	१०,५५,९३	७,०३,९५
२	२०७९/८०	१०,८६,६८	७,२४,४५
३	२०८०/८१	११,६५,६४	७,७७,०९

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई प्राप्त हुने प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी थप विवरण तालिका ५ मा दिइएको छ ।

तालिका ५: प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटसम्बन्धी विवरण

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	प्रदेश सरकारले प्राप्त गरेको रोयल्टी	स्थानीय सरकारले प्राप्त गरेको रोयल्टी
१	२०७८/७९	१,४३,०६,९८	१,४३,०६,९८
२	२०७९/८०	१,४५,३२,९८	१,४५,३२,९८
३	२०८०/८१	*	*

स्रोतः राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग

*राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले हरेक वर्ष प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय तहमा वाँडफाँटको लागि हिस्सा सिफारिस गर्ने गरेको छ। तथापि नेपाल सरकारले हरेक आर्थिक वर्षमा सङ्कलन भएको रोयल्टी आगामी आर्थिक वर्षको दोस्रो त्रैमासिकमा मात्रै वितरण गर्ने गरेको छ।

२.२.३. सङ्गठन व्यवस्थापन तथा क्षमता विकास

निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० र सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सङ्घीय संसदमा दर्ता भै छलफलको क्रममा रहेको छ।

स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सङ्घीयता कार्यान्वयन सहजीकरणको विषयमा स्थानीय तहको उपलब्धिलाई एकीकृत गर्नेगरी स्थानीय तहको प्रगति अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहको प्रगति अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको छ। स्थानीय तहबाट स्वमूल्याङ्कन गरी प्रकाशित भएको आर्थिक वर्ष २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतीजाको गुणस्तर परीक्षण संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयबाट सम्पन्न भएको छ। त्यस्तै, अमरगढी नगरपालिकालगायत १५ स्थानीय तहमा स्थलगत रूपमा कार्यसम्पादन सहजीकरण गर्नुका साथै १ सय २५ स्थानीय तहमा मध्यमकालीन खर्च संरचना (MTEF) सम्बन्धी परीक्षण तथा सहजीकरण गर्ने कार्य सम्पन्न भएको छ। स्थानीय तह सञ्चालनमा थप स्पष्टता ल्याउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन मस्यौदा तयार गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत १२ वटा निकायको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। सो बमोजिम आर्थिक वर्ष २०८०/८१ को सुरुमा कुल सङ्घीय दरवन्दी ५३ हजार ३ सय ८२ भएकोमा १ हजार ८ सय ४६ दरबन्दी कटौती भई ५१ हजार ५ सय ३६ दरबन्दी कायम भएको छ। विभिन्न १६ सङ्घीय निकायको आर्थिक वर्ष २०७९/८० को व्यवस्थापन परीक्षण सम्पन्न गरिएको छ। विभिन्न जिल्लास्थित १६ सङ्घीय कार्यालयहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको छ। निजामती कर्मचारीका ७ सय ५४ जना सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराइएको छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सरकारी एवम् सार्वजनिक निकायका २ हजार ३ सय ५४ अधिकृत र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट अधिकृत तथा सहायकस्तरका ७ सय ७७ जना कर्मचारीलाई लामो र छोटो अवधिको प्रशिक्षण प्रदान गरिएको छ। नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासनसम्बन्धी ११ वटा अध्ययन अनुसन्धान कार्य सम्पन्न भएको छ।

२.२.४. सङ्घीयता सुदृढीकरण तथा स्थानीय विकास

सङ्घीयता कार्यान्वयनको सन्दर्भमा प्रचलित कानूनद्वारा स्थापित उच्चस्तरीय संयन्त्रहरू क्रियाशील रहेका छन्। सङ्घीय मन्त्रीहरूको नेतृत्वमा रहेका विषयगत समितिका बैठकहरू नियमित रूपमा बसी प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा देखिएका समस्याहरू समाधानमा सहजीकरण गरिएको छ। सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित केही विधेयकहरू संसदमा विचाराधीन रहेका छन् भने केही विधेयकहरू तर्जुमाको क्रममा रहेका छन्। यसै अवधिमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८ परिमार्जन गरिएको छ। नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ परिमार्जन गर्ने प्रयोजनका लागि सुझावसहित प्रतिवेदन तयार गरिएको छ। स्थानीय तहको प्रगति अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। ७५३ वटै स्थानीय तह र जिल्ला समन्वय समितिका लागि अभिमुखीकरण तालिम सम्पन्न गरिएको छ।

स्थानीय तहको स्रोत परिचालनसम्बन्धी ७ वटा, स्थानीय आर्थिक विकास सूचकाङ्क सम्बन्धी ८ वटा र वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी ४ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। ७४९ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षणको कार्य सम्पन्न गरिएको छ। स्थानीय तहको लागि जग्गा प्राप्तिसम्बन्धी र साबिकका जिल्ला विकास समितिका सेवानिवृत्त कर्मचारीको सेवा सुविधा प्राप्तिसम्बन्धी कार्यसञ्चालन मापदण्ड (SOP) तथा स्थानीय तह क्षमता विकास योजना तर्जुमा दिग्दर्शन तयार गरिएको छ । स्थानीय तहमा गठन हुने लेखा समिति, विधायन समिति र सुशासन समितिका पदाधिकारीहरूको क्षमता विकास तालिम मोड्युल तयार गरिएको छ। स्थानीय तहको आवधिक योजना तर्जुमासम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण (MToT) सम्पन्न भएको र प्रदेश तथा स्थानीय तहका लागि सञ्चालन भएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गरिएको छ। स्थानीय तहका विधायन समितिका पदाधिकारीहरूको क्षमता विकासमा सहजीकरणका लागि स्रोतसामग्री तयार गरिएको छ।

पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका परिमार्जन गरिएको छ। आठ वटा बहुक्षेत्रीय पोषण कार्यक्रमसम्बन्धी जिल्लास्तरीय अभिमुखीकरण सम्पन्न गरिएको छ। त्यस्तै १२ वटा पोषण सहजकर्ताको तालिम र प्रदेशगत समीक्षा सम्पन्न भएको छ। पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण सम्वन्धी ३ वटा कार्यक्रम सम्पन्न भएको छ ।

स्थानीय पूर्वाधार विकासमा सामाजिक न्याय ल्याउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८०/८१ को लागि २१ जिल्लाका १ सय ६९ स्थानीय तहमा २७९ आयोजना सञ्चालनको लागि ६९ करोड ६५ लाख बजेट उपलब्ध गराइएको छ। प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम अन्तर्गत सातै प्रदेशमा असल अभ्यास आदान-प्रदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। जिल्ला समन्वय समितिको वेबसाइट तथा अनुगमन प्रणालीबारे प्रशिक्षण (ToT) कार्यक्रम सम्पन्न भएको छ।

नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत भएको छ। सातवटै प्रदेशका २ नगरपालिका र २ गाउँपालिकाका दरले २८ स्थानीय तहमा स्थानीय तह सञ्चालन तथा व्यवस्थापन विषयक अनुसन्धान कार्य सम्पन्न गरिएको छ।

पूर्वाधार निर्माणमा प्राविधिक सहयोग एवम् सबलीकरण गर्नेगरी लुम्विनी र कर्णाली प्रदेशमा थालनी गरिएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यक्रम कार्यान्वयनको लागि संरचनात्मक व्यवस्था गरी आर्थिक वर्ष २०८१/८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयन हुने स्थानीय तह छनौट गर्ने कार्य सम्पन्न भएको छ।

२.२.५. आमसञ्चार

राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ जारी भएको छ। आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा तयार भएको छ। राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८०; विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८०; अतिरिक्त हुलाक (पाचौं संशोधन) नियमावली, २०८० तथा अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली), २०८० जारी भएका छन्। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। नेपालमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग एवम् अभ्याससम्बन्धी अवधारणापत्र स्वीकृत भएको छ। कृत्रिम बौद्धिकता (Artificial Intelligence) नीति तर्जुमा गर्नको लागि समिति गठन भई कार्य प्रारम्भ भएको छ। युट्युब च्यानलको व्यवस्थापन सूचीकरण तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

रेडियो नेपालबाट हालसम्म ३३ स्थानमा एफ.एम. रिले प्रसारण केन्द्र स्थापना भएका छन्। सातै प्रदेशमा स्थलगत रूपमा गई स्थानीय बहसमा आधारित ३३ वटा प्रमुख पहिचानका (flagship) कार्यक्रम प्रसारण गरिएको छ। सञ्चारग्राम विराटनगरमा इ-लाइब्रेरी स्थापना भै आम सरोकारवालाका लागि खुल्ला गरिएको छ। रेडियो नेपालका ६ हजार ५ सय ८० वटा अडियो कण्टेण्ट सहित, हालसम्म ५२ हजार ९ सय ३८ वटा अडियो कण्टेण्ट डिजिटाइज्ड भएका छन्। हालसम्म ६८ वर्षको गोरखापत्र दैनिक, ३८ वर्षको दि राइजिङ नेपाल, ४६ वर्षको मधुपर्क मासिक, ४७ वर्षको गोरखापत्र दैनिक शनिवासरीया परिशिष्टाङ्कको सूचीकरण भई डिजिटाइजेशन कार्य सम्पन्न भएको छ। गोरखापत्र दैनिकमा ४३ समावेशी भाषाहरूमा लेखरचना प्रकाशन भइरहेका छन्।

नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट विभिन्न १० तथा प्रादेशिक च्यानलहरूबाट ४ मातृ भाषाभाषिका साप्ताहिक कार्यक्रमहरू उत्पादन तथा प्रसारण गरिएको छ। नेपाल टेलिभिजनबाट समावेशी समाचार अन्तर्गत विभिन्न ६ मातृभाषामा समाचार बुलेटिनहरू नियमित रूपमा उत्पादन एवम् प्रसारण भइरहेको छ। राष्ट्रिय समाचार समिति (रासस) ले अवधी भाषामा समाचार सेवा प्रारम्भ गरेको छ। फायल ट्रान्सफर प्रोटोकल (FTP) मार्फत राससको श्रव्यदृश्य (भिडियो) सेवा सम्प्रेषण सुरु भएको छ। राष्ट्रिय समाचार समिति (रासस) र कतार न्युज एजेन्सी (क्युएनए) बीच समाचार सामग्री आदानप्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। राससद्वारा 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकमा एक महिनासम्म तस्वीर प्रदर्शनी भएको छ।

सूचना तथा प्रसारण विभागबाट १ हजार ५ सय ९१ नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी र ३ हजार ५ सय २३ वटा प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण भएका छन्। नयाँ दर्ता ५ सय ५६ समेत हालसम्म ४ हजार ६ सय ३२ अनलाइन सञ्चारमाध्यम सूचना तथा प्रसारण विभागमा दर्ता

भएका छन्। पत्रकार आचारसंहितातर्फ ४ सय १३ वटा उजुरी/गुनासो प्रेस काउन्सिलमा दर्ता भएकोमा २ सय ५९ वटा फछ्र्यौट भएका छन्। प्रेस काउन्सिल नेपालद्वारा पत्रकार आचारसंहिता तामाङ, राई वान्तवा र लिम्बु भाषामा अनुवाद गरी प्रकाशन भएको छ। डिजिटल माध्यम तथा सामाजिक सञ्जालमा हुने विज्ञापनको नियमन सम्बन्धमा सरोकारवालाहरूसँग अभिमुखीकरण तथा प्रदेश र स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम गरिएको छ।

२.३. सामाजिक तथा सांस्कृतिक रूपान्तरण सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्यहरू र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ग) मा व्यवस्था गरिएको सामाजिक तथा सांस्कृतिक रूपान्तरणसम्बन्धी सातवटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन् ।

२.३.१. विश्व सम्पदास्थलहरूको संरक्षण

आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा उल्लेख भएवमोजिम तिलौराकोट पुरातात्त्विक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न वैज्ञानिक अध्ययनबाट मनोनयन दस्ताबेज तयार गरिएको र Nomination Dossier युनेस्कोको सचिवालय पेरिसमा पेश गरिएको छ। यस आर्थिक वर्षसम्ममा पशुपति क्षेत्र विकास कोषको भौतिक प्रगति ८२ प्रतिशत रहेको छ भने लुम्विनी विकास कोषको भौतिक प्रगति ८८ प्रतिशत रहेको छ।

लुम्बिनी गुरुयोजनाको पहिलो चरणको बाँकी कार्यमध्ये पूर्वी विहार क्षेत्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य ६५ प्रतिशत तथा पश्चिमी विहार क्षेत्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको छ। नयाँ लुम्बिनी ग्राममा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य ५५ प्रतिशत पूरा भएको छ। गुरुयोजनाको सांस्कृतिक केन्द्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य र गुरूयोजना क्षेत्रमा विद्युतीकरण गर्ने कार्य ८५ प्रतिशत सम्पन्न भएको छ। सग्रहवा र सिसहनीयामा सुरक्षा पर्खाल निर्माण, तिलौराकोट र कुदानमा काठबाट निर्मित फुटपाथ निर्माण गर्ने कार्यहरू सम्पन्न भएका छन्।

मकवानपुरगढीको संरक्षण कार्य करिब ८५ प्रतिशत सम्पन्न भएको छ । पुरातात्त्विक स्थल संरक्षण आयोजना अन्तर्गत निरन्तर कार्य भइरहेका मध्ये आर्थिक वर्ष २०८०/८१ मा ४० वटा सम्पदाहरूको संरक्षण कार्य सम्पन्न भएको छ ।कपिलवस्तुका पुरातात्त्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा पुरातात्त्विक उत्खनन तथा संरक्षण कार्य सम्पन्न भएको छ।

२.३.२. भूकम्पबाट क्षतिग्रस्त पुरातात्त्विक सम्पदाहरूको पुनर्निर्माण

आर्थिक वर्ष २०८०/८१ मा भूकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण कार्यमध्ये २७ वटा सम्पदाहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। विक्रम संवत् २०७२ मा गएको विनाशकारी भूकम्पको कारणले क्षतिग्रस्त पुरातात्त्विक सम्पदाहरूमध्ये हालसम्म देशका विभिन्न स्थानहरूमा रहेका ७ सय ८८ वटा सम्पदाहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक र दोलखा लगायतका जिल्लाहरूमा १३ वटा गुम्वाको पुनः निर्माण कार्य सम्पन्न गरिएको छ। पशुपति क्षेत्रको विश्वरूप मन्दिर पुनर्निर्माणको ७० प्रतिशत कार्य सम्पन्न भएको छ।

२.३.३. पुरातात्त्विक क्षेत्रको उत्खनन, अन्वेषण र अध्ययन-अनुसन्धान

मोरङ्गको भेडीआरी र झापाको किचकवध उत्खनन र संरक्षण कार्य सम्पन्न भएको छ। दार्चुलाको उकुका भग्नावशेषहरूको र मुस्ताङ्गका गुफाहरूको अध्ययन गरी Inventory तयार गर्ने कार्य भइरहेको छ। कपिलवस्तुका पुरातात्त्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा पूरातात्त्विक उत्खनन् तथा संरक्षण कार्य सम्पन्न भएको छ। कोशी प्रदेशमा प्रचलित दुई नृत्यहरूको अध्ययन अभिलेखीकरण कार्य तथा लोपोन्मुख राजी जातिको अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन र अभिलेखीकरण कार्य सम्पन्न भएको छ। नेपालको उत्तरी क्षेत्रमा प्रचलित हिमालयन बुद्धिजम बारेमा गरिएको अध्ययनको प्रतिवेदन प्राप्त भएको छ।

२.३.४. अभिलेख संरक्षण

राष्ट्रिय महत्त्वका ऐतिहासिक अभिलेखहरूको भौतिक संरक्षण, सूचीकरण एवम् डिजिटाइजेशन अन्तर्गत ६ लाख पृष्ठको सङ्कलित माइक्रोफिल्म लगायत अन्य अभिलेखहरूको स्क्यानिङ, प्रतिलिपि उत्पादन तथा डिजिटाइजेशन गर्ने कार्य सम्पन्न गरिएको छ। त्यस्तै, ५० हजार पृष्ठ अभिलेखहरूको वैज्ञानिक प्रविधिबाट रासायनिक तथा भौतिक संरक्षण, सूचीकरण एवम् व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ।

२.३.५. कला साहित्य र संस्कृतिको संरक्षण तथा विकास

संस्कृति (अभौतिक संस्कृति सम्पदा सम्वन्धी) ऐनको मस्यौदा तर्जुमा गरिएको छ। संस्कृति नीतिको मस्यौदालाई अन्तिम रूप दिइएको छ। तिलौराकोट पुरातात्त्विक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न वैज्ञानिक अध्ययन गरी मनोनयन दस्ताबेज तयार र सन् २०२४ भित्र युनेस्कोमा पेश गर्ने कार्य सम्पन्न भएको छ। खुला सांस्कृतिक संग्रहालय र जीवन्त संग्रहालयको कार्यविधि/मापदण्ड तयार भएको छ।

सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा "नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कार—२०८०" तथा सङ्गीत, लोक सङ्गीत, नाटक, परम्परागत तथा शास्त्रीय सङ्गीत, रङ्गमञ्च र नृत्य विधाका ६ जना

वरिष्ट स्रष्टा/कलाकारहरूलाई पुरस्कार प्रदान गरिएको छ। कर्णाली प्रदेशको वीरेन्द्रनगर, सुर्खेतमा लोक तथा शास्त्रीय नृत्य प्रशिक्षण सञ्चालन गरिएको छ। गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको पाल्पा, कोशी प्रदेशको काँकडभिट्टा र कर्णाली प्रदेशको सिंजा, जुम्लामा नाटक प्रशिक्षण सञ्चालन गरिएको छ। साथै, लुम्बिनी प्रदेशको बाँके र बर्दियामा लोकगीत प्रशिक्षण सञ्चालन गरिएको छ।

परम्परागत रैथाने सङ्गीतका साधन- रैथाने लोक बाजा सारङ्गीको छायाङ्कन तथा रेकर्डिङ्ग कार्य कोशी प्रदेशको झापा र गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको छ। बागमती प्रदेशको काभ्रे जिल्लाको अनेकोटमा सहादत प्राप्त गर्नु भएका सात जना महान शहीदहरूको सम्झनामा बायोग्राफीको निर्माण कार्य सम्पन्न भएको छ। नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने समुदायहरू छन्त्याल, भुजेल र खामभाषीहरूको प्रचलित र विकसित संस्कृतिको खोज, संरक्षण, संवर्धन छायाङ्कन कार्य सम्पन्न गरी अभिलेख तयार भएको छ। गण्डकी प्रदेशमा प्राचीन मौलिक संस्कृतिको धनी गुरुङ्ग समुदायमा आधारित लोपोन्मुख अवस्थामा रहेका मौलिक गीत सङ्गीतको सङ्कलन तथा रेकर्डिङ्ग कार्य कास्कीको पुङ्दीभुङ्दीमा सम्पन्न भएको छ।

शास्त्रीय रागहरू एवं नृत्यको प्रस्तुति गरी शास्त्रीय सङ्गीत उत्सव कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ। धिमाल जातिको संस्कृति/परम्परासँग सम्वन्धित जन्मदेखि मृत्युसम्म गरिने संस्कार (सिई) परम्परासँग सम्बन्धित रही मोरङ्गको उर्लाबारीमा प्रस्तुतिमूलक कार्यक्रम सम्पन्न भएको छ। गण्डकी प्रदेशको पोखरामा शास्त्रीय सङ्गीत प्रस्तुति कार्यक्रम आयोजना गरिएको छ। नेपाली समाजमा प्रचलित नौमती बाजाको ऐतिहासिकता सहितको "नौमतीमा नौ राग" कार्यक्रम काठमाडौंमा आयोजना गरिएको छ।

लोकवार्ता परिषद्, नेपालको पर्वत, बागलुङ र म्याग्दी जिल्लामा हुने १२ औं राष्ट्रिय सङ्गोष्ठी सम्मेलनमा सहकार्य गरिएको छ। शैली थिएटर, काठमाडौंले घोराही उपमहानगरपालिका, दाङमा आयोजना गरेको एक हप्ते नाट्य कार्यशालामा सहकार्य गरिएको छ। श्री भारती माध्यमिक विद्यालय, पाखीबास-१०, धनकुटा कोशी प्रदेशले विद्यालयमा सङ्गीत नाट्य विधाका शैक्षिक र भौतिक पूर्वाधार स्थापना गर्ने कार्यका लागि सहकार्य गरिएको छ। सांस्कृतिक समाज, नेपालले आयोजना गरेको स्रष्टा अभिनन्दन तथा देउडा सांस्कृतिक साँझ २०८० मा सहकार्य गरिएको छ। राष्ट्रिय लोक सांस्कृतिक प्रतिष्ठान नेपाल, अत्तरिया, कैलालीसँग दुई दिने लोपोन्मुख हुड्के नृत्य तथा लोक संस्कृतिसम्बन्धी कार्यशाला-२०८० आयोजनामा सहकार्य गरिएको छ। नेपाल नाट्य प्रतिष्ठानसँग बालकृष्ण समको १२१ औं जन्मजयन्ती पोखरामा संयुक्त रूपमा मनाउन सहकार्य गरिएको छ। साइनो कला केन्द्र, खोटाङसँग तीन महिने लोक नृत्य प्रशिक्षण कार्यक्रम आयोजनामा सहकार्य गरिएको छ। नृत्य निर्देशक संघ नेपालसँगको सहकार्यमा तेस्रो राष्ट्रिय नृत्य दिवस, २०८० फागुन

६ गते काभ्रेको बनेपामा भव्यतापूर्वक मनाइएको छ। मुगाल मातृभाषा र लिपिमा गीत सङ्गीत विषयक अनुसन्धान कार्यका लागि सहकार्य गरिएको छ।

२.३.६. भाषा संरक्षण एवम् बहुभाषिक नीतिको कार्यान्वयन

भाषा अनुगमन निर्देशिका मस्यौदा तयार गरिएको छ। भाषा आयोगबाट अध्ययन अनुसन्धान भई तयार भएका दुरा भाषाको व्याकरण र दुरा-नेपाली-अङ्ग्रेजी शब्दकोश, दुरा लोपा भाग-१ र दुरा लोपा भाग-२ को डिजिटल सामग्री Dura Language Learning Mobile Application मा राख्नको लागि दुरा विद्यार्थी समाजलाई उपलब्ध गराइएको छ।

२.४. अर्थ, उद्योग र वाणिज्य सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (घ) मा व्यवस्था गरिएका अर्थ, उद्योग र वाणिज्यसम्बन्धी तेह्र वटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत रहेको छ। उक्त आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन रु.५७ खर्ब ५ अर्ब पुगेको अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा कुल रु.१७ खर्ब ५१ अर्ब ५३ करोड बजेट विनियोजन गरिएकोमा यथार्थ खर्च रु.१४ खर्ब ०८ अर्ब ७६ करोड अर्थात् विनियोजनको ८०.४ प्रतिशत खर्च भएको छ। चालु खर्चतर्फ रु.११ खर्ब ४१ अर्ब ७८ करोड विनियोजन भएकोमा रु.९ खर्ब ५२ अर्ब ४१ करोड अर्थात् ८३.४ प्रतिशत र पुँजीगत तर्फ रु.३ खर्ब २ अर्ब ७ करोड विनियोजन भएकोमा १ खर्ब ९१ अर्ब ७१ करोड अर्थात् ६३.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ७ अर्ब ४५ करोड विनियोजन भएकोमा रु.२ खर्ब ६४ अर्ब ६३ करोड अर्थात् ८६.१ प्रतिशत खर्च भएको छ। यस सम्बन्धी थप विवरण तालिका ६ मा दिइएको छ।

तालिका ६: आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा सङ्घीय सरकारको विनियोजित बजेट र खर्च (रु. करोडमा)

क्र. सं.	विनियोजित शीर्षक	आर्थिक वर्ष २०७९/८०		आर्थिक वर्ष २०८०/८१		प्रगति प्रतिशत
		वार्षिक विनियोजन	यथार्थ खर्च	वार्षिक विनियोजन	यथार्थ खर्च	२०८०/८१
	कुल सङ्घीय खर्च	१७९३८३.७३	१४२१३२.७०	१७५१३१.२१	१४०८७६.४५	८०.४
१.	चालु खर्च	११८३२३.५१	९९१५०.६७	११४१७८.४१	९५२४१.५१	८३.४

२.	पुँजीगत खर्च	३८०३८.४५	२३४६२.४८	३०२०७.४४	१९१७१.७८	६३.५
३.	वित्तीय व्यवस्था	२३०२१.७७	१९५१९.५४	३०७४५.३६	२६४६३.१६	८६.१

स्रोतः अर्थ मन्त्रालय

२.४.१. नीतिगत एवम् कानूनी व्यबस्था

आर्थिक ऐन, २०८१ र भन्सार महसुल ऐन, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएका छन्। सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन,२०६४ संशोधन गरी लागू गरिएको छ। मूल्य अभिवृद्धि कर (छब्बिसौं संशोधन) नियमावली, २०८१; अन्तः शुल्क (पच्चीसौं संशोधन) नियमावली, २०८१; आयकर (पन्ध्रौं संशोधन) नियमावली, २०८१; भन्सार (पाचौं संशोधन) नियमावली, २०८१; र मदिरा (चौथो संशोधन) नियमहरू, २०८१ स्वीकृत भई कार्यान्वनमा आएका छन्।

कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८०; सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८०; बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक; बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक तथा भन्सार विधेयक, २०८० सङ्घीय संसद्मा पेश भएको छ।

बजेटसँग सम्बन्धित कानूनी व्यवस्थाहरू, आर्थिक ऐन, विनियोजन ऐनलगायतका ऐनहरू जारी भई कार्यान्वयनमा रहेका छन्। त्यसैगरी सार्वजनिक ऋण व्यवस्थापन नियमावली,२०८० स्वीकृत भई सो अनुसार आन्तरिक ऋण व्यवस्थापनसम्बन्धी कार्य पूर्णरूपमा सञ्चालन भएको छ। स्थानीय तहको आन्तरिक आयलाई व्यवस्थित गर्ने उद्देश्यले स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ स्वीकृत गरी लागू गरिएको छ।

लगानीसम्बन्धी सहजीकरणका लागि केही नेपाल ऐन संशोधन मार्फत भूमि सम्बन्धी ऐन, २०२१; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; विशेष आर्थिक क्षेत्र ऐन, २०७३; सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६; वन ऐन, २०७६ मा संशोधन भएको छ।

यसै अवधिमा ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०; सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०; वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०; विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०; आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०; र विलासिता शुल्क, वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्कसम्बन्धी कार्यविधि,२०८० स्वीकृत भई कार्यान्वयनमा आएका छन्।

२.४.२. आन्तरिक तथा वैदेशिक स्रोत परिचालन

आर्थिक वर्ष २०८०/८१ मा रु.१० खर्ब ८२ अर्ब ७४ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्यको तुलनामा ७६ प्रतिशत भएको छ। आर्थिक वर्ष २०८०/८१ मा रु.१ खर्ब ४५ अर्ब ८८ करोड वैदेशिक सहायता परिचालन भएको छ । घाटा बजेट परिपूर्तिको लागि आर्थिक वर्ष २०८०/८१ मा रु.३ खर्ब ५८ अर्ब ३ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। आन्तरिक तथा वैदेशिक स्रोत परिचालनका विभिन्न पक्षहरूका बारेमा तलका बुँदाहरूमा उल्लेख गरिएको छ ।

२.४.२.१. राजस्व

आर्थिक वर्ष २०८०/८१ मा कर राजस्व रु.९ खर्ब ४४ अर्ब ५५ करोड ४७ लाख, गैरकर राजस्व रु.१ खर्ब १४ अर्ब ३४ करोड १७ लाख र अन्य प्राप्ति रु. २३ अर्ब ८५ करोड ३१ लाख गरी जम्मा रु.१० खर्ब ८२ अर्ब ७४ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्य रु. १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाखको तुलनामा ७६.०० प्रतिशत भएको छ।आर्थिक ऐन, २०८० को छुट तथा स्किमबाट रु.१४ अर्ब १६ करोड थप राजस्व सङ्कलन गरिएको छ। १ हजार ९ सय ८६ करदाताको विभिन्न आयवर्षको अनुसन्धान सम्पन्न गरी रु. ११ अर्ब ४ करोड थप कर निर्धारण भएको छ। यस सम्बन्धी थप विवरण तालिका ७ मा दिइएको छ।

तालिका ७: राजस्व सङ्कलनको विवरण, प्रगति र वृद्धिदर (रकम रु. लाखमा)

क्र. सं.	राजस्व शीर्षक	आर्थिक वर्ष २०७९/८० को असुली	आर्थिक वर्ष २०८०/८१ को असुली	वृद्धिदर
१.	भन्सार महसुल	१८२११६२.७६	२,०१०,२३६	१०.३८
२.	मूल्य अभिवृद्धि कर	२८,६६,३१६.९८	३,१०४,५०५	८.३१
३.	अन्तःशुल्क	१४३०६७९.७४	१,४६३,५२२	२.३०
४.	शिक्षा सेवा शुल्क	३२१८४४.११	३२,६३८	-८९.८६
५.	आयकर	२५१८०९१.६६	२,८३४,६४६	१२.५७
६.	कर राजस्व जम्मा	८६५६२८३.५९	९,४४५,५४७	९.१२
७.	अन्य राजस्व (गैरकर) जम्मा	९१७२०३.४६	१,१४३,४१७	२४.६६

क्र. सं.	राजस्व शीर्षक	आर्थिक वर्ष २०७९/८० को असुली	आर्थिक वर्ष २०८०/८१ को असुली	वृद्धिदर
८.	कुल राजस्व	९५७३४८७.०५	१०,५८८,९६३	१०.६१
९.	विविध प्राप्ति	५३३०२५.२८	२३८,५३१	-
१०.	जम्मा राजस्व /प्राप्ति	१०१०६५१२.३३	१०,८२७,४९५	७.१३

स्रोतः अर्थ मन्त्रालय, २०८१

२०८० असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ५५ लाख ५४ हजार रहेकोमा २०८१ असारसम्म यस्तो सङ्ख्या ६३ लाख ४० हजार पुगेको छ। २०८१ असारसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ३५ हजार र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २५ हजार पुगेको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ मा आयकर १२.५७ प्रतिशतले बृद्धि भएको छ भने आन्तरिक अन्त: शुल्क १.५१ प्रतिशतले घटेको छ। कर राजस्वसम्बन्धी थप विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ।

तालिका ८: कर राजस्व सङ्कलनको तुलनात्मक स्थिति (रकम रु. लाखमा)

राजस्व शीर्षक	आर्थिक वर्ष २०७९/८० को असुली	आर्थिक वर्ष २०८०/८१ को असुली	वृद्धिदर
आयकर	२५,१८,०९२	२८,३४,६४६	१२.५७
अभिवृद्धि कर (आन्तरिक)	११,७५,५४०	१३,०१,०१२	१०.६७
अभिवृद्धि कर (पैठारी)	१६,९०,७७६	१८,०३,४९२	६.६६७
अन्त: शुल्क (आन्तरिक)	११,०८,८३५	१०,९२,०८७	-१.५१
अन्तः शुल्क (पैठारी)	३,२१,८४४	३,७१,४३३	१५.४१

स्रोतः अर्थ मन्त्रालय, २०८१

२.४.२.२. सार्वजनिक ऋण

आर्थिक वर्ष २०८०/८१ मा रु.१ खर्ब ३४ अर्ब ६८ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भई २०८१ असार मसान्तमा सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु.२४ खर्ब ३३ अर्ब २४ करोड पुगेको छ। कुल ऋणमध्ये बाह्य र आन्तरिक ऋणको हिस्सा क्रमशः ५१.५ प्रतिशत र ४८.५ प्रतिशत रहेको छ। उपलब्ध तथ्याङ्कले सार्वजनिक ऋणको आकार बढ्दै गइरहेको देखाएको छ।

सङ्घीय सरकारले आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋण रु. २ खर्ब ३४ अर्ब ४२ करोड र बाह्य ऋण रु.१ खर्ब २३ अर्ब ६१ करोड गरी जम्मा रु.३ खर्ब ५८ अर्ब ३ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋणतर्फ रु.१ खर्ब ८२ अर्ब ६२ करोड र बाह्य ऋणतर्फ रु.४० अर्ब ७२ करोड गरी जम्मा रु.२ खर्ब २३ अर्ब ३४ करोड सावाँ भुक्तानी भएको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.७२ अर्ब ७७ करोड र बाह्य ऋणतर्फ रु.९ अर्ब २६ करोड गरी जम्मा रु.८२ अर्ब ३ करोड बराबरको ब्याज भुक्तानी भएको छ। समग्रमा आर्थिक वर्ष २०८०/८१ मा सरकारको कुल ऋणसेवा खर्च (साँवा र ब्याज) रु. ३ खर्ब ५ अर्ब ३८ करोड रहेको छ।

सार्वजनिक ऋण परिचालनमा वृद्धि हुँदै गएसँगै ऋण सेवा खर्चमा समेत वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को लागि रु.३ खर्ब बराबरको साँवा र रु.१ खर्ब ३ अर्ब बराबरको ब्याज गरी ऋण सेवातर्फ जम्मा रु.४ खर्ब ३ अर्ब विनियोजन भएको छ। विकास सहायता प्रतिबद्धता गत वर्षको तुलनामा ४१.३ प्रतिशतले घटेको छ। सार्वजनिक ऋण र विकास सहायता प्रतिबद्धता सम्बन्धी थप विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९: सार्वजनिक ऋण र विकास सहायता प्रतिबद्धता

विवरण	एकाइ	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशत)
		२०७९/८० सम्मको	२०८०/८१ सम्मको	
सार्वजनिक ऋण र ऋण सेवा खर्च				
कुल सार्वजनिक ऋण	रु.अर्बमा	२,२९९.३५	२,४३३.२४	५.८
आन्तरिक	रु.अर्बमा	१,१२९.१०	१,१८०.९०	४.६
बाह्य	रु.अर्बमा	१,१७०.२५	१,२५२.३४	७.०
ऋणको साँवा भुक्तानी	रु.अर्बमा	१४९.७१	२२३.३५	४९.२
आन्तरिक	रु.अर्बमा	११५.०९	१८२.६२	५८.७
बाह्य	रु.अर्बमा	३४.६२	४०.७२	१७.६
ऋणको ब्याज भुक्तानी	रु.अर्बमा	७२.८९	८२.०३	१२.५
आन्तरिक	रु.अर्बमा	६४.४९	७२.७७	१२.८
बाह्य	रु.अर्बमा	८.४०	९.२६	१०.३
ऋण सेवा खर्च	रु.अर्बमा	२२२.६१	३०५.३८	३७.२
आन्तरिक	रु.अर्बमा	१७९.५९	२५५.३९	४२.२
बाह्य	रु.अर्बमा	४३.०२	४९.९९	१६.२
वैदेशिक सहायता प्रतिबद्धता				
कुल वैदेशिक सहायता प्रतिबद्धता	रु.अर्बमा	२१८.०५	१२७.८९	-४१.३

अनुदान	रु.अर्बमा	४२.३१	४२.९८	१.६
ऋण	रु.अर्बमा	१७५.७४	८४.९१	-५१.७

स्रोतः अर्थ मन्त्रालय

२.४.२.३. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

आर्थिक वर्ष २०८०/८१ मा अनुदान रु.२२ अर्ब २७ करोड र ऋण रु.१ खर्ब २३ अर्ब ६१ करोड गरी कुल वैदेशिक सहायता परिचालन रु.१ खर्ब ४५ अर्ब ८८ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा अनुदान रु. २३ अर्ब १२ करोड र ऋण रु.१ खर्ब २३ अर्ब ५ करोड गरी कुल वैदेशिक सहायता परिचालन रु. १ खर्ब ४६ अर्ब १६ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.३ प्रतिशत र ऋण ८४.७ प्रतिशत रहेको छ।

२.४.२.४. बाह्य क्षेत्र

आर्थिक वर्ष २०७९/८० मा कुल निकासी रू.१ खर्व ५७ अर्व भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.०३ प्रतिशतले कमी आई रु. १ खर्व ५२.३८ अर्वमा सीमित हुन पुगेको छ। पैठारीतर्फ १.१६ प्रतिशतले कमी आई रु.१५ अर्ब ९२.९९ अर्वमा सीमित भएको छ। गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्षमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको छ भने विदेशी विनिमय सञ्चिती यस अवधिमा ३२.५९ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै पर्यटक आगमन ३२.०९ प्रतिशतले वृद्धि भएको छ। बाह्य क्षेत्रसम्बन्धी थप विवरण तालिका १० मा दिइएको छ।

तालिका १०: मुलुकको बाह्य क्षेत्र

विवरण	एकाइ	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०७९/८०	२०८०/८१	
बाह्य क्षेत्र (आर्थिक वर्ष २०८०/८१)				
वस्तु निकासी	रु. अर्बमा	१५७.१४	१५२.३८	-३.०३
वस्तु पैठारी	रु. अर्बमा	१,६११.७३	१,५९२.९९	-१.१६
वस्तु व्यापार घाटा	रु. अर्बमा	१,४५४.५९	१,४४०.६०	-०.९६
कुल वस्तु व्यापार	रु. अर्बमा	१,७६८.८७	१,७४५.३७	-१.३३
कुल व्यापारमा निकासीको हिस्सा	प्रतिशतमा	८.८८	८.७३	-१.७२
बाह्य क्षेत्र (वार्षिक तथ्याङ्कमा आधारित)				
शोधनान्तर स्थिति	रु. अर्बमा	२८५.८२	५०२.४९१	७५.८०
चालु खाता सन्तुलन	रु. अर्बमा	-४६.५६६	२२१.३३९२	
विप्रेषण आप्रवाह	रु. अर्बमा	१,२४०.६९	१४४५.३२	१६.५

नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या	सङ्ख्यामा	४,९७,७०४	४,६०,१०३	-७.५५
विदेशी विनिमय सञ्चिति	रु. अर्बमा	१,५३९.३६	२,०४१.१०३	३२.५९
सञ्चिति पर्यासता (वस्तु तथा सेवा)	महिना	१०.०	१३.०	
पर्यटक आगमन	हजारमा	८६३	११२८	३२.०९
भ्रमण आय	रु. अर्बमा	६२.३०	८२.३३	३२.१४
वैदेशिक लगानी आप्रवाह	रु. अर्बमा	७.९८	८.४७	६.२३
कुल वस्तु तथा सेवा निकासी	रु. अर्बमा	३७६.०१	४३५.१४	१५.७३
कुल वस्तु तथा सेवा पैठारी	रु. अर्बमा	१,८५५.०६	१,८७८.७५	१.२८
खुद वस्तु तथा सेवा आय	रु. अर्बमा	-१,४७९.०५	-१४४३.६	-२.४०

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

२.४.३. भन्सार व्यवस्थापन

सुक्खा बन्दरगाह भन्सार कार्यालय परिसरमा लामो समयदेखि जाँचपास नभई रहेका जम्मा ३ सय ४ कन्टेनरको मालवस्तु नियमानुसार चेकजाँच, जफत एवम् लिलाम प्रक्रिया अघि बढाइएको छ। सोमध्ये आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा ४२ मालवस्तुको करिब रु. १९ करोड ७२ लाख बराबरको लिलाम भएको छ। भन्सार मूल्याङ्कन प्रयोजनको लागि Valuation Page मा घोषणा गरिएको Brand/Model/Size र मूल्याङ्कन विधि (Valuation Method) स्वचालित रूपमा प्रज्ञापनपत्रमा आउने गरी ASYCUDA प्रणालीमा व्यवस्था गरिएको छ। ७५ वटा शीर्षक तथा ५ वटा उपशीर्षक अन्तर्गतका वस्तुमा ब्रान्ड, मोडल तथा साइज अनिवार्य घोषणा गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ। भन्सार जाँचपासका लागि २९ वटा भन्सार कार्यालयमा ASYCUDA WORLD प्रणालीमा आधारित नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) कार्यान्वयनमा ल्याइएको छ। हाल कुल वैदेशिक व्यापारको ९९.९ प्रतिशत व्यापार आसिकुडा प्रणाली मार्फत हुने गरेको छ।

२.४.४. मौद्रिक स्थिति

बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप बढेको छ। निक्षेपको तुलनामा कर्जा प्रवाहमा भएको वृद्धि न्यून रहेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ असार महिनामा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.० प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ५.८ प्रतिशतले बढेको छ। साथै, कुल आन्तरिक कर्जा ६.१ प्रतिशतले बढेको छ।

ब्याजदर क्रमशः कम हुँदै गएको छ। २०८१ असार मसान्तमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३ प्रतिशत, औसत अन्तर बैङ्क ब्याजदर २.९९ प्रतिशत, वाणिज्य बैङ्कको औसत

आधार दर ८ प्रतिशत, निक्षेपको भारित औसत व्याजदर ५.७७ प्रतिशत र कर्जाको भारित औसत व्याजदर ९.९३ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा वाणिज्य बैङ्कको निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत रहेको थियो।

सर्वसाधारणको वित्तीय पहुँचमा वृद्धि हुँदै गएको छ। बैङ्क तथा वित्तीय संस्था गाभ्ने/गाभिने नीति अनुरूप वाणिज्य बैङ्क २०, विकास बैङ्क १७, वित्त कम्पनी १७, लघुवित्त वित्तीय संस्था ५२ र पूर्वाधार विकास बैङ्क १ गरी २०८१ असारसम्म १ सय ७ वटा बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। साथै, बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार ५ सय ३० पुगेका छन्।साथै, ७ सय ५ स्थानीय तहमा वाणिज्य बैंकहरु पुगेका छन्।

गत आर्थिक वर्ष २०७९/८० को भन्दा आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १३.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा सोही अवधिमा विस्तृत मुद्राप्रदाय ११.२ प्रतिशतले बढेको थियो। यस सम्बन्धी थप विवरण तालिका ११ मा दिइएको छ।

तालिका ११: मौद्रिक तथा बैङ्किङ्ग क्षेत्रसँग सम्बन्धित विवरण

विवरण	एकाइ	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०७९ /८०	२०८०/८१	
मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र				
बैङ्क तथा वित्तीय संस्था	सङ्ख्यामा	११२	१०७	
बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्चालन	सङ्ख्यामा	११,५८९	११,५३०	
वाणिज्य बैङ्क पुगेको स्थानीय तह	सङ्ख्यामा	७५२	७५२	
कुल निक्षेप	रु. अर्बमा	५,७१०	६,४५२	१३.००
कुल कर्जा	रु. अर्बमा	६,१५९	६,६२२	७.५१
निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा	रु. अर्बमा	४,७९७.०३	५,०७३.९९	५.८
विस्तृत मुद्राप्रदाय	रु. अर्बमा	६१६५	६९६४	१३.०
सङ्कुचित मुद्रा प्रदाय	रु. अर्बमा	९५१	९३९	-१.२८
निष्क्रिय कर्जा	कुल कर्जा लगानीको प्रतिशतमा	३.०२	३.८६	
विपन्न क्षेत्र कर्जा	कुल कर्जा लगानीको प्रतिशतमा	६.७५	६.२२	
भारित औसत ब्याजदर (वाणिज्य बैङ्क)				
आधार दर	प्रतिशतमा	१०.०३	८.००	

निक्षेप	प्रतिशतमा	७.८६	५.७७	
कर्जा	प्रतिशतमा	१२.३०	९.९३	
ब्याजदर				
९१-दिने ट्रेजरी बिल	प्रतिशतमा	६.३५	३.००	
औसत अन्तर बैङ्कदर	प्रतिशतमा	३.१४	२.९९	

स्रोतः अर्थ मन्त्रालय

२.४.५. समग्र मूल्य स्थिति

२०८० असारको तुलनामा २०८१ असारमा उपभोक्ता मुद्रास्फीति ३.८७ प्रतिशत बिन्दुले घटेको र गत आर्थिक वर्षको औसत मुद्रास्फीति बजेटले तोकेको लक्षित सीमाभित्र रहेको छ। आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को समग्र मूल्य स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १२: समग्र मूल्य स्थिति (वार्षिक तथ्याङ्कमा आधारित)

विवरण	एकाइ	आर्थिक वर्ष	
		२०७९/८०	२०८०/८१
उपभोक्ता मुद्रास्फीति (असार महिनाको)	प्रतिशतमा	**७.४४**	**३.५७**
खाद्य तथा पेय पदार्थ	प्रतिशतमा	७.३८	४.१
गैरखाद्य तथा सेवा क्षेत्र	प्रतिशतमा	७.४८	३.१५
औसत उपभोक्ता मुद्रास्फीति (१२ महिनाको)	प्रतिशतमा	७.७४	५.४४
थोक मुद्रास्फीति (असार महिनाको)	प्रतिशतमा	४.९८	४.४१
औसत थोक मुद्रास्फीति (१२ महिनाको)	प्रतिशतमा	८.४७	३.९२
तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (असार महिनाको)	प्रतिशतमा	८.७१	३.५६
औसत तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (१२ महिनाको)	प्रतिशतमा	९.९	५.०९

स्रोतः अर्थ मन्त्रालय

२.४.६. बिमा

बिमा व्यवसायमा भएको विस्तार एवम् बिमाप्रति नागरिकको सचेतनामा अभिवृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा बिमाको दायरामा आएको जनसङ्ख्या ४३.२७ प्रतिशत पुगेको छ। यस आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा कुल जीवन बिमालेख सङ्ख्या १.८१ प्रतिशतले घटेको छ भने निर्जीवन बिमालेख सङ्ख्या ३.९१ प्रतिशतले बढेको छ। यस आर्थिक वर्षमा बिमा प्रिमियम सङ्कलन ८.३४ प्रतिशतले बढेर रु.१ खर्ब ९७ अर्ब ८० करोड पुगेको छ।

२.४.७. पुँजी बजार

२०८१ असार मसान्तमा नेप्से सूचकाङ्क २ हजार २ सय ४० बिन्दु कायम भएको छ। २०८० असार मसान्तमा यस्तो सूचकाङ्क २ हजार ९७ बिन्दु कायम भएको थियो। पुँजीबजारमा क्रमशः सुधार देखिएसँगै बजार पुँजीकरणमा समेत वृद्धि हुँदै गएको छ। २०८१ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३५ खर्ब ५३ अर्ब ६८ करोड पुगेको छ। २०८० असार मसान्तमा यस्तो पुँजीकरण रु. ३० खर्ब ८२ अर्ब ५२ करोड रहेको थियो।

२.४.८. शोधनान्तर स्थिति र चालु खाता

आर्थिक वर्ष २०८०/८१ मा शोधनान्तर स्थिति रु.५ खर्ब २ अर्ब ४९ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थिति रु.२ खर्ब ८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु.२ खर्ब २१ अर्ब ३४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो। (तालिका ८)

२.४.९. विदेशी विनिमय सञ्चिति

२०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई रु.२० खर्ब ४१ अर्ब १० करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को १२ महिनासम्मको वस्तु तथा सेवाको पैठारीलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु पैठारी र १३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ। (तालिका ८)

२.४.१०. वैदेशिक लगानी

आर्थिक वर्ष २०८०/८१ मा कुल वैदेशिक लगानी आप्रवाह ६.२ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४७ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा रु. ७ अर्ब ९८ करोड बराबरको वैदेशिक लगानी मुलुकमा भित्रिएको थियो। आर्थिक वर्ष २०८०/८१ मा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी रु. ६१ अर्ब ९० करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा रु. ३० अर्ब ७० करोड बराबरको विदेशी लगानी स्वीकृत भएको थियो। २०८१ असारसम्ममा रु. ५ खर्ब ११ अर्ब ६२ करोड बराबरको कुल विदेशी लगानी उद्योग विभागबाट स्वीकृत भएको छ।

२.४.११. कम्पनी दर्ता

आर्थिक गतिविधिमा क्रमिक सुधार हुँदै गएसँगै कम्पनी दर्ता सङ्ख्या समेत क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा २५ हजार ७ सय ४६ थप कम्पनी दर्ता भएका छन्। आर्थिक वर्ष २०७९/८० मा यस्तो सङ्ख्या २१ हजार ४ सय १३ रहेको थियो।

२.४.१२. राजस्व परिचालन सम्बन्धी सूचना प्रणालीको उपयोग

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा विकास गरिएको राजस्व व्यवस्थापन मोड्युल ५ सय ७८ वटा स्थानीय तहमा विस्तार गरिएको छ ।जसअनुसार हालसम्म ६ सय ८४ स्थानीय तहले भुक्तानी गर्दा विद्युतीय कोष हस्तान्तरण (EFT) मोड्युल प्रयोग गरी सोझै भुक्तानी प्राप्तकर्ताको बैङ्क खातामा रकम जम्मा हुने व्यवस्था कार्यान्वयनमा आएको छ।

साबिकमा छुट्टाछुट्टै रहेका एकल खाता कोष प्रणाली (TSA), कम्प्युटरीकृत लेखा प्रणाली (CGAS) लगायतका प्रणालीलाई एकीकृत गर्दै एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) अन्तर्गत राख्ने प्रक्रिया अघि बढाइएको छ। TSA र CGAS का तथ्याङ्कको आधारमा राजस्व,विनियोजन, कार्यसञ्चालन कोष, धरौटी, खर्च प्रतिबद्धता र आन्तरिक लेखापरीक्षणको मन्त्रालयगत तथा जिल्लागत प्रतिवेदन तयार हुनेगरी सङ्घीय तथा प्रदेश मन्त्रालय तथा विभागहरूमा प्रयोग हुनेगरी मन्त्रालयगत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Ministerial Financial Information System-MFMIS) विकास गरी प्रयोगमा ल्याइएको छ। विविध खर्च खाता र धरौटी खातामा हुने आम्दानी तथा खर्चको लेखाङ्कन एवम् प्रतिवेदनको कार्य CGAS र TSA बाट हुने व्यवस्था मिलाइएको छ। एकल खाता कोष प्रणाली (TSA) मा आबद्ध आन्तरिक लेखापरीक्षण मोड्युललाई आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ अनुकुल बनाइ प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ।

सामाजिक सुरक्षा भत्ता बैंङ्क खातामार्फत सोझै भुक्तानी हुने व्यवस्था मिलाइएको छ।हालसम्म ३५ लाख ७० हजार लाभग्राहीको खातामा विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता सोझै जम्मा भएको छ।

२.४.१३. नवप्रवर्तनात्मक कार्य

QR CODE सहितको कर चुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणालीको विकास गरी कार्यान्वयन प्रारम्भ गरिएको छ।कर परीक्षणको गुणस्तर सुधारका लागि प्रणालीबाट नै कर परीक्षण गर्न ARMS (Audit Report Management System) प्रणाली कार्यान्वयनमा ल्याइएको छ। विराटनगर भन्सार कार्यालयबाट Piloting को रूपमा आसिकुडा प्रणालीमा विद्युतीय हस्ताक्षरको सुरुवात गरिएको छ। स्थानीय तहमा बुझाउनु पर्ने राजस्व करदाताले नेपालभर जुनसुकै स्थानबाट अनलाइन प्रणालीमा Connect IPS जस्ता Digital Wallets मार्फत बुझाउन सक्नेगरी Local Level Revenue Portal सञ्चालनमा ल्याइएको छ। Treasury Accounting लगायतका विभिन्न मोड्युलहरूको विकास गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) प्रणाली प्रयोगमा ल्याइएको छ।

नेपाल सरकार र प्रदेश सरकारको बजेट खर्चबाट भुक्तानीकर्ताको रूपमा रहने सम्पूर्ण भुक्तानीलाई विद्युतीय भुक्तानी प्रणाली (EFT-Electronic Fund Transfer) बाट हुने व्यवस्थाको विकास गरी सरकारी कारोवारलाई नगदरहित तथा विना चेक बनाइएको छ । आन्तरिक राजस्व विभागको Integrated Tax System (ITS) प्रणालीसँग CGAS प्रणालीको अन्तरआबद्धता गरी स्वचालित रूपमा e-TDS हुने व्यवस्था मिलाइएको छ।मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र प्रदेशस्तरीय

मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि हुने बजेट तथा कार्यक्रमको विवरण स्वतः TSA, PTSA र CGAS मा आउनेगरी प्रणालीको विकास गरिएको छ।

२.४.१४. वैदेशिक व्यापार

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३ प्रतिशतले कमी आई रु.१५२ अर्ब ३८ करोडमा सीमित भएको छ। अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात घटेको छ भने चीनतर्फ भएको निर्यात उल्लेखनीय रूपले बढेको छ।

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु आयातमा १.२ प्रतिशतले कमी आई रु.१ हजार ५ सय ९२ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात घटेको छ भने चीनबाट भएको आयात उल्लेखनीय रूपले बढेको छ। (तालिका ८)

नेपाल भारतबीचको सहसचिवस्तरको Inter-Governmental Sub-Committee को बैठक र नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको १२ औं बैठक सम्पन्न भएको छ। त्यसैगरी नेपाल- बंगलादेश सातौं वाणिज्य सचिवस्तरीय बैठक काठमाडौंमा सम्पन्न भएको छ। आयात निर्यातमा देखिएका समस्याहरू तथा तिनीहरूको समाधान सम्बन्धमा वस्तुगत महासंघ एवम् लजिष्टिक्स सेवा प्रदायकहरूसँग ४ वटा छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ। व्यापार तथा पारवहन क्षेत्रसँग सम्बन्धित २ वटा अध्ययन सम्पन्न भएका छन्। नेपाल र अस्ट्रेलियाबीच Trade and Investment Framework Agreement (TIFA) सम्पन्न भएको छ।

२.४.१५. सेवा व्यापार र पर्यटक आगमन

आर्थिक वर्ष २०८०/८१ मा सेवा आय रु.२ खर्ब ५२ अर्ब ७७ करोड र सेवा भुक्तानी रु.३ खर्ब ८ अर्ब ६३ करोड रहेको छ। सेवा आयभन्दा सेवा भुक्तानी रु.५५ अर्ब ८६ करोडले बढी रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सेवा आयभन्दा सेवा भुक्तानी रु.७९ अर्ब ८९ करोडले बढी रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा भ्रमण आय ३२.१ प्रतिशतले वृद्धि भई रु. ८२ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आय रु.६२ अर्ब ३० करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा भ्रमण व्यय ३१.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८९ अर्ब ४३ करोड पुगेको छ। (तालिका ८) अघिल्लो आर्थिक वर्षमा यस्तो व्यय रु. १ खर्ब ४४ अर्ब ५२ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा भ्रमण व्ययमध्येमा शिक्षातर्फको व्ययमात्र ६६.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा ११ लाख २८ हजार पर्यटक नेपाल भित्रिएका छन् जुन आर्थिक वर्ष २०७९/८० को सोही अवधिको तुलनामा ३०.७ प्रतिशतले बढी हो।

२.४.१६. वैदेशिक रोजगार र विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनःश्रम स्वीकृति लिएका नेपाली कामदारको सङ्ख्या आर्थिक वर्ष २०७९/८० को तुलनामा ४.३ प्रतिशतले सङ्कुचन भई ७ लाख ४१ हजार रहेको छ। आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा यस्तो सङ्ख्या ७ लाख ७५ हजार रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा केही सङ्कुचन भए पनि विप्रेषण आप्रवाह भने बढेको छ। यस अवधिमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.१४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह २३.२ प्रतिशतले वृद्धि भएको थियो।

२.४.१७. सहकारी

राष्ट्रिय सहकारी विकास बोर्डको कार्यकारी समितिको सह-अध्यक्ष, सदस्य तथा सदस्य-सचिव नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरिएको छ। केही नेपाल ऐनलाई संशोधन मार्फत सहकारी ऐन, २०७४ मा संशोधन गरिएको छ। सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा तथ्यांक सम्पुष्टि, प्रविष्टि तथा प्रमाणीकरण गर्ने कार्यमा आर्थिक वर्ष २०८०/८१ मा थप ४ हजार १ सय ४५ गरी हालसम्म १९ हजार ९ सय ६० सहकारी संस्थाहरूलाई आबद्ध गरिएको छ। विभिन्न सहकारी संस्थामा आबद्ध ९ सय ९४ जना सहभागीलाई सहकारी सम्बन्धी तालिम प्रदान गरिएको छ। उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन तयार भई सो प्रतिवेदन क्रमशः कार्यान्वयनको क्रममा रहेको छ।

सहकारी विभाग र राष्ट्र बैंकबाट १९ तथा सहकारी विभागवाट ३३ सहकारी संस्थाको सघन अनुगमन गरिएको छ। विभिन्न सहकारी संस्थामा कोपोमिस प्रविष्टि कार्यको अनुगमन १० पटक भएको छ भने ५६ वटा संस्थाको सम्पत्ति शुद्धीकरण कानूनको परिपालना अनुगमन गरी सुधारका लागि निर्देशन दिइएको छ। साथै, सहकारी संघ संस्थाहरूको Fiduciary Risk Management सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। सहकारी क्षेत्रको थप विवरण तालिका १३ मा रहेको छ।

तालिका १३: सहकारी क्षेत्रसम्बन्धी विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१ सम्मको
१	सहकारी क्षेत्रबाट हालसम्मको कर्जा प्रवाह	रु. अर्ब	४२६.३१	४२६.३५	४३४.०५
२	सहकारी संघ संस्थाको हालसम्मको सेयर पूँजी	रु. अर्ब	९४.१२	९४.१५	९४.७२

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१ सम्मको
३	सहकारीबाट थप हालसम्मको रोजगारी सिर्जना	संख्या हजारमा	९१.३	९३.७७	९४
४	COPOMIS प्रणाली सञ्चालन भएका सहकारी संख्या	प्रतिशत	३४.७	४५.४९	६३.४६
५	सहकारी बजार स्थापना	संख्या	३	६	११
६	सहकारी शीत भण्डार निर्माण	संख्या	६	८	८

स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

२.४.१८. औद्योगिक विकास, व्यापार पूर्वाधार तथा लगानी प्रवर्धन

राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ स्वीकृत भई कार्यन्वयनमा आएको छ। लगानीसम्बन्धी सहजीकरणका लागि नेपाल ऐन संशोधन मार्फत भूमि सम्बन्धी ऐन, २०२१; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; विशेष आर्थिक क्षेत्र ऐन, २०७३; सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; औद्योगिक व्यावसाय ऐन, २०७६; वन ऐन, २०७६ मा संशोधन गरिएको छ। एजेन्सी (संशोधन र एकीकरण) (पहिलो संशोधन) नियमहरू, २०८० तथा प्राइभेट फर्म रजिष्ट्रेशन (पन्ध्रौं संशोधन) नियमावली, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०, कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०, लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० तथा प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० कार्यान्वयनमा आएको छ। द्विपक्षीय लगानी सम्झौता (BIA) को नमुना ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड एवम् नेपाल पारवहन व्यवस्था तथा गोदाम कम्पनी लिमिटेड र इन्टरमोडलको एक आपसमा मर्जर प्रक्रिया अगाडि बढेको छ। कानून बमोजिम अनुमति लिनुपर्ने उद्योग बाहेक विदेशी लगानी खुला गरिएका उद्योगमा लगानी भित्र्याउँदा स्वचालित प्रक्रियाबाट स्वीकृति प्राप्त हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

काठमाडौँमा मिति २०८१ वैशाख १६-१७ मा तेस्रो लगानी सम्मेलन सम्पन्न गर्न आवश्यक सहजीकरण गरिएको छ। कतार, बङ्गलादेश लगायतका देशसँग लगानी सम्झौताका लागि आवश्यक तयारी भैरहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम संयुक्त राज्य अमेरिकाको Patent and Trademark कार्यालयसँग औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धमा सहकार्य गर्ने सम्झौता भई कार्यान्वयनमा आएको छ।

घोषणा गरिएका औद्योगिक ग्राममध्ये कार्य प्रगतिको आधारमा ११ वटा स्थानीय तहलाई रु. ९ करोड ६४ लाख निकासा गरिएको छ। नेपालगञ्ज एकीकृत जाँच चौकी सञ्चालनमा ल्याइएको छ। भैरहवाको एकीकृत जाँच चौकी (ICD)को निर्माण कार्य ४५ प्रतिशत र रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य ६३ प्रतिशत सम्पन्न भएको छ। मुस्ताङ्को कोरलामा एकीकृत जाँच चौकी निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ। कञ्चनपुरको दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माणको लागि वातावरणीय प्रभाव अध्ययन (EIA) को वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जनको काम भइरहेको छ।

२.४.१९. उद्योग तथा कम्पनी प्रशासन

स्वचालित मार्ग (Automatic Route) बाट विदेशी लगानी स्वीकृत गर्ने प्रणाली कार्यान्वयनमा आएको छ भने यस अवधिभित्र ३९ परियोजनामा रु ८ अर्व १२ करोड विदेशी लगानी स्वीकृत भएको छ। पचासीवटा उद्योगलाई भारतमा रियायती निर्यातको लागि उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) सिफारिस गरिएको छ। नीजि क्षेत्रका प्रतिनिधि संस्थाहरूसँगको सहकार्यमा मेक इन नेपाल, मेड इन नेपाल स्वदेशी सम्मेलन, २०२४ र Startup Fest, २०२४ सम्पन्न गरिएको छ। उद्योग दर्ता विदेशी लगानी स्वीकृति, निर्यातमा नगद अनुदान, भिसा स्वीकृति, लगानी फिर्ता सिफारिस लगायतका सम्पूर्ण सेवा अनलाइन मार्फत सञ्चालन गर्नका लागि Industry Management Information System (IMIS) सञ्चालनमा ल्याइएको छ। एकल बिन्दु सेवा केन्द्रबाट प्रवाह हुने कार्यहरूलाई Full Automation मा लैजान सफ्टवेयर विकास र अभिलेख डिजिटाइजेसन गर्ने कार्यमा Document Scanning र तथ्याङ्क प्रबिष्टि चरणको कार्य भैरहेको छ।

हालसम्म उद्योग विभागमा ठूला उद्योग १ हजार ४ सय ९१, मझौला उद्योग २ हजार १ सय ३९ र साना उद्योग ५ हजार ९ सय ६१ गरी जम्मा ९ हजार ५ सय ९१ उद्योग दर्ता भएका छन्। वैदेशिक लगानीतर्फ ६४ अर्व १६ करोड लगानीको प्रतिबद्धता स्वीकृति भएको छ। दर्ता भएका लघु, घरेलु तथा साना उद्योगलाई प्रविधि सहयोग गर्न र त्यस्ता उद्योगको क्षमता विकास गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रले कार्य गरिरहेको छ। उद्यमशीलता विकास र

स्टार्टअप प्रवर्धन गर्न औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट कार्य भइरहेको छ। प्रतिष्ठानबाट स्टार्टअपलाई प्रवर्धन गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुको साथै व्यवसायको प्रवर्धन गर्न व्यवसाय संवर्द्धन केन्द्र सञ्चालनमा ल्याइएको छ। सहुलियतपूर्ण कर्जाका लागि आर्थिक वर्ष २०८०/८१ मा १ सय ८३ जना उद्यमी सिफारिस भएकोमा १ सय ६५ आवेदक फर्म/कम्पनीले त्यस्तो कर्जा प्राप्त गरेका छन् भने आर्थिक वर्ष २०८१/८२ मा करिब १ अर्ब हाराहारीको स्टार्टअप कर्जा प्रवाह गर्ने लक्ष्यका साथ कार्य भइरहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा ४९ वटा ठूला उद्योग, ५२ वटा मझौला उद्योग तथा घरेलु तथा साना उद्योग ३३ हजार वटा दर्ता भएका छन् । यसबाट यस आर्थिक वर्षमा थप ३६ हजार मानिसहरूले रोजगारी पाएका छन्। उद्योग तथा वाणिज्य सम्बन्धी थप विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ।

तालिका १४: उद्योग तथा वाणिज्य क्षेत्रसम्बन्धी विवरण

क्र. सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१	ठूला उद्योग दर्ता	संख्या	९१	६६	४९
२	मझौला उद्योग दर्ता	संख्या	१०८	७०	५२
३	घरेलु तथा साना उद्योग दर्ता	संख्या (हजारमा)	९३	१८६	३३
४	ठूला, मझौला, साना, घरेलु एवम् लघु उद्यमी सिर्जना कार्यक्रमबाट थप रोजगारी सिर्जना	संख्या (हजारमा)	१६१	२३०	३६.९६
५	निजी क्षेत्रको समेत साझेदारीमा सीपमूलक तालिम	संख्या (हजारमा)	३२.१८	१७	२९.४४
६	कम्पनी दर्ता	संख्या (हजारमा)	२९.०१	२२	२५.२१
७	तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मेट्रिक टन (हजारमा)	२५.८६	१८	२९.६२
८	सार्क खाद्य सुरक्षा बैंकमा खाद्यान्न मौज्दात	मेट्रिक टन (हजारमा)	८	८	८

क्र. सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
९	राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात	मेट्रिक टन (हजारमा)	१५.१९	१४	८.५७
१०	कुल वस्तु निकासी	रु. अर्ब	२००.०३	१५७.१४	१५२.३८
११	कुल आयात	रु. अर्ब	१,९२०	१,६११	१,५९२
१२	बैदेशिक लगानी	रु.अर्ब	५४.१५	३३	६४.१६
१३	थप औद्योगिक ग्राम स्थापना	संख्या	२१	२०	०

स्रोतः उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिस्ट्रार कार्यालयले कम्पनी दर्ता, अभिलेख र नियमन सम्बन्धी कार्यलाई निरन्तरता दिइरहेको र आर्थिक वर्ष २०८०/८१मा २५ हजार ८ सय २१ कम्पनी दर्ता भएका छन्। त्यस्तै २ हजार ४ सय ४९ कम्पनीहरू यस अवधिमा खारेजीमा परेका छन्। यससम्बन्धी थप विवरण तालिका १५ मा दिइएको छ।

तालिका १५: कम्पनी दर्तासम्बन्धी विवरण

क्र.सं.	विवरण	आर्थिक वर्ष २०८०/८१	आर्थिक वर्ष २०८०/८१ सम्ममा
१	हालसम्म दर्ता भएका कम्पनी	२५,८२१	३,४२,०४१
१.१	प्राइभेट कम्पनी	२४,९००	३,३३,५४९
१.२	पब्लिक कम्पनी	६४	२,२६०
१.३	मुनाफा वितरण नगर्ने कम्पनी	८१९	५,६७८
१.४	विदेशी कम्पनीको शाखा कार्यालय	३१	४२२
१.५	विदेशी कम्पनीको सम्पर्क कार्यालय	७	१३२
२	खारेज भएका कम्पनी	२,४४९	६,३९४
२.१	दर्ता खारेजी — दफा १३६ बमोजिम	५४७	२,५२५
२.२	लिक्विडेशन खारेजी — दफा १२६ बमोजिम	१,१४०	३,६३९
२.३	अन्य (विदेशी कम्पनी, विशेष व्यवस्था आदि)	७६२	२३०

३	हाल कायम रहेका कम्पनीहरूको जम्मा संख्या (१-२)	२३,३७२	३,३५,६४७

स्रोतः उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

२.४.२०. नेपाल गुणस्तर तथा नापतौल

नेपाल गुणस्तर परिषद्बाट ४१ वटा नेपाल गुणस्तर पारित भएको र निर्यात प्रवर्धन तथा आयात प्रतिस्थापनसँग सम्बन्धित ३५ वटा नेपाल गुणस्तर तयार गरिएको छ। त्यसैगरी उद्योग तथा बजारबाट नेपाल गुणस्तर प्रमाण चिह्न प्राप्त ७ सय ४४ वस्तुहरूको नमुना सङ्कलन तथा विश्लेषण गरिएको छ। विभिन्न ६७ उद्योगहरूको ७३ वटा वस्तुहरूमा नेपाल गुणस्तर प्रमाण चिह्न (NS Mark) प्रयोग गर्न इजाजतपत्र प्रदान गरिएको छ भने २ हजार १ सय ५९ वटा नाप्ने तौलने यन्त्रहरूको क्यालिब्रेसन गरिएको छ।

अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गरे बापत विभिन्न फर्मलाई ३१ हजार ८ सय ४२ पटक कारवाही गरिएको छ। पेट्रोलियम पदार्थ वितरण गर्ने ४ हजार ८ सय ७६ वटा पम्पको नोजल जाँच तथा ७ हजार ८ सय ८८ वटा ट्याक्सीको मिटर जाँच गरिएको छ। नापतौल सम्बन्धी उपभोक्ता हकहित संरक्षणको लागि ४ सय १७ पटक एकल अनुगमन तथा २ सय ४४ पटक संयुक्त अनुगमन गरी जम्मा ६ सय ६१ पटक अनुगमन सम्पन्न भएको छ।

२.४.२१. आपूर्ति तथा उपभोक्ता हित संरक्षण

खाद्य सुरक्षा कायम गर्न र कृत्रिम मूल्यवृद्धि नियन्त्रणका लागि सुपथ पसल सञ्चालन गरी रु. २ करोड ६० लाख ८९ हजार बराबरको ३ हजार ३ सय ४५.२८ मेट्रिक टन खाद्यान्न छुट रकममा बिक्री वितरण भएको छ। खाद्य सम्प्रभुतामा योगदान पुऱ्याउन रु. ६१ लाख ५८ हजार मूल्य बराबरको ३४.१ मेट्रिक टन रैथाने बाली खरिद भएको छ। प्रत्येक स्थानीय तहमा सहकारी मार्फत रु. २२ लाख ७ हजार मूल्य बराबरको छुट रकममा ८ सय ८८.५ मेट्रिक टन खाद्यान्न वितरण भएको छ। आर्थिक वर्ष २०८१/८२ को लागि मोटा धानको प्रति क्विन्टल रु. ३ हजार ४ सय १०.५१ र मध्यम धानको प्रति क्विन्टल रु. ३ हजार ५ सय ८०.६२ न्यूनतम समर्थन मूल्य तोकिएको छ।

भारतबाट नेपाललाई प्राप्त कोटा ९५ हजार मेट्रिक टन चामल आयात गर्न साल्ट ट्रेडिङ्ग कर्पोरेसनलाई २० हजार मेट्रिक टन, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई १० हजार मेट्रिक टन र बाँकी ६५ हजार मेट्रिक टनमध्ये निजी क्षेत्रका २० वटा फर्महरूलाई आयात अनुमति दिइएको छ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कास्कीमा हवाई इन्धन भण्डारणका लागि ३ हजार ६ सय किलो लिटर क्षमताको हवाई इन्धन डिपो निर्माणाधीन अवस्थामा रहेको छ। हाल मोतीहारी अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइनबाट इन्धन ढुवानी हुँदै आएकोमा अमलेखगञ्जबाट चितवनको लोथरसम्म पाइपलाइनबाटै ढुवानी हुने व्यवस्था गर्न G2G सम्झौता भई त्यसको आधारमा नेपाल आयल निगम र भारतीय आयल निगमबीच B2B सम्झौता भएको छ। यसैगरी भारतको सिलगुढीबाट झापाको चारआलीसम्म पेट्रोलियम पदार्थ ढुवानीका लागि पाइपलाइनबाट ढुवानी गर्न १८.९ किलो लिटर क्षमताको ग्रीनफिल्ड टर्मिनल निर्माण कार्यको सम्झौता भएको छ।

२.४.२२. खानी तथा खनिज पदार्थ

जितपुर सिमरा र आसपासका क्षेत्रको १०० वर्ग किलोमिटरमा भू-इञ्जिनियरिङ तथा भू-वातावरणीय फिल्ड अध्ययन सम्पन्न भई सो स्थानको भू-बनौटको पहिचान भएको र मनाङ्ग जिल्लास्थित युरेनियम खनिज भण्डारको ७५ वर्ग किलोमिटर क्षेत्रफलमा प्रारम्भिक फिल्ड कार्य सम्पन्न भई सो स्थानमा युरेनियम भण्डार हुने सम्भावना रहेको अध्ययनबाट देखिएको छ।

रुकुम झुन्लाबाङ्ग क्षेत्रमा फलाम खानीको विस्तृत अन्वेषण कार्यका लागि १ हजार १ सय ६० मि. च्यानल स्याम्पलिङ्ग मा १ हजार १ सय ४ नमुना संकलन र ३ सय २५ हेक्टर सर्भे सम्पन्न भई प्रवर्द्धनको लागि बोलपत्र मूल्याङ्कनको प्रक्रियामा रहेको छ। प्रारम्भिक अध्ययनबाट कोशी, मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा सेरामिक्स तथा टाइल्सजन्य उद्योगका लागि चाहिने आवश्यक औद्योगिक कच्चा पदार्थहरूको लागि भण्डारण क्षेत्र पहिचान भई उद्योग स्थापनाका लागि सम्भावना देखिएको छ।

बुडर फल्ट डडेल्धुरा खण्डको नियोटेक्टोनिक अध्ययन नक्साङ्कन सम्पन्न भई भूकम्प जोखिम आकलनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत भई प्रस्तावित प्रशोधन क्षेत्रको कित्ताकाट नक्साङ्कन भएको छ भने अन्वेषणको लागि नमूना सङ्कलन गरी रासायानिक परीक्षण सम्पन्न भएको छ। दैलेखमा रहेको पेट्रोलियम सम्भावित भण्डार क्षेत्रको अन्वेषणका लागि चीन सरकारको सहयोगमा ड्रिलिङ्ग कार्य भैरहेको र हालसम्म करिब २ हजार ३ सय ५७ मिटर ड्रिलिङ्ग कार्य सम्पन्न भएको छ।

२.५. कृषि र भूमिसुधार सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ङ) मा व्यवस्था गरिएका कृषि र भूमिसुधारसम्बन्धी पाँच नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.५.१. भूमि व्यवस्थापन

भू-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत भएको छ। भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ तर्जुमा गरिएको छ। एकीकृत अनुगमन तथा निरीक्षण कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयन भइरहेको छ।

बाँकेको कोहलपुर, रुकुमको आठबिसकोट, डडेल्धुराको जोगबुढा, धनुषाको ढल्केबर, बाराको सिम्रौनगढबाट मालपोत तथा नापी कार्यालयको सेवा प्रवाह सुरु गरिएको छ। सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाइन प्रविधिमार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्नसक्ने गरी आर्थिक वर्ष २०८०/८१ मा थप ११ गरी हालसम्म १०० वटा भूमिसुधार तथा मालपोत कार्यालयमा Public Access Model (PAM) लागू भएको छ। उक्त प्रणालीको प्रयोगबाट बैंक, वित्तीय संस्था तथा सञ्चय कोष समेतले मालपोत कार्यालयमा नगई जग्गा रोक्का फुकुवा गर्न सक्ने हुँदा उक्त प्रविधिको प्रयोगबाट अनलाइन धितोबन्धक तथा रोक्का फुकुवाको लागि पाँच बैंक तथा वित्तीय संस्थासँग सम्झौता समेत भएको छ।

भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)/ र Public Access Module (PAM) प्रणाली सम्बन्धी २१ वटा प्रशिक्षण सञ्चालन गरी ५ सय ८० जना कर्मचारी र भू-सेवा सञ्चालकलाई प्रशिक्षण प्रदान गरिएको छ। खगोल तथा भूमापन महाशाखाबाट राष्ट्रिय भूमि आयोगको लागि उदयपुरको स्थानीय तहमा नियन्त्रण बिन्दु स्थापना गरिएको तथा Global Navigation Satellite System प्रविधिको प्रयोग गरी कोशी, बागमती र लुम्बिनी प्रदेशको नापनक्सा हुने क्षेत्रमा नियन्त्रण बिन्दु स्थापना गरिएको छ।भूमि व्यवस्थापन, नापनक्सा तथा भूउपयोग व्यवस्थापन सम्बन्धी तालिमबाट आर्थिक वर्ष २०८०/८१ मा १ हजार १३ जना गरी हालसम्म १० हजार ९ सय ८७ जना प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धि गरिएको छ।(तालिका ११)

नापी कार्यालयहरूबाट प्रदान गरिने सेवालाई सरल र सहज बनाउन नक्सा प्रिन्ट लगायतका सेवा अनलाइन मार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न विकास गरिएको मेरो कित्ता (Merokitta) प्रणाली र नेपाल भू-सूचना प्रणाली (NeLIS) आर्थिक वर्ष २०८०/८१ मा थप ३ वटा गरी हालसम्ममा ५८ वटा नापी कार्यालयबाट त्यस्तो प्रणालीमार्फत सेवा प्रवाह गरिएको तथा २ सय २ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई Merokitta प्रणालीमा आबद्ध गराईएको छ। मालपोत कार्यालयहरूको गतिविधि तथा नापी र मालपोत कार्यालयको सेवा प्रवाहको अवस्था अनलाइन प्रणालीको माध्यमबाट भूमि

व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाटै नियमन गर्न सकिने प्रणाली सञ्चालनमा ल्याइएको छ।

२.५.२. गरिबी निवारण

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ संशोधन गरी गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८० जारी भएको छ ।
पन्ध्र जिल्लाबाट प्राप्त तथ्याङ्क विश्लेषण र गुनासो सुनुवाइ समेत गरी जम्मा २ लाख ७१ हजार ६ सय ४० गरिब परिवारको अन्तिम सूची तयार भएको छ। १० जिल्लाबाट प्राप्त करिब १० लाख ४५ हजार घर परिवारको तथ्याङ्क प्रशोधन तथा विश्लेषण गरी ८० हजार ८५ घर परिवारको प्रारम्भिक सूची प्राप्त भएको छ। विगतमा तथ्याङ्क सङ्कलनमा छुट भएका विभिन्न ७ स्थानीय तहहरूको तथ्याङ्क सङ्कलन भइरहेको छ। गरिबसँग विश्वेश्वर कार्यक्रमसँग सम्बन्धित ५ प्रदेशका २८ जिल्लाका सामाजिक परिचालकहरूका लागि ५ स्थान (महोत्तरी, बाँके, चितवन, कास्की, धनकुटा) मा क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको छ। भूमि व्यवस्थापन सम्बन्धी अन्य विवरणहरू तालिका १६ मा उल्लेख गरिएको छ।

तालिका १६: भूमि व्यवस्थापनसम्बन्धी विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	जग्गाको खण्डीकरणको दर न्यूनीकरण	प्रतिशत	-४.३	३.३८	
२.	स्थानीय तहको हालसम्मको भूउपयोग नक्सा/डाटा तयारी	स्थानीय तह	२२१	७५३	७५३
३.	दूर संवेदन विधिबाट हालसम्मको स्थलरूप नक्सा अद्यावधिक	सिट	६८	६८२	६८२
४.	हालसम्मको लाइडार सर्भेक्षण र नक्साङ्कन	व.किलोमिटर(हजारमा)	२०	२०	२०
५.	जियोडेटिक तथा समतलन हालसम्मको नापी सर्भेक्षण	कि.मि.	८०७८	८१८८	८१८८
६.	आधुनिक प्रविधियुक्त कार्यालयको रूपमा विकास भएका हालसम्मको नापी कार्यालय	वटा	४०	५५	५८
७.	भूमिसुधार तथा मालपोत कार्यालयहरूलाई आधुनिक	वटा	३०	१२६	१३२

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
	प्रविधियुक्त कार्यालयको रूपमा विकास				
८.	भूमिसुधार तथा मालपोत कार्यालयहरूमा हालसम्म रहेका स्रेस्ता डिजिटाइजेसन	पाना (लाख)	२१९.१६	२३०	२३०
९.	अनलाईन सेवा प्रवाह गर्ने हालसम्मको भूमिसुधार तथा मालपोत कार्यालय	संख्या	१२६	१२६	१३२
१०.	पब्लिक एक्सेस मोडेल लागु गर्ने हालसम्मको भूमिसुधार तथा मालपोत कार्यालय	कार्यालय	७४	८९	१००
११.	हालसम्मको नापनक्सा तथा भूमि व्यवस्थापन तालिम	जना	८११	२०६८	१०९८७

स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

२.५.३. कृषि

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१; खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०८०; जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१; र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएका छन्। यस्तै पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०; पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र बिक्री वितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०; र व्यावसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०८१ जारी गरिएका छन्।

कृषिसम्बन्धी विषयगत समितिको बैठकबाट संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया, २०८० कार्यान्वयनमा ल्याइएको छ। खाद्य ऐन, २०२३ बमोजिम पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामलको मापदण्ड, २०८०; खाद्य पदार्थमा हेभी मेटलको अधिकतम सीमा सम्बन्धी मापदण्ड, २०८०; खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याटको अधिकतम सीमा सम्बन्धी मापदण्ड, २०८० र खाद्य पदार्थको सिधा सम्पर्कमा आउने कागजको प्रयोग सम्बन्धी मापदण्ड, २०८० लगायतका अनिवार्य गुणस्तर सम्बन्धी मापदण्डहरू निर्धारण गरिएका छन्। पशु वधशाला सञ्चालन र मासु जाँच ऐन कार्यान्वयनका लागि भएको निर्णय र अनुदानमा वितरण हुने रासायनिक मलको वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन मल वितरक कम्पनीमार्फत रियल टाइम फर्टिलाइजर डिस्ट्रिब्यूसन सिस्टम सफ्टवेयर कार्यान्वयनमा ल्याइएको छ। पशु कल्याण विधेयक,२०८०; पशु प्रजनन विधेयक,२०८०; राष्ट्रिय कृषि नीति, २०८१; उखु कृषकलाई अनुदान

दिने सम्बन्धी कार्यविधि, २०७५ (तेश्रो संशोधन २०८१); किसान सूचीकरण निर्देशिका, २०७७ (पहिलो संशोधन २०८१); र रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (तेस्रो संशोधन २०८१) को मस्यौदा तयार भएको छ। आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय बजेट तथा कार्यक्रम र सशर्त अनुदानतर्फका कार्यक्रम सञ्चालनका लागि १७ वटा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

२.५.४. कृषि उपजको न्यूनतम समर्थन मूल्य

कृषि उपजको उत्पादन लागत अनुसारको बिक्री र बजारको सुनिश्चितता गरी कृषकलाई प्रोत्साहित गर्न धान, गहुँ, उखु, दुध लगायतका बाली तथा पशु उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरी लागु गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा धान (मोटा)को न्यूनतम समर्थन मूल्य रु. ३ हजार १ सय ९८, धान (मध्यम) को रु. ३ हजार ३ सय ६२ र गहुँको रु. ३ हजार ६ सय ५० तोकिएको छ। आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा उल्लिखित सबै बालीहरूको न्यूनतम समर्थन मूल्यमा वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा बजारमा धान,गहुँ लगायतका खाद्यान्नको बजार मूल्य राम्रो रहेकालेन्यूनतम समर्थन मूल्य कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्दै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट तुलनात्मक रूपमा कम धान खरिद भएको देखिन्छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सहकारीहरूलाई व्यवस्थापन खर्चबापत प्रति क्विन्टल रु.१ सय १२ का दरले अनुदान उपलब्ध गराइने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहजीकरणमा सहकारीहरूमार्फत ३ हजार १ सय १० मेट्रिक टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ४ हजार ५ सय मेट्रिक टन गरी कुल ७ हजार ६ सय १० मेट्रिक टन धान न्यूनतम समर्थन मूल्यमा खरिद भएको छ।

यस आर्थिक वर्षमा पहिलो पटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टलको रु.२ हजार ७ सय ७ तोकिएको छ। आर्थिक वर्ष २०८१/८२ का लागि धानको न्यूनतम समर्थन मूल्य मोटा धानको लागि रु. ३ हजार ४ सय १०/- प्रति क्विन्टल र मध्यम धानको लागि रु. ३ हजार ५ सय ८१/- प्रति क्विन्टल तोकिएको छ। उखुको न्यूनतम खरिद मूल्य आर्थिक वर्ष २०७९/८० का लागि प्रति क्विन्टल रु. ५ सय ४०/- र सरकारले प्रवर्धन खर्च बापत उपलब्ध गराउने प्रति क्विण्टल रु. ७० अनुदानसहित रु. ६१०/- प्रति क्विण्टल रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा उखुको खरिद मूल्य रु. ५ सय ६५/- प्रति क्विण्टल र अनुदान बापत रु. ७०/- गरी रु.६ सय ३५/- प्रति क्विन्टल तोकिएको छ। उखु कृषकलाई दिइने अनुदानलाई सहज बनाइएको छ।

२.५.५. कृषि मल व्यवस्थापन

बाली लगाउने समयमा मलको उपलब्धताको सुनिश्चितता गरिएको छ। मल खरिद एवम् आपूर्तिका लागि बजेट अभाव हुन नदिनेगरी बजेट व्यवस्थापन गरिएको छ र नियमित आपूर्ति हुनेगरी मल खरिदको टेण्डर प्रक्रियामा सुधार गरिएको छ। अनुदानमा वितरण हुने रासायनिक मलको वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाइएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा हालसम्मकै धेरै परिमाणमा रासायनिक मलको आयात तथा विक्री वितरण भएको छ। आर्थिक वर्ष २०८०/८१ मा रासायनिक मल खरिदका लागि विनियोजन भएको रु. २७ अर्ब ९० करोडमा कुल ६ लाख मेट्रिक टन रासायनिक मल आयातका लागि टेण्डर आहवान भएकोमा कृषि सामग्री कम्पनी लिमिटेडबाट २ लाख ७५ हजार २ सय १६ मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट १ लाख ९७ हजार ७० मेट्रिक टन गरी जम्मा ४ लाख ७२ हजार २ सय ८७ मेट्रिक टन मल आयात भएको छ। साथै, यस आर्थिक वर्षमा जी. टु. जी. मार्फत २५ हजार मेट्रिक टन डि.ए.पी. आयात भएको छ। उक्त दुई कम्पनीहरूमार्फत अघिल्लो आर्थिक वर्षको मौज्दात समेत गरी जम्मा ४ लाख ५५ हजार ९ सय ३९ मेट्रिक टन मल बिक्री वितरण भएको छ। रासायनिक मलको आपूर्ति सम्बन्धी थप विवरण तलको तालिका १७ मा प्रस्तुत गरिएको छ ।

तालिका १७: आर्थिक वर्ष २०८०/८१ मा रासायनिक मलको आपूर्ति स्थिति (मेट्रिक टन)

क्र.सं.	मल	टेण्डर आह्वान	आयात	बिक्री
१	युरिया	३५९,०००	२५६२९७.५४	२५८०५७.८
२	डिएपी	२२६,०००	१९४६३२.६५	१८३६५३.१०
३	पोटास	१५,०००	२१३५६.८४	१४२२८.८०
	जम्मा	६००,०००	४७२२८७.०३	४५५९३९.७०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२.५.६. खाद्य वस्तुको गुणस्तर एवम् नियमन

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको केन्द्रीय प्रयोगशाला तथा मातहतका ८ कार्यालयबाट २६ हजार ३ सय ७ वटा नमुना, भन्सार नाकाहरूमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट ४६ हजार ९ सय ४८ वटा नमुनाहरू र आयातित फलफूल तरकारीमा विषादी अवशेष परीक्षणतर्फ जम्मा ६३ हजार ३ सय ८३ नमुनाहरू गरी कुल १ लाख ३६ हजार ६ सय ३८ वटा नमुना परीक्षण गरिएको छ। खाद्य तथा दाना व्यवसाय, बजार, उद्योग, होटल, रेष्टुरेन्ट/मिठाई पसल एवम् गुनासो उजुरी सम्बोधनका लागि रेपिड रेस्पोन्स मोडालिटीबाट ११ हजार २ सय ३ पटक अनुगमन निरीक्षण गरिएको छ। खाद्य ऐन, २०२३ तथा दाना पदार्थ ऐन, २०३३ बमोजिम खाद्य तथा दाना पदार्थको ३ हजार १ सय २५ नमुना सङ्कलन गरी २ हजार ६ सय ५९ नमुना परीक्षण हुँदा मापदण्ड प्रतिकुल रहेका १ सय ७८ उत्पादन व्यवसाय उपर

मुद्दा दायर गरिएको छ। खाद्य तथा दाना उद्योग सिफारिस, अनुज्ञापत्र नवीकरण तथा जारी सङ्ख्या जम्मा ४ हजार ७ सय ४९ वटा रहेको छ। गुणस्तरहीन र कम गुणस्तरका खाद्य पदार्थ उत्पादन एवम् बिक्री वितरण गर्ने उत्पादक एवम् वितरकलाई कानूनको दायरामा ल्याई गुणस्तरयुक्त खाद्य पदार्थ उत्पादन गर्न उत्प्रेरित गरिएको छ।

२.५.७. कृषि उत्पादन, कृषि अनुसन्धान, प्रविधि विकास तथा कृषि/पशुजन्य उत्पादनको निर्यात

नेपाल कृषि अनुसन्धान परिषद्बाट जातीय तथा नश्ल र प्रविधि विकासतर्फ २५ वटा नयाँ जात उन्मोचन एवं पञ्जीकरण भएको छ। विभिन्न बालीका जातीय विकास गरी सिफारिसको लागि १९ वटा प्रस्ताव तयार भएको छ। बाली तथा बागवानी, पशु तथा मत्स्यपालनको र यान्त्रिकीकरणको गरी जम्मा २८ वटा प्रविधि विकास भएको छ।

विभिन्न बाली तथा पशुका जीन बैंक, तन्तु बैंक र डि.एन.ए. बैंक गरी १ हजार ३ सय ६४ आनुवंशिक स्रोत संरक्षण गरिएको छ। जीवित जीन बैंकको अवधारणा अनुसार पशुवस्तुका (गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा, सुँगुर आदि) का रैथाने जातहरू संरक्षण तथा प्रवर्धन भएको छ। नेपाल कृषि अनुसन्धान परिषद्बाट ७ सय ५० मे.टन. प्रजनन बीउ उत्पादन भई सरकारी फार्म/केन्द्र र निजी बीउ उत्पादक कम्पनी र सहकारीहरूलाई मूल बीउ उत्पादन गर्नका लागि उपलब्ध गराइएको छ। डिजिटल स्वायल म्यापमा हालसम्म ७७ जिल्लाका ३० हजार ५ सय ४८ नमुनाको विवरण अद्यावधिक गरिएको छ। विभिन्न प्रयोगशाला मार्फत ५ हजार किसानलाई माटो स्वास्थ्य प्रमाणपत्र (Soil health card) वितरण भएको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा धानको उत्पादन बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा धान ५७ लाख २४ हजार मेट्रिक टन उत्पादन भएको छ। मकैको उत्पादन गत आर्थिक वर्षको तुलनामा घटेको छ भने धान, गहुँ, आलु, तरकारी र फलफूलको उत्पादन बढेको छ। प्रमुख बाली/वस्तुको उत्पादन अवस्था तालिका १८ मा उल्लेख गरिएको छ।

तालिका १८: प्रमुख बाली/वस्तु उत्पादनको अवस्था

क्र.सं.	बाली/वस्तु किसिम	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१	धान	मेट्रिक टन हजारमा	५१३०.६३	५४८६	५७२४
२	मकै	मेट्रिक टन हजारमा	३१०६.०६	३१९३	३०८९*

३	गहुँ	मेट्रिक टन हजारमा	२१४४.५६	२०९८	२१५५*
४	तरकारी	मेट्रिक टन हजारमा	५२१४.१५	४१५३	४३९८*
५	दुध	मेट्रिक टन हजारमा	२६०९	२४९८	२६१६*
६	मासु	मेट्रिक टन हजारमा	५७२.२	५०६	४३१*

*** अनुमानित (विस्तृत तथ्याङ्क आर्थिक वर्ष २०८१/८२ मा प्राप्त हुने) स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

कृषि तथा पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको निर्यात प्रवर्धनतर्फ नेपालमा उत्पादित रू. ३ अर्ब १८ करोड मूल्य बराबरको छुर्पी, १ अर्ब १७ करोडको अदुवा, ७ अर्ब ९४ करोडको अलैंची, ३ अर्ब ६२ करोडको चिया, १ अर्ब ३२ करोडको अम्रिसो तथा २ अर्ब ९५ करोड मूल्य बराबरको तेलको पिना विदेशमा निर्यात भएको छ।

२.५.८. पशुपन्छी एवम् मत्स्य विकास

आर्थिक वर्ष २०८०/८१ मा ६ लाख ७४ हजार गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ। उन्नत नश्लका गाई, भैंसी, बाख्राबाट १२ लाख ७ हजार डोज जमेको वीर्य उत्पादन गरी वितरण गरिनुका साथै ६ करोड १ लाख माछाका भुरा उत्पादन तथा वितरण भएको छ। भारत सरकारबाट पशु नश्ल सुधारका लागि प्राप्त शुद्ध नश्लको १५ मुर्रा राँगाको सरकारी फार्ममा नश्ल सुधार कार्यका लागि व्यवस्थापन गरिएको छ। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट विभिन्न स्थानीय तहमा १३ वटा कृत्रिम गर्भाधान केन्द्र स्थापना भएको छ। यसबाट पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने अपेक्षा राखिएको छ।

पशुपन्छीका विभिन्न सङ्क्रामक रोगहरूविरुद्ध प्रयोगका लागि ४ करोड ५० लाख मात्रामा खोप उत्पादन तथा वितरण गरिएको छ। Notifiable diseases को सूचीमा गाईभैंसीमा लाग्ने लम्पी स्किन रोग र बँगुरमा लाग्ने अफ्रिकन स्वाइन फिवर रोगलाई थप गरिएको छ।

२.५.९. कृषि एवम् पशुपन्छी पूर्वाधार विकास

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाबाट विभिन्न स्थानीय तहहरूमा ३८ वटा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण सम्पन्न भएको छ। थप ३२ स्थानीय तहमा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण कार्य अघि बढेको छ। कृषि क्षेत्र विकास कार्यक्रम मार्फत समूह र सहकारीहरूको सहलगानीमा ९ सय २५ भैंसी गोठ, २ हजार १ सय बाख्राको खोर, ४ सय ४० बाँसको प्लाष्टिक घर, १ सय ८१ साना तथा मझौला सिँचाइ पूर्वाधार, १०.७ किलोमिटर कृषि सडक र एउटा एकीकृत कृषि बजार (खुद्रा तथा होलसेल) निर्माण भएको छ। नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना मार्फत Bio-safety Level2+ प्रयोगशाला भवन निर्माण कार्य सम्पन्न भएको

छ। तराई क्षेत्रमा ६ वटा डिप बोरिङ जडानको कार्य तथा ७ वटा स्थानमा बोरिङको लागि पम्प जडान कार्य सम्पन्न भएको छ। कृषि उपज थोक बजारस्थल कावासोती, सुर्खेत र लालबन्दीमा विषादी अवशेष द्रुत परीक्षण प्रयोगशाला निर्माण भई सञ्चालनमा आएको छ।

२.५.१०. किसान सूचीकरण

आर्थिक वर्ष २०८०/८१ सम्ममा १९ लाख १८ हजार कृषक घरधुरी किसान सूचीकरण प्रणालीमा सूचीकृत भएका छन् ।उक्त प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न जिल्लाका कृषि ज्ञान केन्द्र/ जिल्ला कृषि विकास कार्यालय र स्थानीय तहहरूमा किसान सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएका छन्। खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०८० को प्रावधानसँग नमिलेका विषयमा संशोधन गर्नका लागि किसान सूचीकरण निर्देशिका ,२०७७ (पहिलो संशोधन २०८१) को मस्यौदा तर्जुमा भएको छ।

२.५.११. कृषि क्षेत्रमा वैदेशिक सहायता

नेपाल सरकार र चीन सरकारबीच कृषि, पशुपन्छी तथा मत्स्यपालनका क्षेत्रमा सहकार्य सम्बन्धी समझदारी पत्र तथा वनस्पतिमा आधारित औषधिजन्य सामग्री चिनियाँ औषधिको लागि नेपालबाट चीनमा निर्यात गर्ने सम्बन्धमा बिरुवा स्वस्थता (फाइटोसेनिटरी) शर्त सम्बन्धी प्रोटोकल पत्रमा हस्ताक्षर भएको छ।त्यस्तै नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच नेपालको कृषि क्षेत्रमा सहकार्य सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ। नेपाल सरकार र CIMMYT बीच आगामी १० वर्षको लागि गहुँ र मकैको अनुसन्धान र विकासमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। Food and Agriculture Organization नेपाल (FAO-Nepal) को आगामी ५ वर्षका लागि तयार गरिएको Country Programming Framework मा नेपाल सरकार र FAO Nepal बीच हस्ताक्षर सम्पन्न भएको छ।

त्यस्तै USAID को अनुदानमा सञ्चालन हुने Global Health Security Program अन्तर्गत पशु स्वास्थ्य तर्फको ५ वर्षे कार्ययोजना तयार गरिएको छ। International Livestock Research Institute (ILRI) र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालको पशुपन्छीको क्षेत्रमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। ICIMOD र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालको कृषि क्षेत्रको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन कार्यमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (Global Agriculture and Food Security Program - GAFSP) को सहयोगमा सञ्चालित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको दोस्रो चरण (Food and Nutrition Security Enhancement Project FANSEP-II) कार्यान्वयनमा आएको छ।

२.५.१२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको रूपान्तरणकारी आयोजनाका रूपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हालसम्म विभिन्न बाली/वस्तुका १६ सुपरजोन, १ सय ७७ जोन, १ हजार ६

सय ६४ ब्लक र ८ हजार ७ सय १० पकेटहरू निर्धारण भई कार्यक्रम सञ्चालन भइरहेको छ। परियोजनाबाट हालसम्ममा Land Consolidation र Crop Pooling गरी ८ हजार ७ सय ५९ हेक्टरमा चक्लाबन्दी खेती सञ्चालन गरिएको छ जसमध्ये आर्थिक वर्ष २०८०/८१ मा १ हजार ८ सय हेक्टरमा चक्लाबन्दीमा आधारित खेती विस्तार भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा परियोजनाले ४ सय ७६ जना कृषि स्नातक अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई कृषि इन्टर्नको रूपमा संघ, प्रदेश र स्थानीय तहमा परिचालन गरेको छ। "सिक र कमाउ" मोडलमा २८ प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूमा कृषि व्यवसाय सञ्चालनको व्यावहारिक ज्ञान तथा उद्यमशीलता विकास तथा प्रवर्धनको कार्य भएको छ। यस्तै ६५ नर्सरी स्रोत केन्द्र, १७ पशुनक्ष स्रोत केन्द्र निर्माण, ८ नयाँ कस्टम हायरिङ सेण्टर स्थापना, कृषकहरूलाई १९ हजार १ सय ८२ कृषि यन्त्र/उपकरण सहयोग, २ हजार २ सय ९७ संख्यामा साना सिँचाइ कार्यक्रम सञ्चालन गरी ३ हजार ४ सय ४५ हेक्टरमा सिँचित क्षेत्र विस्तार तथा १ हजार ५८ हेक्टरमा बीउ उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा खाद्यान्न बाली (धान, गहुँ, मकै)को २ हजार ८ सय ३८ हेक्टर, स्याउ-१५० हेक्टर, ओखर-९९ हेक्टर, तरकारी-२६१ हेक्टर, सुन्तला- ३ सय ९१ हेक्टर, आँप -१५० हेक्टर, केरा- १ सय ७२ हेक्टर, अदुवा बेसार -१० हेक्टर, अलैंची- ६३.१४ हेक्टर, सिमि- १ सय ४० हेक्टर, माछा- ५३.३ हेक्टर र किवी- ८४ हेक्टर गरी कुल ४ हजार ४ सय ११ हेक्टरमा विभिन्न बालीको क्षेत्र विस्तार भएको छ। मसिना तथा बास्नादार धान ४ सय ८१ हेक्टरमा विस्तार भएको छ भने स्थानीय तहको लागत साझेदारीमा ३ वटा बीउ भण्डारण गृह निर्माण लगायतका उत्पादन तथा उत्पादकत्व वृद्धि, क्षेत्र विस्तार, यान्त्रिकीकरण प्रवर्धन, पोष्ट हार्भेष्ट व्यवस्थापन र भण्डारण गृह निर्माणका कार्यहरू मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरण प्रवर्धनका कार्यहरू भएका छन्।

२.५.१३. कृषि बिमा

बाली तथा पशुधन बिमाको प्रिमियममा दिइने अनुदान बापत रु.१ अर्ब ६१ करोड रकम नेपाल बिमा प्राधिकरणमार्फत बिमा कम्पनीहरूलाई भुक्तानी गरिएको छ। कृषितर्फ जारी बिमा पोलिसीको संख्या ९ हजार र पशुपन्छीतर्फ १ लाख ४६ हजार गरेर जम्मा १ लाख ५५ हजार बिमा पोलिसी जारी गरिएको छ जसबाट ४२ अर्ब बराबरको कृषि तथा पशुधनको सुरक्षण भएको छ। कृषि तथा पशुधन बिमालाई वैज्ञानिक व्यवस्थित र Real Time मा आधारित बनाउन सफ्टवेयर निर्माण भएको छ।

२.५.१४. कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा नवप्रवर्तनात्मक कार्यहरू

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१२/३० को निर्णयबाट सुन्तलालाई नेपालको राष्ट्रिय फलको रूपमा मान्यता प्रदान गरिएको छ। ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाबाट स्टार्ट अप अनुदान सहयोगका लागि व्यावसायिक योजना तयार भएका २ सय ९८ उपआयोजनाहरू

कार्यान्वयनमा ल्याउन सम्झौता प्रक्रिया अघि बढेको छ। विभिन्न बाली विशेष (धान, मकै, कोदोजन्य बाली, बाली संरक्षण, वागवानी, कृषि जैविक विविधता, अदुवा, आँप) हरूको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरी स्वदेशी तथा विदेशी अनुभव आदान-प्रदान भएको छ। कृषि जैविक विविधताको महत्त्वलाई उजागर तथा प्रवर्धन गर्दै माघ १ गते कृषि जैविक विविधता दिवसका रूपमा मनाइएको छ। यससम्बन्धी थप विवरण तालिका १९ मा उल्लेख गरिएको छ ।

तालिका १९: कृषि तथा पशुपन्छी क्षेत्रसम्बन्धी विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष		
			२०७८/७९	२०७९/८०	२०८०/८१
१.	धान उत्पादन	मेट्रिक टन (हजारमा)	५,१३०.६३	५,४८६	५,७२४.२३*
२.	मकै उत्पादन	मेट्रिक टन (हजारमा)	३,१०६.०६	३,१९३	३,०८९*
३.	गहुँ उत्पादन	मेट्रिक टन (हजारमा)	२,१४४.५६	२,०९८	२,१५५*
४.	आलु	मेट्रिक टन (हजारमा)	३,४१०	३,४८८	३,६५२*
५.	तरकारी	मेट्रिक टन (हजारमा)	५,२१४.१५	४,१५३	४,३९८*
६.	फलफूल	मेट्रिक टन (हजारमा)	१,४१६	१,४४७	१,५३८*
७.	उखु	मेट्रिक टन (हजारमा)	३,१५९	३,०७२	३,२७२*
८.	दुध	मेट्रिक टन (हजारमा)	२,६०९	२,४९८	२,६१६*
९.	माछा	मेट्रिक टन (हजारमा)	१०८	११४	११९*
१०.	मासु	मेट्रिक टन (हजारमा)	५७२.२	५०६	४३१*
११.	अण्डा	गोटा (लाखमा)	१३,३०६	१४,१००	१४६२०*
१२.	रासायनिक मल आपूर्ति	मेट्रिक टन (हजारमा)	१९१	४०७	४७२
१३.	पशुपन्छीको खोप उत्पादन	डोज (लाखमा)	५२०	५४३	४४९
१४.	कृत्रिम गर्भाधान	संख्या (हजारमा)	७४०	७१०	६७४
१५.	किसान सूचीकरण	संख्या (हजारमा)	६५०	१,४००	१,९१८
१६.	कृषि प्रविधि विकास	संख्या	–	२५	२८

१७.	थप रोजगारी सिर्जना	जना (हजारमा)	२९३	–	३,००० कार्यदिन (हजारमा)
१८.	खाद्य भण्डार केन्द्र स्थापना	संख्या	१३	१४	–

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

*अनुमानित

-सो सूचक उक्त आर्थिक वर्षमा नरहेको ।

२.६. विकास सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (च) मा व्यवस्था गरिएका विकाससम्बन्धी आठ वटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन् ।

२.६.१. विकास योजना तर्जुमा र कार्यान्वयन

दीर्घकालीन सोच, २१०० अनुसार "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य हासिल गर्ने उद्देश्यका साथ "सुशासन, सामाजिक न्याय र समृद्धि" को लक्ष्य सहित आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कार्यान्वयन गर्नेगरी सोह्रौं योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) को खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०८१ जारी गरिएको छ। मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष२०८१/८२-२०८३/८४) तथा वार्षिक विकास कार्यक्रम (आर्थिक वर्ष २०८१/८२) तर्जुमा तथा प्रकाशन गरिएको छ। आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० र ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० तर्जुमा भई कार्यान्वयनमा आएको छ।

दिगो विकास लक्ष्यका सूचकहरूलाई National Data Portal (NDP) मा आबद्ध गराउन NDP को स्तरोन्नति गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। दिगो विकास लक्ष्यका सूचकहरू परिमार्जन गरी विगतका ४ सय ७९ बाट घटाई ३ सय १ कायम गरिएको छ। अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८० (LDC Graduation Smooth Transition Strategy, 2023) तर्जुमा गरिएको छ। दिगो विकास लक्ष्य, २०३० को कार्यान्वयनबाट नेपालले हासिल गरेको हालसम्मको प्रगति समावेश गरी दिगो विकास लक्ष्यहरू, २०३० को स्वेच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review of Sustainable Development Goals , 2030) दस्तावेज तयार गरी संयुक्त राष्ट्र संघको उच्च राजनीतिक मञ्चमा पेस गरिएको छ।

राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System) लाई स्तरोन्नति गरिएको छ। उक्त प्रणालीमा आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म करिब १७ हजार ८ सय ९२ आयोजनाहरू प्रविष्ट भइसकेका छन्। प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको अभिमुखीकरण कार्य सम्पन्न गरिएको छ। स्थानीय तहका लागि स्थानीय तह आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनसम्बन्धी अभिमुखीकरण कार्य सञ्चालन गरिएको छ।

बहुक्षेत्रीय पोषण योजना (तेस्रो) संघ, प्रदेश र स्थानीय सरकार एवम् अन्य विभिन्न सरोकारवालाहरूको सहभागितामा तयार तथा स्वीकृत गरी कार्यान्वयनमा आएको छ। सम्माननीय

प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५२ औं बैठकले विगतका निर्णयहरूको कार्यान्वयनको समीक्षा एवम् अन्तर मन्त्रालयगत समाधान गर्नुपर्ने विषयहरूउपर छलफल गरी समाधानार्थ आवश्यक निर्णय तथा निर्देशन जारी गरेको छ। राष्ट्रिय गौरवका आयोजनाको प्रगति समीक्षा पुस्तक प्रकाशन गरिएको छ। विभिन्न विषयहरूमा राष्ट्रिय योजना आयोगबाट गरिएका अध्ययनहरूको प्रतिवेदन प्रकाशित गरिएको छ।

२.६.२. वस्ती, आवास तथा सहरी विकास

नगर विकास कोष ऐन, २०८० कार्यान्वयनमा आएको छ। अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (तेस्रो संशोधन) गठन आदेश, २०८१ स्वीकृत भएको छ। फोहरमैला व्यवस्थापन सम्बन्धी कानून र आवासको अधिकारसम्बन्धी नियमावली, २०७८ तयार भई स्वीकृतिको प्रक्रियामा रहेका छन्। राष्ट्रिय भवन संहिता NBC २०५, NBC २०६ को परिमार्जन सम्पन्न भई स्वीकृत भएको छ।

२.६.२.१. निजी आवास पुनर्निर्माण

आर्थिक वर्ष २०८०/८१ सम्ममा निजी आवास पुनर्निर्माणका लागि ८ लाख ३४ हजार ८ सय २१ लाभग्राहीसँग अनुदान सम्झौता भई प्रथम किस्ता भुक्तानी भइसकेको छ। आर्थिक वर्ष २०८०/८१मा थप २ सय ३६ जना लाभग्राहीलाई प्रथम किस्ता बापतको रकम भुक्तानी भएको छ। हालसमम्ममा ९२.४ प्रतिशतको दोस्रो किस्ता भुक्तानी र ८९.०५ प्रतिशत लाभग्राहीको तेस्रो किस्ता समेत भुक्तानी भएको छ। आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ५० जनाको तेस्रो किस्ता बापतको रकम भुक्तानी भएको छ। आर्थिक वर्ष २०८०/८१ मा थप ७ सय ३६ वटा थप भै यस आर्थिक वर्षसम्ममा ३ हजार ९२ वटा निजी आवासको प्रबलीकरण सम्पन्न गरिएको र निजी आवास पुनर्निर्माणको कार्य आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ८ सय ८६ वटा थप भई ८९.४२ प्रतिशत सम्पन्न भएको छ। स्वास्थ्य संस्था पुनर्निर्माणतर्फ यस आर्थिक वर्षमा ९ सय ५६ वटा आवास निर्माण कार्य सम्पन्न भई ८० प्रतिशत भौतिक प्रगति भएको छ।

२.६.२.२. सम्पदा संरक्षण तथा प्रबलीकरण

धरहरा पुनर्निर्माण कार्यको ९६ प्रतिशत भौतिक प्रगति भएको छ। त्यस्तै बबरमहल भवन प्रबलीकरणको कार्य, सिंहदरबार पश्चिम लङको प्रबलीकरण तथा केशरमहल भवनको प्रबलीकरणको कार्यमा आर्थिक वर्ष २०८०/८१ सम्ममा शत प्रतिशत भौतिक प्रगति भएको छ। यस आर्थिक वर्षसम्ममा बालमन्दिर भवन प्रबलीकरणको कार्य ७० प्रतिशत सम्पन्न भएको छ। त्यस्तै हालसम्ममा राष्ट्रपति कार्यालय भवन प्रबलीकरण तथा आन्तरिक साजसज्जा कार्य (दक्षिण-पश्चिम भाग) को कार्य ६७ प्रतिशत र त्रिचन्द्र कलेज भवन प्रबलीकरणमा ५५ प्रतिशत भौतिक प्रगति भएको छ। भारतीय अनुदानमा सञ्चालित सम्पदा संरक्षण तथा जिर्णोद्धारका २६

आयोजनामध्ये हालसम्ममा एउटा आयोजना सम्पन्न भएको छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालमा भएका २ सय ५८ संघीय सरकारी कार्यालयहरूको नियमित रूपमा मर्मत कार्य सम्पन्न गरिएको छ।

२.६.२.३. आवास व्यवस्था

विपन्न नागरिक आवास निर्माणका लागि २ लाख १४ हजार २ सय ३० सुरक्षित नागरिक आवास निर्माण गर्ने कार्यक्रम स्वीकृत भएकोमा हालसम्ममा १ लाख ४२ हजार ६४ लाभग्राहीसँग सम्झौता भएको र ८३ हजार ५ सय २० लाभग्राहीको निर्माण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०८०/८१ मा बाँकेको डुडवा, सप्तरीको तिलाठी कोइलाडी, दोलखाको कालिञ्चोक गाउँपालिका र सर्लाहीको ईश्वरपुर नगरपालिकामा गरी चारवटा इमरजेन्सी सेल्टरको निर्माण कार्य सम्पन्न भएको छ ।

२.६.२.४. सघन सहरी विकास

भारतीय सिमानासँग जोडिएका तराई मधेशका जिल्ला सदरमुकाम रहेका २० नगरपालिकाहरू र अन्य नगरपालिकाहरूमा सघन रूपमा सहरी विकासका लागि सडक, नाला, बसपार्क लगायतका सहरी पूर्वाधार विकास गर्न विभिन्न योजनाहरू सञ्चालन भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा १ सय ५४ किलोमिटर कालोपत्रे सडक/नाला निर्माण भएको छ। १० वटा बसपार्क, १० वटा हाटबजार निर्माण गरिएको छ भने १९ वटा पार्क/पोखरी संरक्षण गरिएको छ। यस कार्यक्रम अन्तर्गत हालसम्म १ हजार ४ सय ७३ किलोमिटर सडकको कालोपत्रे/नाला निर्माण भएको छ भने २९ वटा बसपार्क, २० वटा हाटबजार र ३३ बटा पार्क/ पोखरी संरक्षण गरिएको छ ।

२.६.२.५. भवन निर्माण संहिता र सरकारी भवन निर्माण

आर्थिक वर्ष २०८०/८१ मा रसुवाको कालिकास्थान, चितवनको सौराहा, तनहुँको दमौली र धनुषाको महेन्द्र नारायण निधि गरी ४ वटा सभाहलको निर्माण सम्पन्न भएको छ भने १४ वटा सभाहल निर्माणाधीन अवस्थामा छन्। हालसम्ममा बुटवल प्रदर्शनी केन्द्रको ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने दमक भ्यू टावरको निर्माण कार्य शतप्रतिशत सम्पन्न भइसकेको छ। जिल्ला प्रशासन कार्यालयतर्फ चारवटा कार्यालय भवन तथा अन्य निकायमा सातवटा कार्यालय भवनहरूको निर्माण कार्य भैरहेकोमा अन्य निकायतर्फ एउटा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ। छ वटा एकीकृत सरकारी कार्यालय भवन निर्माणाधीन रहेका छन्। नवलपुर नमुना सदरमुकाममा २ वटा एकीकृत सरकारी भवन निर्माण कार्य सुरु भएको छ। पूर्वी रुकुममा एकीकृत सरकारी कार्यालय भवन निर्माणका लागि प्लिन्थ लेभलसम्मको कार्य भएको छ।

सिंहदरबार परिसरको संशोधित गुरुयोजना कार्यान्वयनको लागि सहरी विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको भवन निर्माण तथा सिंहदरबार परिसरभित्र युटिलिटी कोरिडोर निर्माणको डिटेल इन्जिनियरिङ्ग डिजाइन तयार गर्ने कार्य सम्पन्न भएको छ। सम्माननीय सभामुख निवास निर्माणका लागि डिटेल इन्जिनियरिङ्ग डिजाइन तयार गरिएको र विशेष सरकारी वकिल तथा जिल्ला सरकारी वकिल कार्यालयको भवन निर्माण कार्य सम्पन्न भई सम्बन्धित कार्यालयलाई हस्तान्तरण गरिएको छ।

२.६.२.६. वस्ती आवास र सहरीकरण (नयाँ सहर आयोजना)

आर्थिक वर्ष २०८०/८१ मा नयाँ सहरहरूमा थप २४.१३ किलोमिटर सडकको ट्र्याक खोल्ने, ६.६८ किलोमिटर सडक ग्राभेल गर्ने र ०.८६ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। यससम्बन्धी थप विवरण तालिका २० मा प्रस्तुत गरिएको छ।

तालिका २०: नयाँ सहरमा वस्ती आवास तथा सहरीकरणसम्बन्धी विवरण

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७९/०८० सम्म	आर्थिक वर्ष २०८०/०८१
१	सडक ट्र्याक खोल्ने (कि.मि.)	१९७.४८	२४.१३
२	सडक ग्राभेल (कि.मि.)	८५.५७	६.६८
३	सडक ढलान (कि.मि.)	८४७.३३	२.६२
४	सडक कालोपत्रे (कि.मि.)	१९.४१	०.८६
५	नाला निर्माण (कि.मि.)	१२५.९२	१२.५९
६	ढल निर्माण (कि.मि.)	-	०.७८
७	सरकारी कार्यालय भवन निर्माण (वटा)	९	२
८	प्रशासकीय भवन निर्माण (वटा)	१	१
९	सामुदायिक भवन निर्माण (वटा)	५	१
१०	बहुउद्देश्यीय सभाहल निर्माण (वटा)	-	१
११	कभर्ड हल निर्माण (वटा)	१	१
१२	सरकारी भवन मर्मत सम्भार कार्य (संख्या)	४	३

१३	बसपार्क निर्माण (वटा)	५	२
१४	हाटबजार निर्माण (वटा)	४	–
१५	खेलमैदान निर्माण (वटा)	३	–
१६	मनोरञ्जन पार्क निर्माण कार्य (वटा)	७	२
१७	पार्क तथा पोखरी सौन्दर्यकरणको कार्य (वटा)	६	१
१८	ल्याण्ड फिल्ड साइट निर्माण (वटा)	२	-
१९	खानेपानी आयोजना (वटा)	८	१
२०	सौर्य बत्ती (संख्या)	१८०१	–
२१	जग्गा विकास आयोजनाको पूर्वाधार निर्माण (वटा)	४.००	१
२२	जग्गा खरिद (Square Meter)	३५,९६३.६३	–

स्रोतः सहरी विकास मन्त्रालय

२.६.२.७. वस्ती विकास

आर्थिक वर्ष २०८०/८१ को अन्त्य सम्ममा एकीकृत वस्ती विकास अन्तर्गत ६९ आवास तथा भवन निर्माण, ३२.२४ किलोमिटर कालोपत्रे सडक निर्माण, ७६.३१ किलोमिटर नाला निर्माण, ४२.७७ किलोमिटर ग्राभेल सडक निर्माण, ८४.९२ किलोमिटर सडकको स्तरोन्नति गरिएको र ३१ किलोमिटर सडक ढलान गरिएको छ।

२.६.२.८. सहरी करिडोर निर्माण र सहरी जीवनयापन सुधार

क्षेत्रीय सहरी विकासको अवधारणा अनुसार शहरी आर्थिक करिडोरमा सहर विस्तारका लागि अध्ययन गरी सहरी पूर्वाधार विकास सम्बन्धी कार्य भैरहेका छन्। पूर्वी सहरी करिडोर (विराटनगर-इटहरी-धरान) को DPR तयार भइरहेको छ। पश्चिम सहरी करिडोर (भैरहवा-बुटवल-लुम्बिनी-कपिलवस्तु) को DPR तयार भई कार्यान्वयनको चरणमा रहेको छ। वीरगञ्ज-जितपुर-सिमरा कोरिडोर को DPR तयारीका लागि परामर्शदाता छनौटको चरणमा रहेको छ भने मध्य पश्चिम सहरी कोरिडोर (नेपालगञ्ज-कोहलपुर-सुर्खेत) र सुदूरपश्चिम सहरी कोरिडोर (धनगढी-अत्तरिया-भीमदत्त) को रणनीतिक अध्ययन कार्य सम्पन्न भएको छ। दातृ निकाय एशियाली विकास बैंक र नेपाल

सरकारबीच २०७.५ मिलियन अमेरिकी डलरको ऋण सम्झौता भई सहरी जीवनयापनमा सुधार ल्याउन ७ नगरपालिकामा भौतिक पूर्वाधारसम्बन्धी कार्य अघि बढेको छ।

२.६.२.९. स्थानीय पूर्वाधार

ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा जम्मा १७.८९ किलोमिटर सडकको कालोपत्रे कार्य सम्पन्न भई हालसम्म ३ सय १६ किलोमिटर सडक कालोपत्रे भएको छ। प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत तीन प्रदेशमा कार्यक्रम कार्यान्वयन अगाडि बढाउने गरी ६ सडकहरू (७० कि.मि.) को स्तरोन्नति कार्यका लागि DPR तयारी कार्य सम्पन्न गरिएको छ । सोमध्ये ५ वटा सडक ठेक्का प्रक्रियामा रहेका छन्। हालसम्म १५ सय मिटर लम्बाइ रहेको कठाल मल्हनिया मल्टिस्पान झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न गरिएको छ भने नेपालको सबैभन्दा लामो १ हजार ५ सय ७१ मिटरको सुस्ता मल्टिस्पान झोलुङ्गे पुल निर्माणको अन्तिम चरणमा रहेको छ।

स्थानीय पूर्वाधार निर्माणका अन्य कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ सम्ममा १ सय ४८ किलोमिटर सडकको कालोपत्रे र ढलान गरिएको छ। ९६ किलोमिटर सडकको स्तरोन्नति गरिएको, ४८ किलोमिटर ट्र्याक खोलिएको छ भने ५ किलोमिटर नाला निर्माण, ५ सय २३ वटा झोलुङ्गे पुल निर्माण, २३ वटा ग्रामीण सडक पुल निर्माण तथा २६ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

२.६.२.१०. बाग्मती सभ्यता

बागमती र यसका सहायक नदी किनारामा यस आर्थिक वर्ष २०८०/८१ मा १.७ किलोमिटर सडक overlaying , ३४.२१ किलोमिटर सडक निर्माण कार्य र ३.१ किलोमिटर River Training कार्य सम्पन्न भई हालसम्ममा ७६.४५ किलोमिटर नदी नियन्त्रण (River Training) कार्य सम्पन्न भएको छ। बागमती नदीमा सुख्खा याममा समेत न्यूनतम बहाव कायम राख्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा २४ मिटर अग्लो ड्याम निर्माणको कार्य सम्पन्न भइसकेको छ। गोकर्णदेखि सिनामंगलसम्मको ७ किलोमिटर बागमती सौन्दर्यकरण कार्य (BRBIP) सम्पन्न भएको छ।

२.६.२.११. अन्य

आर्थिक वर्ष २०८०/८१ मा नगर विकास कोषबाट रु. १ करोड ६४ लाख अनुदान परिचालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरूको सामाजिक पूर्वाधार, वातावरणीय सुधार तथा आयमूलक आयोजनाहरूको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा स्थानीय तहहरू र खानेपानी उपभोक्ता संस्थाहरूको क्षमता विकास सम्बन्धी कार्यहरू सम्पन्न भएका छन्।

एक लाख रोपनी क्षेत्रफलमा काठमाडौं उपत्यकामा ईशान नयाँ नगर (मध्यपुर थिमी, भक्तपुर,चाँगुनारायण, कागेश्वरी मनोहरा शङ्खरापुर नपाका केही वडाहरू) विकास गर्ने प्रयोजनको लागि उक्त नयाँ नगरको भौतिक विकास योजना तर्जुमा भई स्वीकृतिको प्रक्रियामा रहेको छ। काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजना तयार गर्ने कार्यको लागि परामर्शदाताबाट मस्यौदा प्रतिवेदन प्राप्त भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा २९ हजार ५६ सुरक्षित नागरिक आवास निर्माण, ८ सभाहल समेतको सरकारी भवन निर्माण, ५ सय २३ झोलुङ्गे पुल निर्माण भएको छ। आवास तथा सहरी विकाससँग सम्बन्धित थप विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ।

तालिका २१: शहरी पूर्वाधारसम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१	सुरक्षित नागरिक आवास निर्माण	वटा (हजारमा)	७,६८२	५२८३८*	२९,०५६
२	सरकारी भवन निर्माण (सभाहल समेत)	वटा	२५	२२	८
३	बस पार्क निर्माण	वटा	१४	६	१०
४	सहरी सडक स्तरोन्नति	कि.मी.	५००	३६२.५	१७०.४
५	ग्रामीण कालोपत्रे सडक निर्माण	कि.मी.	२५८	१३४	१६६
६	स्थानीय सडक पुल निर्माण	सङ्ख्या	३०	३२	२३
७	झोलुङ्गे पुल निर्माण	सङ्ख्या	५९४	७४१	५२३
८	स्थानीय तहको प्रशासकीय भवन निर्माण	सङ्ख्या	२०	२७	२६
९	साना सिँचाइ सुविधा पुगेको थप क्षेत्रफल	हेक्टर (हजारमा)	५६६७	७६२५	५५७४

*आर्थिक वर्ष २०७९/८० सम्म स्रोतः सहरी विकास मन्त्रालय

२.६.३. सूचना प्रविधि

नेपालमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग एवम् अभ्याससम्बन्धी अवधारणापत्र स्वीकृत भई कृत्रिम बौद्धिकता (Artificial Intelligence) नीति तर्जुमा कार्य प्रारम्भ भएको छ। सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत

भएको छ। एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत ७७ निकायले काम प्रारम्भ गरेका छन्। सरकारी कार्यालयको वेभसाइटमा एकरूपता कायम गर्न तयार गरिएको Common Template मा आबद्ध रहेका ३ सय ९ निकायहरू मध्ये ८२ वटाको वेवसाइट लाइभ भइसकेको छ। सरकारी क्लाउडमा हालसम्म ३ सय ४५ सरकारी निकायहरूका लागि सूचना प्रविधि प्रणाली सञ्चालन (host) गर्न स्रोत उपलब्ध गराइएको छ। Web Based Centralized E-attendance System को ४ हजार ५ सय ४ उपकरणहरू वितरण गरिएकोमा ३ हजार ५ सय ४९ उपकरण सञ्चालनमा रहेका छन्। यस प्रणालीमा रजिष्टर्ड कर्मचारीको संख्या ६३ हजार ७ पुगेको छ।

६४ सरकारी निकायहरूका ९३ सूचना प्रणालीहरूको Security Audit सम्पन्न भएको छ। विभिन्न सरकारी निकायहरूको ४ सय ७० प्रणालीहरूको Security Audit गरी सुरक्षित बनाउन प्रतिवेदन तयार भएको छ। आर्थिक वर्ष २०८०/८१ मा थप १० समेत हालसम्म ५४ सरकारी निकायको GEA Audit सम्पन्न भएको छ। २०८१ वैशाखमा सम्पन्न भएको तेस्रो लगानी सम्मेलनमा ७ सूचना प्रविधिसम्बद्ध आयोजनाको प्रदर्शन (Showcasing) गरिएको र निजी स्तरमा डाटा सेन्टर निर्माणको लागि सम्झौता भएको छ। नागरिक एपमा ६२ सेवाहरू आबद्ध भएका छन्। सवारी चालक अनुमतिपत्रलाई नागरिक एपमार्फत कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रको पुनः संरचना भएपश्चात उक्त केन्द्र एकीकृत डाटा व्यवस्थापन केन्द्रको रूपमा सञ्चालनमा आएको छ।

अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि हवाइ सेवा सञ्चालकसँग सम्झौता भई ३९ देशका ४२ स्थानमा नियमित अन्तराष्ट्रिय डाँक सञ्चालन गरिएको छ। अन्तराष्ट्रिय डाँक ढुवानी स्रेस्ता अद्यावधिक गरी रसिया बाहेक अन्य देशको दायित्व फरफारक गरिएको छ। ६८ हुलाक बचत बैंकमध्ये ६७ वटा (धनुषा जिल्ला बाहेक) हुलाक बचत बैंकमा रहेको कर्जा र निक्षेप राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण भएका छन्। नेपालमै हुलाक टिकट छपाइ गर्ने कार्य सुरुवात भएको छ भने एक स्थानीय तह एक हुलाकको अवधारणा बमोजिम हुलाक सेवाको पुनः संरचना सुरु गरिएको छ।

इन्टरनेटको ग्राहक घनत्व १ सय ४० प्रतिशत, रेडियोको पहुँच ९४ प्रतिशत, डिजिटल टेलिभिजन पहुँच ७२ प्रतिशत, मोवाइल ब्रोडव्याण्ड सेवा विस्तार ९७ प्रतिशत पुगेको छ भने सबै स्थानीय तहको केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुगेको छ। यससम्बन्धी थप विवरण तालिका २२ मा प्रस्तुत गरिएको छ।

तालिका २२:सूचना प्रविधिसम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९ सम्ममा	आर्थिक वर्ष २०७९/८० सम्ममा	आर्थिक वर्ष २०८०/८१ सम्ममा
१	इन्टरनेट ग्राहकको घनत्व	प्रतिशत	१३०.५६	१३२.३	१४०
२	रेडियोको राष्ट्रिय पहुँच वृद्धि	प्रतिशत	९१	९२	९४
३	अप्टिकल फाइवर विस्तार (२४ कोर माथिको)	किलोमिटर	१२२२४	१५,०००	१५,०००
४	फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	३२.१२	३८	४३
५	मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	९८.४४	९३	९७
६	डिजिटल टेलिभिजन पहुँच	घरधुरी प्रतिशत	७२	७२	७२
७	सरकारी सेवालाई अनलाइनमार्फत प्रवाह गर्ने(प्रकार)	निकाय	४५	६१	७७
८	स्थानीय तहको केन्द्रमा ब्रोन्डब्यान्ड इन्टरनेट पहुँच	संख्या	७५३	७५३	७५३
९	स्वास्थ्य केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच	संख्या	४,२३७	४,३९०	४,७४९
१०	सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच	संख्या	५,२९९	५,३१८	१०,७८४
११	फोर जी सेवा विस्तार	प्रतिशत	५८.५८	६६	७०

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२.६.४. सडक यातायात

आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा हुम्ला जिल्ला सदरमुकाम सिमिकोटमा पनि सडक सञ्जाल मार्फत सवारी साधन पुऱ्याइसकेको अवस्थामा ७७ वटै जिल्ला राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन्। यसरी हालको अवस्थामा सडक सञ्जाल विकासको न्यूनतम आवश्यकता करिब करिब पूरा भएको अवस्था छ भने निर्माण सम्पन्न सडकहरूको सुदृढीकरण, सडक सेवा स्तरमा र सुरक्षा अवस्थामा सुधार र सङ्घीय संरचना अनुरूप सडक सञ्जालको विकासलगायत अन्य कार्यहरू भइरहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा सडक यातायातसम्बद्ध प्राविधिक निर्देशिकाहरू तयार गरी प्रकाशन गरिएको छ। सडक सुरक्षासम्बन्धी कार्यलाई निरन्तरता दिइएको छ। सडकको सुरक्षाका लागि निर्माण र बायो-इन्जिनियरिङलाई निरन्तरता दिइएको छ। सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयका सुपरिटेन्डेन्ट ईन्जिनियरबाट हुने अनुगमन कार्यलाई मासिक रूपमा सम्पन्न गरी समस्या पहिचान र समाधान सहितको प्रतिवेदन पेश गरिएको छ। सडक विभागमा

कार्यरत कर्मचारीहरूबाट नयाँ प्रविधि, कार्य अनुभव, अनुसन्धान तथा मामिला अध्ययन (Case Study) लाई समावेश गरी अर्धवार्षिक रूपमा प्रकाशन हुने बुलेटिन प्रकाशनलाई निरन्तरता दिइएको छ।

नेपाल विद्युत् प्राधिकरण तथा नेपाल दूरसञ्चार प्राधिकरणसँग सडक निर्माणका क्रममा गरिने Utility Relocation को सम्बन्धमा केन्द्रीयस्तरमा कार्यसञ्चालन सम्झौता (MOU) सम्पन्न भई सोही अनुसार कार्य भइरहेको छ। सडक विभाग अन्तर्गत संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखरा र सुर्खेत अन्तर्गतका कार्यालयहरूको कार्यक्षेत्र पुनरावलोकन गरिएको छ। पटके मर्मत सम्भार कार्यको ठेक्का व्यवस्थापनको लागि बोलपत्र कागजात परिमार्जन गरिएको छ।

२.६.५. सडक निर्माण

केही महत्त्वपूर्ण सडक आयोजनाहरू सम्बन्धी विवरण यस प्रकार छः

२.६.५.१. पुष्पलाल (मध्यपहाडी) राजमार्ग

कुल लम्बाइ १ हजार ८ सय ७९ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति र १ सय ३७ पुल निर्माण गर्नेगरी यो आयोजना आर्थिक वर्ष २०६४/६५ मा सुरु भई आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८४/८५ सम्म म्याद थप गर्न प्रस्ताव गरिएको छ। आयोजनाको लागत ८४ अर्ब ३३ करोड (संशोधित) रहेको छ। हालसम्मको समष्टिगत भौतिक प्रगति ७६.९५ प्रतिशत र वित्तीय प्रगति ८०.८२ प्रतिशत रहेको छ। कुल १ हजार ८ सय ७९ किलोमिटरमध्ये हालसम्ममा जम्मा १ हजार ४ सय ५२ किलोमिटर सडकको कालोपत्रे सम्पन्न गरिएको छ। पुल निर्माणतर्फ कुल १ सय ३७ मध्ये थप ३ वटा पुल निर्माण सम्पन्न भै हालसम्ममा कुल १ सय ५ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

२.६.५.२. हुलाकी राजमार्ग

कुल लम्बाइ १ हजार ८ सय ५७ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने र सो राजमार्गमा पर्ने २ सय ५० वटा पुलसमेत निर्माण गर्नेगरी तय भएको यो आयोजनाको अवधि आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्म रहेकोमा आर्थिक वर्ष २०८३/८४ सम्म थप गर्न प्रस्ताव गरिएको छ। आयोजनाको संशोधित लागत रु. १ खर्ब १ अर्व ६३ करोड रहेको छ । संशोधित लागतको आधारमा हालसम्मको समष्टिगत भौतिक प्रगति ६६.११ प्रतिशत र वित्तीय प्रगति ६१.९९ प्रतिशत रहेको छ । कुल १ हजार ८ सय ५७ किलोमिटरमध्ये १ हजार २ सय ५९ किलोमिटर कालोपत्रे सम्पन्न भएको छ भने कुल २ सय ५० पुलमध्ये यो आर्थिक वर्षमा थप ३ वटा पुलको निर्माण भई हालसम्म कुल १ सय ३५ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

२.६.५.३. उत्तर दक्षिण लोकमार्ग (कोशी करिडोर)

यस आयोजनाको कार्यक्षेत्र खाँदबारीदेखि किमाथाङ्कासम्म जम्मा १ सय ६२ किलोमिटर ट्र्याक खोली स्तरोन्नति गर्ने रहेको छ। आयोजनाको अवधि आर्थिक वर्ष २०६५/६६ देखि सुरु भई हाल प्रस्तावित २०८३/८४ (संशोधित) सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको लागत रु. १६ अर्ब रहेको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्मको समष्टिगत भौतिक प्रगति ३५ र वित्तीय प्रगति ३३ प्रतिशत रहेको छ। कुल १ सय ६२ किलोमिटर लम्बाइमध्ये १ सय ५९ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिसकिएको छ। हालसम्ममा ८० किलोमिटर ग्राभेल सम्पन्न भएको र ११ पुलको निर्माण कार्य सम्पन्न भएको छ।

२.६.५.४. कालिगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड)

यस आयोजनाबाट गैंडाकोट-राम्दी-मालढुङ्गा (२ सय ४५ किलोमिटर) सडक ट्र्याक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ। आयोजनाको लागत रु. २५ अर्ब २२ करोड (संशोधित) रहेको छ। आयोजनाको अवधि आर्थिक वर्ष २०६६/६७ मा सुरु भई आर्थिक वर्ष २०८३/८४ (संशोधित) रहेको छ। आयोजना अन्तर्गत हालसम्म गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड (२४५ कि.मि.) अन्तर्गत १९० किलोमिटर कालोपत्रे सडक निर्माण भइसकेको छ। गैडाकोट- राम्दी-मालढुङ्गा खण्डको भौतिक प्रगति ६६.११ प्रतिशत रहेको छ।

२.६.५.५. कालिगण्डकी करिडोर (बेनी-जोमसोम-कोरोला सडक)

यस आयोजनाबाट बेनी-जोमसोम-कोरोला सडक खण्डअन्तर्गत २ सय २ किलोमिटर ट्र्याक खोल्ने र स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ। आयोजनाको लागत रु. १० अर्ब (संशोधित) रहेको छ। आयोजनाको अवधि आर्थिक वर्ष २०७३/७४ मा सुरु भई आर्थिक वर्ष २०८१/८२ (संशोधित) रहेको छ। हालसम्म यस खण्डको भौतिक प्रगति ७७ प्रतिशत रहेको छ। हालसम्ममा १० पुलहरूको निर्माण कार्य सम्पन्न भएको छ।

२.६.५.६. कर्णाली करिडोर (हिल्सा- सिमिकोट सडक योजना), हुम्ला

कर्णाली करिडोर (हिल्सा- सिमिकोट सडक योजना) ले हुम्ला योजनाअन्तर्गत कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की २ सय ६८ वटा किलोमिटर सडक निर्माण गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०६९/७० मा सुरु भई आर्थिक वर्ष २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको यो आयोजनाको कुल लागत रु. ६ अर्ब ६६ करोड १९ लाख रहेको छ भने हालसम्मको समष्टिगत भौतिक प्रगति २७ प्रतिशत रहेको छ। यस आर्थिक वर्षमा राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्ला जिल्ला सदरमुकाम सिमिकोट पनि राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ।

२.६.५.७. नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजनाको लक्ष्य २.६८८ किलोमिटर सुरुङमार्ग निर्माण गर्नु रहेको छ। यस बाहेक एप्रोच सडक, पुल पुलेसा निर्माण, Roadside Service Center, Toll Booth, Operation and Management Building, Water Supply Works निर्माणलगायतका कार्यहरू २०८१ वैशाख १३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको थियो। यस अन्तर्गत २ हजार ६ सय ८८ मिटर लम्बाइको मुख्य सुरुङ वैशाख ३, २०८१ मा ब्रेक थ्रु भएको छ भने २ हजार ५ सय ५७ मिटरको आपत्कालीन उद्धार सुरुङ श्रावण २२,२०८० मा ब्रेक थ्रु भएको छ। आयोजनाको हालसम्मको भौतिक प्रगति ७७.६२२ प्रतिशत र वित्तीय प्रगति ७२.१९ प्रतिशत रहेको छ।

२.६.५.८. मदन भण्डारी राजमार्ग

झापाको बाहुनडाँगीदेखि डडेलधुराको रुपालसम्म पूर्व-पश्चिम राजमार्गको समानान्तर हुनेगरी मदन भण्डारी राजमार्ग निर्माण आयोजना आर्थिक वर्ष २०७५/७६ मा सुरु भई आर्थिक वर्ष २०८४/८५ (संशोधित) सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको लागत रु. ७५ अर्ब रहेको र हालसम्मको समष्टिगत भौतिक प्रगति ५० प्रतिशत रहेको छ भने वित्तीय प्रगति ४९ प्रतिशत रहेको छ। कुल ७ सय ४० किलोमिटर मध्ये यो आर्थिक वर्षमा थप ४२ किलोमिटर सडकको कालोपत्र भई हालसम्ममा ३ सय २७ किलोमिटर सडक कालोपत्रे भइसकेको छ। त्यस्तै यस आर्थिक वर्षमा थप २८ वटा पुलको निर्माण सम्पन्न भई हालसम्म १ सय ८५ वटा पुलमध्ये १ सय ३६ वटा पुलको निर्माण कार्य सम्पन्न भएका छन्।

२.६.५.९. गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक योजना

६५ किलोमिटर कालोपत्रे सडक निर्माण, ३२ वटा पुल निर्माण र ४ स्थानमा पहिरो नियन्त्रण कार्य गर्ने लक्ष्य रहेको यो योजनाको अवधि आर्थिक वर्ष २०७२/७३ देखि आर्थिक वर्ष २०८१/८२ सम्म रहेको छ। योजनाको लागत १५ अर्ब ५० करोड रहेकोमा हालसम्मको समष्टिगत भौतिक प्रगति ६०.१३ प्रतिशत र वित्तीय प्रगति ५९.६१ प्रतिशत रहेको छ। यो आर्थिक वर्षमा थपिएको १.५ किलोमिटर कालोपत्रे र ३ वटा पुलको निर्माण समेत गरी हालसम्ममा कुल ३७.५ किलोमिटरमा कालोपत्रे र १७ पुलको निर्माण सम्पन्न भएको छ भने २ स्थानमा पहिरो नियन्त्रण तथा रोकथाम सम्बन्धी कार्य भइरहेको छ।

२.६.५.१०. नारायणघाट बुटवल सडक आयोजना

नारायणघाट बुटवल सडक आयोजना अन्तर्गत कुल १ सय १३ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ। कुल रु. १७.०२ अर्ब लागत रहेको यो आयोजना आर्थिक वर्ष २०७५/७६ मा सुरु भई आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०८०/८१ सम्ममा २६.४४ किलोमिटर ४ लेनमा र २२.१ किलोमिटर २ लेनमा कालोपत्रे

गर्ने कार्य सम्पन्न भइसकेको छ। ३ सय ८० वटा कल्भर्ट, ३९ वटा साना पुल र ६ वटा ठूला पुलको निर्माण समेत पूरा भएको र १५ वटा निर्माणाधीन अवस्थामा छन्। हालसम्म ६१.५६ किलोमिटर नाली निर्माणको कार्य सम्पन्न भइसकेको छ। यस आर्थिक वर्षमा करिब २१.५६ किलोमिटर सडकको कालोपत्रे, ५ वटा सानो पुल र ३ वटा ठुलो पुलको निर्माण कार्य सम्पन्न भएको छ। यस आयोजनाको हालसम्मको समष्टिगत भौतिक प्रगति ५२.५३ प्रतिशत र वित्तीय प्रगति ४५.२६ प्रतिशत रहेको छ।

२.६.५.११. कञ्चनपुर कमला सडक आयोजना

विक्रम संवत् २०७७ मा सुरु गरी २०८० मा सम्पन्न गर्ने लक्ष्य राखिएको कञ्चनपुर कमला सडक आयोजनाको लागत करिब रु. १५ अर्ब ६६ करोड ४४ हजार रहेको छ। योजनाअन्तर्गत कुल ८६.८३ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा हालसम्मको समष्टिगत भौतिक प्रगति ५०.८९ प्रतिशत र वित्तीय प्रगति ४१.१९ प्रतिशत रहेको छ। त्यस्तै आयोजनाअन्तर्गत हालसम्म २ सय १४ वटा कल्भर्ट निर्माण, ३३.४४ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ भने ५४ मध्ये ५१ वटा मुख्य पुलहरू निर्माणाधीन अवस्थामा रहेका छन्। आयोजनाको १ हजार १ सय ८५ मध्ये १ हजार १ सय ४२ वटा पाइलिङ कार्य र १ सय ३६ मध्ये १ सय ३२ वटा पाइल क्याप कार्य सम्पन्न भएको छ। ७१.५५कि.मी साइड ड्रेन कास्टिंगमध्ये ४७.७६ कि.मी. काम सम्पन्न भएको छ। यो आर्थिक वर्षमा ६.७५ किलोमिटर सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।

२.६.५.१२. काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना

विक्रम संवत् २०७६/५/१ मा विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको, ७०.९७७ किलोमिटर लम्बाइ र २ खर्ब ११ अर्ब ९३ करोड लागत रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको आर्थिक वर्ष २०८०/८१ असार मसान्तसम्मको समष्टिगत भौतिक प्रगति ३५.३८ प्रतिशत र वित्तीय प्रगति ३६.६६ (मोबिलाइजेशन सहित) प्रतिशत रहेको छ। यस आयोजनाको लागि हालसम्म रु.६७ अर्ब ९ करोड खर्च भएको छ। साबिकको ११ प्याकेजहरू परिमार्जन गरी हाल १३ वटा प्याकेज कायम भएको छ।

२.६.६. अन्य सडक आयोजनाहरू

नेपाली सेनाबाट निर्माण भइरहेका सडकको प्रगति देहायबमोजिम रहेको छ।

२.६.६.१. कर्णाली करिडोर (लालिबगर-दुल्लीकुन्ना,घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) (२२.०५ कि.मि.)

आर्थिक वर्ष २०८०/८१ को असारसम्ममा ४ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न भई हालसम्म कुल ८.५ किलोमिटर नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ।

२.६.६.२. बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग (९२ कि.मि.) सडक

आर्थिक वर्ष २०८०/८१ को असारसम्म २.५ किलोमिटर नयाँ ट्र्याक निर्माण र ३ किलोमिटर ट्र्याक स्तरोन्नति सम्पन्न भई हालसम्म कुल ३८ किलोमिटर नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ।

२.६.६.३. कोशी करिडोर (च्याम्ताङ्ग-घोङघप्पा खण्ड) (१०.५ किलोमिटर)

आर्थिक वर्ष २०८०/८१ को असारसम्म २ किलोमिटर नयाँ ट्र्याक निर्माण र ३.५ किलोमिटर ट्र्याक स्तरोन्नति सम्पन्न भई हालसम्म कुल ८.५ किलोमिटर नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ।

२.६.६.४. दार्चुला-टिंकर सडक आयोजना (७९ कि.मि.)

आर्थिक वर्ष २०८०/८१ को असारसम्म ३ किलोमिटर नयाँ ट्र्याक निर्माण र २ किलोमिटर ट्र्याक स्तरोन्नति सम्पन्न भई हालसम्म कुल १३.४ किलोमिटर नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ ।

२.६.७. सडक स्तरोन्नति

ललितपुरको ग्वार्को फ्लाइओभरको निर्माण कार्य अन्तिम चरणमा पुगेको र सिद्धबाबा सुरुङमार्ग अन्तर्गत टनेल खन्ने कार्यमा उल्लेख्य प्रगति भएको छ। उक्त सुरुङमार्गको १ हजार १ सय २६ मिटर सुरुङ खन्ने कार्यमध्ये ३ सय ५६ मिटर सुरुङ खन्ने कार्य सम्पन्न भएको छ। कमला-कञ्चनपुर (सिराहा-सप्तरी) ४ लेन सडकको हालसम्म ४८ किलोमिटर (एकतर्फी दुई लेन) कालोपत्रे सम्पन्न भएको छ। नारायणगढ-बुटवल सडक खण्ड ४ लेन मा स्तरोन्नति गर्ने कार्य अन्तर्गत हालसम्म २६.४४१ किलोमिटर चार लेन र २२.१२६ किलोमिटर दुई लेनमा स्तरोन्नति भएको छ।

कुल यातायात सञ्चालन खर्च न्यूनीकरणका लागि सुरुङमार्ग र द्रुतमार्ग, सहरी क्षेत्रमा हुने ट्राफिक चापको व्यवस्थापनका लागि फ्लाइओभर, अन्डरपास र ओभरपासका साथै सिग्नेचर पुल जस्ता अन्य आधुनिक प्रविधियुक्त पूर्वाधारहरूको निर्माणलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ।

खाँदवारी-संखुवासभा-किमाथान्का सडकको अन्तिम विन्दु नेपाल-चीन बोर्डर टिप्तालासम्म गाडी पुऱ्याई दुई देशबीच यातायात पूर्वाधार जोडिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा थप ७ सय ५६ किलोमिटर सडकको कालोपत्रे र २ सय २ पुल निर्माण गर्ने कार्य सम्पन्न भएको छ। यातायात पूर्वाधारसम्बन्धी थप विवरण तालिका २३ मा दिएको छ।

तालिका २३: यातायात पूर्वाधारसम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१	कालोपत्रे स्तरको सडक (नयाँ) (किलोमिटर)	६१८	८२०	६७५
२	ग्रावेल स्तरको सडक(कि.मि.)	३३५	६२८	३२८
३	माटे सडक (कि.मि.)	२८०	२४३	१६७
४	आवधिक मर्मत(कि.मि.)	२५०	५३८	६५१
५	पुल निर्माण (संख्या)	२८२	२२२	२०२

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

२.६.८. रेल तथा जल यातायात

क) मेची महाकाली विद्युतीय रेलमार्ग

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराईको क्षेत्रमा ९ सय २५ कि.मि कुल लम्बाइको यस रेलमार्गले दिगो, सुरक्षित, किफायती र वातावरणमैत्री यातायातको पहुँच प्रदान गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०६५/६६ मा शुरु भएको यस आयोजनाको लागत ९ खर्व ५५ अर्व २२ करोडमध्ये बर्दिवास चोचा खण्डको लागि ७० अर्व ६२ करोड रहेको छ। हालसम्म पूर्व पश्चिम विद्युतीय रेलमार्गको निर्माणाधीन बर्दिवास निजगढ(चोचा) खण्डको आयोजनाको भौतिक प्रगति ४५.७ प्रतिशत र वित्तीय प्रगति ४५.५८ प्रतिशत (३२ अर्ब १८ करोड मुआब्जा र डिपिआर समेत) भएको छ। बर्दिवास-चोचा (७० किलोमिटर) खण्डमा ६५ किलोमिटर ट्र्याकबेड निर्माण, रेल्वे पुल १३ वटा निर्माण तथा थप ३ वटा रेल्वे पुलहरूको निर्माण अन्तिम चरणमा रहेको छ भने काँकडभिट्टा-इनरुवा खण्डको (१०६ कि.मि.) मा जग्गा प्राप्तिको प्रारम्भिक कार्य सम्पन्न भएको छ।

ख) अन्तरदेशीय रेल पूर्वाधार निर्माण विकास तथा अध्ययन

जयनगर-जनकपुर-बर्दिवास(६९ कि.मि.) रेल्वे पूर्वाधारमध्ये जयनगर-जनकपुर-बिजलपूरा खण्डको ५२ किलोमिटरमा नेपाल रेल्वे कम्पनी लिमिटेडबाट रेल सेवा सञ्चालनमा आएको छ। बथनाहा-बिराटनगर (१८ कि.मि.) अन्तरदेशीय रेल्वे पूर्वाधार निर्माणमध्ये भारतको बथनाहादेखि विराटनगरसम्म १३ किलोमिटर निर्माण कार्य सम्पन्न भएको छ। वीरगञ्ज-काठमाडौं रेल मार्गको Final Location Survey Report तयार भई प्रतिवेदनको मस्यौदा नेपाल सरकारलाई प्राप्त भएको छ भने चीन सरकारको सहयोगमा रसुवागढी-काठमाडौं रेलमार्गको पूर्व सम्भाव्यता प्रतिवेदन प्राप्त भई हाल सो मार्गको सम्भाव्यता प्रतिवेदन तयार गर्नको लागि स्थलगत सर्भेक्षणको कार्य भइरहेको छ।

ग) जल यातायात

पानीजहाजको सञ्चालन तथा व्यस्थापनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई संघीय संसद्मा पेश गर्ने प्रक्रियामा रहेको छ। नेपालका विभिन्न नदी तथा तालहरूमा सञ्चालित जलयानहरूको डाटावेस तयार गर्ने कार्य सम्पन्न भएको छ। नारायणी नदीमा भरतपुरको नारायणी पुलदेखि देवघाटसम्म र सुनकोशी नदीमा अरुण दोभानदेखि रानीटारसम्म जलमार्ग निर्माणका लागि विस्तृत अध्ययन गर्ने कार्य सम्पन्न भएको छ।

२.६.९. सवारी व्यबस्थापन

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारी चालक अनुमतिपत्र हरेक ५ वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्थालाई हरेक १० वर्षमा गर्नेगरी कानूनमा संशोधनका लागि केही नेपाल ऐन संशोधन गर्ने विधेयकको मस्यौदामा समावेश गरी संसदीय समितिमा पेश भएको छ।

विद्युतीय भुक्तानी सहितको सवारी चालक अनुमतिपत्र (Electronic Driving License) प्रणाली कार्यान्वयनमा ल्याउन विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्रको सेवा प्रवाह गर्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०८० स्वीकृत भई कार्यान्वयनमा रहेको छ। गण्डकी प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरू पोखरा कास्की, डुम्रे तनहुँ र वाग्लुङ्गबाट मिति २०८० असार २० गतेबाट विद्युतीय भुक्तानी प्रणाली सञ्चालनमा ल्याइएको छ। साथै, काठमाडौं उपत्यकाका यातायात व्यवस्था कार्यालयहरूमा समेत यो सेवा सुरु गरिएको छ।

२.६.१०. विज्ञान तथा प्रविधि

विधि विज्ञानसम्बन्धी परीक्षणका लागि प्रहरी तथा अदालत लगायतबाट प्राप्त २ हजार ७११ केसका १० हजार ७ सय ५ नमुनाहरू राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण गरी सम्बन्धित

निकायमा प्रतिवेदन पठाइएको छ। प्रयोगशालाको शाखा कार्यालय धनगढी र बुटवलबाट डिएनए परीक्षण सेवा सुरु गरिएको छ। बुटवल कार्यालयमा GCMS (Gas Chromatography Mass Spectrometry) उपकरण जडान गरिएको छ।

नेपाल टेलिभिजनबाट पाक्षिक रूपमा २६ वटा "आजको विज्ञान" कार्यक्रम प्रसारण गरी जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको अभिवृद्धि गर्ने कार्य भएको छ। अन्तर्राष्ट्रियस्तरको जर्नल Scientific World volume -17 प्रकाशन गरिएको छ ।विद्युतीय तथा छापा सञ्चारका माध्यम (Electronic and Print Media) का सम्बन्धित विषयका ९० जना पत्रकारहरूलाई तीन दिवसीय विज्ञान लेखन तालिम प्रदान गरिएको छ। विद्यालयका ८८ जना विद्यार्थी तथा शिक्षकहरूको सहभागितामा वैज्ञानिक अवधारणा प्रवर्धन कार्यक्रम सम्पन्न भएको छ।

विज्ञान सङ्ग्रहालयमा १५ वटा जीवजन्तु विकासक्रमका मोडलहरूको निर्माण र जडान, नगरकोट राष्ट्रिय वेधशालाबाट स्नातकोत्तर तथा स्नातक तहमा अध्ययनरत करिब १ सय ५० जना विद्यार्थीहरूद्वारा खगोलीय पिण्डहरूको प्रत्यक्ष अवलोकन तथा अध्ययन अनुसन्धानको कार्य सम्पन्न भएको छ। छ वटा प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धानका कार्यक्रम सञ्चालन गरिएको छ। मुनाल स्याटेलाइट प्रक्षेपणको लागि Indian Space Research Organization सँग Launch Service Agreement गरिएको छ। नास्ट र काठमाडौं उपत्यका विकास प्राधिकरणसँग वातावरणसम्बन्धी कार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। नेपाल टेलिभिजनबाट ५२ वटा र रेडियो कान्तिपुरबाट ५२ वटा कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ। नेपाल जर्नल अफ साइन्स एण्ड टेक्नोलोजीको ३ वटा भोलुम प्रकाशन गरिएको छ।

काभ्रेको दुत्ती पहिरो नजिकैको गाउँमा पूर्व सूचना प्रणाली जडान गरिएको छ। Nepal Climate Change Development Portal मा नेपालको जलवायु परिवर्तनसम्बन्धी २०० दस्तावेजहरू अपलोड गरिएको छ। यस पोर्टलमा हालसम्म १ हजार २७ दस्तावेज रहेका छन्। ५ सय वटा सुन्तलाका नमुनाहरूमा HLB रोगको PCR प्रविधिद्वारा परीक्षण गरिएको छ भने ८० वटा ढुसी, सूक्ष्मजीवाणु, जीवजन्तु र वनस्पतिका नमुनाको DNA sequencing विश्लेषण गरिएको छ। १ हजार १ सय ३५ वटा विभिन्न स्रोतका पानीका नमुनाको परीक्षण भएको छ।

अनुरोध भई आएका १ हजार ७ सय ६५ वटा विभिन्न नमुनाहरू (XRD – 486, FTIR – 442, GCMS – 174, AAS – 315, UV – 168, NMR – 180) का परीक्षण गरिनुका साथै विश्लेषण सेवा प्रदान गरिएको छ । ६८ जना युवा वैज्ञानिकहरूका लागि अनुसन्धान सहयोग कार्यक्रम अन्तर्गत अनुसन्धान अनुदान तथा ३ वटा विद्यावारिधि शोधवृत्ति प्रदान गरिएको छ।

२.६.११. चलचित्र क्षेत्र

काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा अत्याधुनिक चलचित्र छायाङ्कन स्टुडियो निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भई वन तथा भू-संरक्षण विभागसँग

सम्झौता भएको छ। बक्स अफिस प्रणालीको स्तरोन्नतिका कार्य भइरहेको छ। विद्यालयका बालबालिकाहरूको सहभागितामा लुम्बिनी प्रदेशको अर्घाखाँची र कोशी प्रदेशको इटहरीमा बाल चलचित्र निर्माण प्रशिक्षण कार्यशाला र धनगढीमा बाल चलचित्र महोत्सव सम्पन्न भएको छ। महिला चलचित्रकर्मीहरूको अभिलेखलाई व्यवस्थित गर्न "नेपाली रजतपटका महिलाहरू" नामक पुस्तक प्रकाशन गरिएको छ। चलचित्रसम्बन्धी विषयमा अध्ययनरत स्नातक तहका १० जना, स्नातकोत्तर तहका २ जना र विद्यावारिधि तहका एक जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। ४ सय ४६ जना चलचित्रकर्मीहरूको चलचित्र छायाङ्कन अवधिभरका लागि दुर्घटना बिमा गरिएको छ।

२.६.१२. राष्ट्रिय परिचयपत्र, पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र दफा १० को उपदफा (२) बमोजिम विभिन्न चरणमा विभिन्न सेवाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्नेगरी नेपाल सरकारबाट निर्णय भएको छ। यसबाट राष्ट्रिय परिचयपत्रको उपयोगिता वृद्धिमा टेवा पुग्ने अपेक्षा गरिएको छ |

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग यस विभागको व्यात्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSPMIS) को सेवा आबद्धता भई जन्मदर्ताकै समयमा राष्ट्रिय परिचय नम्बर (NIN) प्रदान गर्ने कार्य सुरु भएको छ । राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग आन्तरिक राजस्व विभाग,स्वास्थ्य बिमा वोर्ड, यातायात व्यवस्थापन विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, सामाजिक सुरक्षा कोष, निवृत्तिभरण व्यवस्थापन कार्यालयको प्रणालीसँग सेवा आबद्धता परीक्षणको कार्य भैरहेको छ।

हालसम्म राष्ट्रिय परिचयपत्रको लागि मुगु, डोल्पा र हुम्लाबाहेक ७४ जिल्लाबाट १ करोड ५१ लाख ६५ हजार ६ सय ४३ जनाको विवरण सङ्कलन गरिएको छ। औसतमा दैनिक १२ हजार जनाको विवरण सङ्कलन गर्ने गरिएको छ। कञ्चनपुर, झापा, चितवन, मोरङ र काठमाडौं गरी ५ जिल्लामा कार्ड वितरण अभियान सञ्चालन भइरहेको छ। हालसम्म परिचयपत्रको लागि कुल ४३ लाख २८ हजार ३ सय ७३ कार्ड छपाइ गरिएको छ तथा ३८ लाख २२ हजार ८ सय ८ कार्ड वितरणका लागि पठाइएकोमा ८ लाख ६७ हजार ५३ कार्ड वितरण भएको छ। (तालिका २४)

आर्थिक वर्ष २०८०/८१ सम्ममा ६८ वर्ष भन्दा माथिका १६ लाख ८९ हजार १ सय ९६ जना ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता पाएका छन् । त्यस्तै ८ लाख ३६ जना बालबालिकाले बाल संरक्षण अनुदान प्राप्त गरेका छन् ।जम्मा ३८ लाख २९ हजार ४ सय ७३ जना लाभग्राहीहरूले सामाजिक सुरक्षा प्राप्त गरेका छन्। (तालिका २५) यस सम्बन्धी थप विवरण तालिका २४ र २५ मा दिइएको छ ।

तालिका २४: राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०८०/८१	आर्थिक वर्ष २०८०/८१ सम्म
१	विवरण सङ्कलन	जना	२०१०९०१	१५१६५६४३
२	परिचयपत्र छपाइ	वटा	४१६५३५९	४३२८३७३
३	परिचयपत्र वितरणको लागि जिल्लामा पठाइएको	वटा	२६६२३५०	३८२२८०८
४	परिचयपत्र वितरण	वटा	७२७३४०	८६७०५३
५	अभियानमार्फत परिचयपत्र वितरण	वटा	३७१६३८	३७१६३८
६	विवरण सङ्कलन अभियान सम्पन्न जिल्ला	वटा	१८	७३
७	राष्ट्रिय परिचयपत्र वितरण अभियान सञ्चालन भएका जिल्ला	वटा	५	५
८	विवरण सङ्कलन अभियान सम्पन्न स्थानीय तह	वटा	१६०	७२१
९	राष्ट्रिय परिचयपत्र वितरण अभियान सम्पन्न स्थानीय तह	वटा	१७	१७

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

तालिका २५: पञ्जीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विवरण

क्र.सं.		विवरण	एकाइ	आर्थिक वर्ष २०८०/०८१ सम्मको लाभग्राही संख्या	कैफियत
१	सामाजिक सुरक्षा	ज्येष्ठ नागरिक (६८ वर्ष माथि)	जना	१६८९१९६	

		ज्येष्ठ नागरिक दलित (६० वर्ष माथि)	जना	१५६१६१	
		ज्येष्ठ नागरिक एकल महिला (६० वर्ष माथि)	जना	१८१८६३	
		ज्येष्ठ नागरिक क्षेत्र तोकिएको (६० वर्ष माथि)	जना	१६४८०	
		विधवा (जुनसुकै उमरको)	जना	३८९२१०	
		पूर्ण अपाङ्ग (जुनसुकै उमरको)	जना	६८३०६	
		अति अशक्त अपाङ्ग (जुनसुकै उमरको)	जना	१४५५१७	
		बालबालिका क्षेत्र तोकिएको (बाल संरक्षण अनुदान)	जना	८०००३६	
		बालबालिका दलित (५ वर्ष मुनि)	जना	३६०३११	
		लोपोन्मुख जनजाति (जुनसुकै उमेरको)	जना	२२३९३	
		जम्मा लाभग्राही संख्या		**३८२९४७३**	
		बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तह	वटा	**७५३**	
२	राष्ट्रिय परिचयपत्र	राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन	जना	**१५१६५६४३**	
३	व्यक्तिगत घटना दर्ता	जन्म	जना	२०३२९०४५	
		मृत्यु	जना	३४९१४७१	
		विवाह	जना	५६५८३३०	

		सम्बन्ध विच्छेद	जना	८७९२९	
		बसाइ सराइ	जना	२४९९९१९	
		जम्मा		३२०६६६९४	

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

२.६.१३. तथ्याङ्क व्यवस्थापन

तथ्याङ्क ऐन, २०७९ र नियमावली कार्यान्वयनमा रहेको तथा तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२ - २०८५ /८६) तयार गरिएको छ। तथ्याङ्क कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी साबिकका ३३ वटा तथ्याङ्क कार्यालयहरूलाई १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूमा रुपान्तरण गरिएको छ।

राष्ट्रिय कृषि गणनाको संघ, प्रदेश, जिल्ला तथा स्थानीयस्तरको प्रतिवेदन, सामुदायिक प्रश्नावलीबाट प्राप्त नतिजाको प्रतिवेदन, विषयगत प्रतिवेदन (सरकारी सुविधाको पहुँच र प्रयोग, कृषि जमीनको प्रयोग, लैङ्गिक), Women's Ownership of Agricultural Land in Nepal (SDG 5.a.1) को प्रतिवेदन र Technical Report of AgriCensus 2078 को प्रतिवेदन प्रकाशन भएको छ। कृषि तथ्याङ्कको प्रयोगसम्बन्धी साक्षरता कार्यक्रम सम्पन्न भएको छ।

राष्ट्रिय होटल तथा रेष्टुरेन्ट सर्वेक्षण, २०८० को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ। वन तथा माछापालक कृषकको तथ्याङ्क अद्यावधिकको कार्य सुरु भएको छ। कृषि अभिमुखीकरण सूचकाङ्क (AOI) तयारीको प्रारम्भिक कार्य सम्पन्न गरिएको छ। दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ को नक्साङ्कन कार्य, आयोजना दस्तावेज, जनशक्ति योजना तथा लागत अनुमानजस्ता पूर्व तयारी कार्य सम्पन्न भएको छ। नेपाल जीवनस्तर सर्वेक्षण चौथोको राष्ट्रिय, प्रादेशिक तथा संक्षिप्त नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ। नेपालमा गरिबी सम्बन्धी नतिजा प्रकाशनका साथै स्थलगत रूपमा तथ्याङ्क भिडाउने (Data Verification) र गुणस्तर मापन सम्बन्धी कार्य सम्पन्न भएको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण चौथो सम्बन्धी प्रारम्भिक कार्य (प्रश्नावली तयारी, स्याम्पल डिजाइन) तयार गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ बाट प्राप्त सूचकहरू समेटिएको जनसांख्यिक पुस्तक, जनसङ्ख्या साक्षरता नामक पुस्तक, प्रक्रियागत संस्मरण पुस्तक, राष्ट्रिय जनगणना, २०७८ र सञ्चारमाध्यम पुस्तक, प्रदेशस्तरको जनसाङ्ख्यिक प्रतिवेदन, स्थानीय तहको जनसाङ्ख्यिक प्रतिवेदन, सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरणको प्रतिवेदन, व्यक्तिगत घटना दर्तासम्बन्धी तथ्याङ्कीय प्रतिवेदन, अपाङ्गतासम्बन्धी प्रतिवेदन, सामुदायिक

प्रश्नावलीबाट प्राप्त नतिजाको प्रतिवेदन, जनसङ्ख्या मासिक बुलेटिन जस्ता पुस्तक तथा प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरिएको छ । जलवायु परिवर्तन सर्वेक्षण २०२२ र Environment Statistics of Nepal, Enhancing Disaster Related Statistics in Nepal को प्रतिवेदन सार्वजनिक गरिएका छन् । Nepal Statistical Year Book 2023, Nepal in figures 2023, नेपालको तथ्याङ्कीय झलक २०८१ प्रकाशन भएका छन् । गणना क्षेत्र नक्साङ्कन अन्तर्गत १ सय ७ स्थानीय तहमा गणना क्षेत्र नक्साङ्कन सम्बन्धी कार्य सञ्चालन गरी २ हजार ६ सय ६८ गणना क्षेत्र निर्माण कार्य सम्पन्न भएको छ।

नेपाल बहुसूचक सर्वेक्षणको घरपरिवार लगत सूचीकरण कार्य सम्पन्न भएको छ। Server Management Capacity Development, तथ्याङ्क विश्लेषण सम्बन्धी क्षमता अभिवृद्धि तालिम, प्रदेश र स्थानीय तहका व्यवस्थापन सूचना प्रणालीको अध्ययन, तथ्याङ्क कार्यालयहरूको सूचना प्रविधिको आवश्यकता पहिचान र हेटौंडा स्थित Disaster Recovery Center मा Backup राख्ने कार्य सम्पन्नभएका छन्।

वार्षिक, त्रैमासिक र प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको अनुमान गरी सार्वजनिक गरिनुका साथै प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको सबलीकरण कार्यक्रम गरिएको छ। रिवेसिङ् कार्यका लागि आवश्यक अध्ययन/सर्वेक्षण गरिएको तथा सोको भ्यालिडेशन तथा भेरिफिकेशन कार्य सम्पन्न भएको छ। औद्योगिक उत्पादक मूल्य सूचकाङ्क, कृषि वस्तुहरूको उत्पादक मूल्य सूचकाङ्क, निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क र औद्योगिक उत्पादन सूचकाङ्क तयार गरी प्रकाशन गरिएको छ। राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक २ (दुई) पटक सम्पन्न भएको छ। तथ्याङ्क नियमावली, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (दोस्रो तथ्याङ्कीय नयाँ अभ्यास, तथ्याङ्क उपयोग तथा उत्पादन, भौगोलिक सूचना प्रणाली, विभिन्न सप्टवेयर (R, PYTHON, STATA, Cspro), राष्ट्रिय लेखा, प्रशासनिक क्षमता अभिवृद्धि सम्बन्धी विषय क्षेत्रमा कर्मचारी र अन्य सम्बद्ध पक्षलाई तालिम प्रदान गरिएको छ।

२.७. प्राकृतिक साधनस्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (छ) मा व्यवस्था गरिएका प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नौ वटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.७.१. वन विकास

राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति, २०८०; वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०; र संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यबिधि, २०८० स्वीकृत भएको छ। वन नियमावली, २०७९ मा पहिलो र दोस्रो संशोधन भएको छ भने लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ मा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ का केही दफाहरूमा संशोधन भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा ४८ वटा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, ८ वटा पूरक वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, २५ वटा क्षेत्र निर्धारण प्रतिवेदन/कार्यसूची स्वीकृत गरिएको छ। यस आर्थिक वर्षमा ६२ वटा विकास आयोजनालाई ९ सय १९.४९ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको छ।

२.७.२. जैविक विविधता तथा जलाधार संरक्षण

रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम अन्तर्गत NFIS/SIS सम्बन्धी तालिम प्रदान गरिएको छ। सरोकारवालाहरूलाई रेड कार्यान्वयन तालिम प्रदान गरिएको छ भने FPIC मार्गदर्शन जारी गरिएको छ। जलवायु उत्थानशील चुरे कार्यक्रम सञ्चालनमा रहेको छ, जसअन्तर्गत १ सय ६ वटा गल्छी नियन्त्रण/नदी खोला किनार स्थिरीकरण गरिएको छ। ४४ वटा संरक्षण पोखरी/छेकबाँध निर्माण भएका छन् भने २४ वटा नमुना प्राकृतिक स्रोत व्यवस्थापन फिल्ड पाठशाला (NRMFS) निर्माण तथा सञ्चालन भएको छ। ८ सय ९१ हेक्टर Assisted Natural Regeneration(ANR) कार्यक्रम सञ्चालनमा रहेको छ। १७ वटा वन नर्सरी स्थापना गरी १४.१५ लाख गोटा बिरुवा उत्पादन गरिएको छ।

चुरे क्षेत्रमा वृक्षारोपण गर्न २ लाख ५० हजार बिरुवा उत्पादन/खरीद गरिएको छ। त्यस्तै २३ तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन गरिएको छ। ९८ वटा गल्छी, पहिरो, खहरे रोकथाम गरिएको छ। २१.४१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन भएको छ भने ४० स्थानमा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग गरिएको र ५६ हेक्टर क्षतिग्रस्त भूमि पुनरुत्थान तथा अन्य संरक्षणका कार्यहरू भएका छन्।

वन पैदावारमा आधारित उद्यम प्रवर्धनको लागि उद्यमी, विज्ञ तथा अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया गरिएको छ। सुरक्षाकर्मी तथा वन क्षेत्रमा कार्यरत जनशक्तिका लागि वन्यजन्तु, आखेटोपहार पहिचान तथा उद्धार सम्बन्धी तालिम प्रदान गरिएको छ। संरक्षित क्षेत्र बाहिर अध्ययन अनुमति प्राप्त गरी अध्ययन समापन गरेका प्रतिवेदनको प्रकाशन गरिएको छ। १ लाख ६१ हजार बहुवर्षीय बिरुवा उत्पादन तथा वन अनुसन्धानका लागि मोरङ्ग जिल्लामा अनुसन्धानमूलक नर्सरी स्थापना गरिएको छ।

मुलुकभरि विभिन्न ६५ स्थानमा गल्छी पहिरो नियन्त्रण गरिएको तथा २१ वटा संरक्षण पोखरी/तालतलैया/सिमसार क्षेत्र व्यवस्थापन गरिएको छ। २० वटा पानीका मुहान, १ सय २ स्थानमा ८.३२१ किलोमिटर खोला/नदी किनारा संरक्षण गरिएको छ। जैविक विविधता संरक्षणका लागि विभिन्न प्रकारका १ लाख ३० हजार बहुवर्षीय बिरुवा उत्पादन गरिएको तथा कृषि वन प्रवर्धनका लागि २७ हेक्टरमा वृक्षरोपण गरिएको छ। प्रकृतिमा आधारित संरक्षण संरचना ५ स्थानमा र १४ स्थानमा साना सिँचाइ कुलो संरक्षण/निर्माण भएको छ।

सन् २०३० सम्ममा संरक्षित क्षेत्रहरूलाई आत्मनिर्भर बनाउने सम्बन्धी अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ। २०८० वैशाख १ देखि ७ सम्म विभिन्न कार्यक्रमहरू गरी वन्यजन्तु सप्ताह मनाइएको छ। हात्ती /चितुवा प्रभावित क्षेत्रमा १५ सोलार आउटडोर ल्याम्प जडान गरिएको तथा निकुञ्ज क्षेत्रभित्रका १ हजार १ सय १२ हेक्टर घाँसे मैदान व्यवस्थापन सम्पन्न भएको छ। निकुञ्ज क्षेत्रमा १ सय ५० कि.मि पर्यटक पदमार्ग मर्मत तथा निर्माण तथा ३५ वटा भ्यू टावर (मचान) मर्मत गरिएको छ।

२.७.३. जडिबुटी संरक्षण, अनुसन्धान तथा विकास

वनस्पति अनुसन्धानका सातवटा केन्द्रहरूमा ४ लाख जडीबुटीका बिरुवा उत्पादन भएको छ। वनस्पति अनुसन्धान केन्द्रहरूमार्फत ३ सय १ जना कृषकहरूको सहभागितामा जडीबुटी खेतीसम्बन्धी तालिम सञ्चालन भएको छ। वनस्पति अनुसन्धान केन्द्रहरूमार्फत १५ वटा विद्यालयमा जडीबुटी सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको छ। DNA Barcoding, Genomic Characterization अध्ययनको लागि ३२ प्रजातिका १०० DNA नमुनाको विभिन्न Primers मा PCR Amplification गरिएको छ। विभिन्न जडिबुटीको पकेट क्षेत्र प्रवर्धन कार्यक्रम अन्तर्गत पकेट क्षेत्र प्रवर्धनका लागि ७ समूह/सहकारीसँग सम्झौता भई व्यावसायिक खेती भएको छ। *Dendrobium heterocarpum* को टिस्युकल्चर प्रविधि विकास हुनुका साथै ३३ प्रजातिका वनस्पतिका बिरूवाहरू In-vitro Gene Bank मा संरक्षण गरिएको छ।

Mosquitocidal Spray को Formula तथा प्रारूप (Pritype) तयार भएको छ। राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा रहेका १ लाख ७० हजार हर्बेरियम नमुनाहरूको व्यवस्थापन गरिएको छ। A Handbook of the Flowering Plants of Nepal Volume-5 र Algal Flora of Nepal Volume-2, Catalogue एवम् Khaptad Checklist प्रकाशन भएको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा १ लाख ६३ हजार हर्बेरियम नमुनाहरूको Digitization कार्य सम्पन्न गरिएको छ भने

१२ वनस्पति उद्यानमा १ लाख ८१ हजार ७३४ मौसमी शोभनीय फूल बिरुवा तथा १ लाख ७ हजार ९ सय ८८ बहुवर्षीय शोभनीय बिरुवा उत्पादन भएका छन्।

आर्थिक वर्ष २०८०/८१ मा वन क्षेत्रबाट करिव ६ अर्व ८८ करोड राजस्व सङ्कलन भएको छ। ३ करोड ७६ लाख ३४ हजार क्युविक फिट काठ उत्पादन हुनुका साथै २ हजार ५ सय १० हेक्टरमा वृक्षरोपण र चुरे क्षेत्रमा ९८ गल्छी पहिरो खहरे नियन्त्रण भएको छ। वन तथा वातावरण सम्बन्धी थप विवरण तालिका २६ मा प्रस्तुत गरिएको छ।

तालिका २६: वन तथा वातावरणसम्बन्धी मुख्य विवरण

क्र. सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	राजस्व सङ्कलन	रु.लाखमा	५५०००	४७७००	६८८०००
२.	वन क्षेत्रबाट प्राप्त आम्दानी	रु. लाखमा	९,६७१.८५	१३,९४९	१३,११७
३.	रोजगारी सृजना (हजार)	श्रमदिन	४७९०	४७९०	१३६६
४.	काठ उत्पादन	क्यु फिट हजारमा	२१७००	३१८६१	३७६३४
५.	दाउरा उत्पादन	चट्टा	१४,६२६	४१,९०९	४८,४७४
६.	बिरुवा उत्पादन	वटा लाखमा	१८५	१५९.७३	४७१.४३
७.	वृक्षारोपण	हेक्टर लाखमा	०.०३	०.०२	०.०२५
८.	सुगन्धित तेल उत्पादन	टन	१६.५९	१९.६६	१६.१६
९.	हर्बल केयर उत्पादन	थान लाखमा	५३.४९	५३.३७	३०. ९६
१०.	जडीबुटी प्रजातिका नमुनाहरूको विदेश निकासीमा सहजीकरण	थान नमुनाको संख्या	१५२९	१०४७	८९७
११.	हर्बोरियम नमुना डिजिटाइजेसन	वटा	३२००९	२६१७८	१२३३०
१२.	घाँसे मैदान व्यवस्थापन	हेक्टर	१८४७	१२२०	१११२
१३.	पानी पोखरी निर्माण तथा मर्मत	वटा	१०७	५९	४५

१४.	मानव वन्यजन्तु द्वन्द्वका घटना	संख्या	१०,१८३	९४३१	१०,२९७
१५.	राहत वितरण	रु लाखमा	१४८३.२८	१२००	१५३१
१६.	मेषजाली सहितको तारवार निर्माण	कि.मि	३२.३५	२५	२३
१७.	विद्युतीय तारवार निर्माण	कि.मि	५	३.७	७
१८.	गल्छी पहिरो र खहरे नियन्त्रण	वटा	१७०	९३	९८
१९.	नदी खोला किनारा व्यवस्थापन	कि.मि.	३०.८५	९.७२६	२१.४१
२०.	भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग	वटा	७७	३५	४०
२१.	वातावरणीय प्रभाव अध्ययन	वटा	५०	३७	४८
२२.	पूरक वातावरणीय प्रभाव अध्ययन	वटा	६	५	८
२३.	क्षेत्र निर्धारण प्रतिवेदन/कार्यसूची	वटा	५२	४५	२५
२४.	वायु गुणस्तर मापन केन्द्रहरू सञ्चालन	वटा	२९	२९	३०
२५.	वन क्षेत्र अन्य प्रयोजनका लागि प्रदान	हेक्टर	४६५.४१६	४४७.१०	९१९.४९

स्रोतः वन तथा वातावरण मन्त्रालय

२.७.४. विपद् व्यवस्थापन

विपद्बाट क्षतिग्रस्त वा जोखिममा रहेका निजी आवासलाई सुरक्षित तरिकाले प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापना लागि प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्न तर्जुमा भएको "विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१" स्वीकृत भएको छ। साथै, मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको छ।

जाजरकोट/बझाङ्ग भूकम्पका कारण प्रभावित लाभग्राहीको अस्थायी आवास निर्माणका लागि हालसम्म ८५ हजार ६ सय ९० लाभग्राहीको खातामा पहिलो किस्ता बापतको रकम निकासा भएको छ। हालसम्म ६७ हजार ९ सय २२ अस्थायी आवास निर्माण सम्पन्न भइसकेको र ४

हजार ३ सय ३९ अस्थायी आवास निर्माण भइरहेको छ। जाजरकोट, बझाङ्ग र डोटी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको Preliminary Damage and Need Assessment (PDNA) प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा लगिएको छ। निजी आवास र सार्वजनिक भवन संरचनाहरूको प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आकलन (Detailed Damage Assessment, DDA) को लागि अनुमानित लागत सहितको अवधारणा पत्र तयार भई स्वीकृत भएको छ।

माथिल्लो अरुण जलविद्युत् आयोजना र अरुण नदी वेसिनमा विपद् जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय निर्देशक समिति (National Steering Committee-NSC) र प्राधिकरणमा आयोजना कार्यान्वयन एकाइ (Project Implementation Unit-PIU) गठन एवम् कार्य क्षेत्रगत शर्तहरु (Terms of Reference) स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। Bipad Portal, Volunteer Management System (VMS), Resource Management System (Godam), Reconstruction Management Information System (RMIS) लाई स्थानीयकरण गरिएको छ। साथै, दोलखा, जाजरकोट तथा रुकुम (पश्चिम) जिल्लाका जोखिमयुक्त बस्तीको भौगर्भिक अध्ययन सम्पन्न भएको छ।

विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि पारित गरिएको छ। साबिकमा भूकम्प प्रभावितले मात्र अस्थायी तथा स्थायी आवास निर्माणका लागि अनुदान पाउने गरेकोमा उक्त कार्यविधिको आधारमा सबै प्रकारका विपद्का कारणले घरवारविहीन भएका परिवारले अस्थायी आवास निर्माणका लागि ५० हजार र स्थायी आवासका लागि जिल्लागत वर्गीकरणअनुसार ४ लाख देखि ६ लाख रुपैयाँसम्म अनुदान पाउने व्यवस्था भएको छ।

जाजरकोट/बझाङ्ग भूकम्पका कारण प्रभावित लाभग्राहीको अस्थायी आवास निर्माणका लागि हालसम्म ८५ हजार ६ सय ९० लाभग्राहीको खातामा पहिलो किस्ता बापतको रकम निकासा भएको छ। त्यस्तै हालसम्म ६७ हजार ९ सय २२ अस्थायी आवास निर्माण सम्पन्न भइसकेको र ४ हजार ३ सय ३९ अस्थायी आवास निर्माण भइरहेको छ।

२.७.५. सिँचाइ विकास

सिँचाइ नीति, २०८०; नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८०; जल तथा मौसम विज्ञान नीति, २०८०; एकीकृत कर्णाली सिँचाइ र नदी नियन्त्रण आयोजना कार्यन्वयन निर्देशिका, २०८० स्वीकृत भई कार्यान्वयनमा ल्याइएका छन्। जल तथा मौसम विज्ञान नीति र जल तथा मौसम विज्ञान गुरुयोजना तर्जुमाका लागि कार्य भइरहेको छ।

समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रममार्फत ६ सय ७१ डिपट्युबवेल निर्माण र ३ सय ७ संरचना निर्माण सम्पन्न भएको छ। भेरी करिडोर सिँचाइ विकास आयोजनाको लिफ्ट सिँचाइद्धारा यस आर्थिक वर्षमा थप ५ सय हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध भई हालसम्ममा २ हजार ३ सय हेक्टरमा सिँचाइ सेवा उपलब्ध भएको छ। नदी व्यवस्थापन अन्तर्गत जग्गा उकास कार्यतर्फ ९७ हेक्टर जग्गामा उकास कार्य सम्पन्न भएको छ।

त्यस्तै पालुङटार- कुण्डुटार सिँचाइ आयोजनामा एउटा इन्टेक निर्माण कार्य सम्पन्न भएको छ। बृहत दाङ उपत्यका सिँचाइ आयोजना क्रमागत र नयाँ गरी ६० वटा सतह सिँचाइ प्रणाली पुनः स्थापना कार्य तथा क्रमागत र नयाँ गरी १३ वटा जलाशय निर्माण कार्य सम्पन्न भएको छ। प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको नहर निर्माण कार्य ८.३ किलोमिटर र Lining कार्य ७.७ किलोमिटर सम्पन्न भएको छ। भेरी नगरपालिका -१३, जाजरकोटमा अवस्थित कुदु लिफ्ट सिँचाइ नहरको निर्माण कार्यको भौतिक प्रगति ८५ प्रतिशत रहेको छ। कोलचौर, रग्दा र तल्लो बगर लिफ्ट सिँचाइ, नलगाड न.पा. १० र १२, जाजरकोटको निर्माण कार्यको ६५ प्रतिशत भौतिक प्रगति भएको छ।

सुनसरी मोरङ्ग सिँचाइ आयोजनाको कोशी नदीमा स्पर तथा रिभेटमेन्ट निर्माण/मर्मत ८० प्रतिशत सम्पन्न भएको छ। बुढीखोला एक्वेडक्ट संरक्षण कार्य ९० प्रतिशत सम्पन्न भएको छ। बृहत् सरकारी सिँचाइ योजनाको पुनः स्थापना तथा व्यवस्थापन हस्तान्तरण आयोजनाको कोशी पम्प, कमला, नारायणी तथा गण्डक सिँचाइ पुनःस्थापना कार्य क्रमशः ४१, ६७, ८० र ४०.३९ प्रतिशत सम्पन्न भएको छ भने नहर संरचना मर्मत सम्भार कार्य ७० प्रतिशत सम्पन्न भएको छ। जलाधार क्षेत्रमा जल उत्पन्न प्रकोप व्यस्थापन कार्य अन्तर्गत २४० वटा चेक ड्याम/संरचना निर्माण भएका छन् भने ८.६७ कि.मि तटबन्ध निर्माण कार्य सम्पन्न गरिएको छ।

Mechanized Irrigation Innovation Project (MIIP) लागु गरी Pre-Paid Card System सहितको भूमिगत सिँचाइ प्रणाली मार्फत सर्लाही र रौतहट जिल्लाको २२ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउनको लागि नमुना आयोजना सञ्चालनमा रहेको छ। नदी व्यवस्थापन कार्य अन्तर्गत नदी कटान तथा डुबानबाट हुने क्षतिलाइ न्युनीकरण गर्न विभिन्न क्षेत्रका नदी किनारमा ठुला-ठुला ढुङ्गा (Big-Boulder) को प्रयोग भई प्रभावकारी ढङ्गले काम भइरहेको छ। पाल्पा र उदयपुरमा अत्याधुनिक राडार केन्द्र स्थापना गरी मौसम र बाढी पूर्वानुमान सेवा सुदृढीकरण गरिएको छ। विषम मौसम परिस्थितिको जानकारी Mass SMS प्रविधिमार्फत प्रदान गर्नको लागि सञ्चार सेवा प्रदायकसँग सम्झौता सम्पन्न गरिएको छ।

सिँचाइको विकासका लागि देशभरमा विभिन्न आयोजनाहरू सञ्चालित छन्। सिँचाइ क्षेत्रका केही प्रमुख आयोजनाहरूको प्रगति विवरण यस प्रकार छ।

२.७.५.१. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

आयोजना अन्तर्गत १२.२० किलोमिटर हेड रेस टनेल (सुरुङ्ग) निर्माण कार्य सम्पन्न भइसकेको छ। बाँध निर्माण स्थल चिप्लेमा बाँध निर्माण कार्य सुरु भएको छ। पावर हाउस निर्माण स्थलमा Permanent Slope कटान गर्ने कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ। हाइड्रोमेकानिकल सम्बन्धी निर्माण कार्य अन्तर्गत Spillway को Bay-2 को स्टिल लाइनिङ्ग कार्य सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल सम्बन्धी निर्माण कार्यको डिजाइन एवं ड्रइङ्गको कार्य भइरहेको छ। विद्युत् प्राधिकरण, ग्रिड विभाग (Grid Department) सँग मिति २०८०/१०/२२ मा विद्युत् प्रसारण लाइनसम्बन्धी कनेक्सन सम्झौता सम्पन्न भएको छ। यसै आर्थिक वर्षमा थप १०.५९ हेक्टर जग्गा प्रप्तिको लागि सूचना प्रकाशन, जग्गाको स्वामित्व यकिन गरी ६.५३ हेक्टर जग्गाको मुआब्जा वितरण भएको छ। योजनालाई चाहिने कुल ३३.०० हेक्टर जग्गामध्ये हाल सम्ममा १४.६४ हेक्टर जग्गा आयोजनाले प्राप्त गरिसकेको छ। आर्थिक वर्षको अन्त्यसम्ममा आयोजनाको कुल भौतिक प्रगति ६५.८० प्रतिशत पुगेको छ।

२.७.५.२. महाकाली सिँचाइ आयोजना

महाकाली सिँचाइ आयोजनाको मूल/शाखा/उपशाखा नहर निर्माणको लागि जग्गा प्राप्ति कार्य १ सय २ हेक्टर सम्पन्न भएको छ। मूल नहर २८ किलोमिटर तथा शाखा नहर करिब १२ किलोमिटर निर्माण सम्पन्न भएको छ। ६ नहर साइफन, २४ ड्रेन साइफन, ३ राजमार्ग पुल, २ सडक पुल, ३९ ग्रामीण सडक पुल (VRB), २१ हेड रेगुलेटर (HR) र ६ क्रस रेगुलेटर (CR) निर्माण सम्पन्न भएका छन्। यसै आर्थिक वर्षमा Disilting बेसिन निर्माण, २ Syphon निर्माण, ८ किलोमिटर शाखा नहर निर्माण, २.४८ किलोमिटर तटबन्ध र ८.१६ हेक्टर जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ।

२.७.५.३. रानी जमरा-कुलरिया सिँचाइ आयोजना

यस आयोजनाको शाखा / उपशाखा/प्रशाखा नहरमा २ सय ३५ नयाँ संरचना निर्माण सम्पन्न भएका छन्। पथरैया नदीमा तीन पुल निर्माण सम्पन्न गर्नुपर्नेमा ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। पथरैया नदीमा सबै १ सय ६८ वटा Piling सम्बन्धी निर्माण कार्य सम्पन्न भएको छ भने १३ वटा Raft र १० वटा Deck Slab समेतको निर्माण सम्पन्न भइसकेको छ। यसै आर्थिक वर्षमा मूल इन्टेक निर्माण, Desettling basin तथा मूल नहरमा गेट जडानको कार्य सम्पन्न हुनुका साथै १४ किलोमिटर लम्की शाखा नहर परीक्षण कार्य तथा विद्युत्गृहको निर्माण कार्य सम्पन्न भएको छ।

२.७.५.४. सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको १३.३० किलोमिटर हेड रेस टनेल (सुरुङ्ग) निर्माण कार्य सम्पन्न भइसकेको छ। हेडवर्क्स र विद्युत्गृह निर्माण कार्यको भौतिक प्रगति ५ प्रतिशत पुगेको छ। यसै आर्थिक वर्षमा TBM बाट ५.९४५ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न गरी जम्मा १३.३० किलोमिटर सुरुङको ब्रेक थ्रु कार्य समेत सम्पन्न भएको छ।

२.७.५.५. सिक्टा सिँचाइ आयोजना

यस आयोजना अन्तर्गत अगैयास्थित राप्ती नदीमा ब्यारेज निर्माण कार्य सम्पन्न भइसकेको छ। आयोजनाको दायाँ (पश्चिम) मूलनहर अन्तर्गतका शाखा, प्रशाखा नहर निर्माण कार्य ३३.५ किलोमिटर तथा आयोजनाको बायाँ (पूर्वी) मूल नहर विस्तार तथा शाखा, उपशाखा निर्माण कार्य (नरैनापुर समेत) ३७.६७ किलोमिटर सम्पन्न भएको छ। यसै आर्थिक वर्षमा पश्चिम मूलनहर अन्तर्गत गुरुवागाउँ शाखा नहरको २ हजार मिटर, सिधनिया शाखा नहरको २ हजार मिटर, पर्सेनिपुर शाखा नहरको ३ हजार ५ सय मिटर र अकलगरहवा शाखाको १ हजार ३ सय ८० मिटर गरी जम्मा ८.८८ कि.मि नहर निर्माण कार्य सम्पन्न भएको छ भने पूर्वी मूल नहर अन्तर्गतको ठेक्का सम्पन्न भई नियमित पानी सञ्चालन भएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्ममा सतह सिँचाई, भूमिगत सिँचाई , लिफ्ट तथा जलाशय सिँचाई समेतबट कुल १५ लाख ६९ हजार हेक्टरमा सिँचाई सुविधा पुगेको छ। त्यस्तै देशका विभिन्न स्थानमा १ सय ७५ वटा स्वचालित जल मापन केन्द्र स्थापना र सञ्चालन भएको छ। यसै अवधिसम्ममा १ हजार ४ सय २७ किलोमिटर तटबन्ध निर्माण भएको छ। यस सम्बन्धी विवरण क्रमशः तालिकाहरू २७, २८ र २९ मा दिइएको छ।

तालिका २७: सिँचाइ क्षेत्रको तुलनात्मक मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७९/८० को	आर्थिक वर्ष २०८०/८१ को	आर्थिक वर्ष २०८०/८१ सम्मको
१	सतह सिँचाइ	हेक्टर	६,२३९	५,३६५	१०२८१००
२	भूमिगत सिँचाइ	हेक्टर	१७,१३०	६,६९०	५,३७,३४४

३	लिफ्ट तथा जलाशय सिँचाइ	हेक्टर	१०७०	१,४६९	३,५८८
४	कुल जम्मा	हेक्टर	२४,४३९	१३,५२४	१,५६९,०३२

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

तालिका २८: जल तथा मौसम विज्ञानसम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१	आर्थिक वर्ष २०८०/८१ सम्मको
१	स्वचालित जल मापन केन्द्र स्थापना र सञ्चालन	वटा	२०	१५	१७५
२	स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन	वटा	१४	५७	३३२
३	मौसमी राडार (C-Band) स्थापना र सञ्चालन	वटा	२	_	३

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

तालिका २९: तटबन्ध तथा जग्गा उकाससम्बन्धी मुख्य विवरण

क्र.सं.	आयोजनाको प्रकार	एकाइ	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१	आर्थिक वर्ष २०८०/८१ सम्मको
१.		किलोमिटर	७६.२५	६३	१४२७.४९

	तटबन्ध				
२.	जग्गा उकास	हेक्टर	२३३.५८	४१६	१३२०१.८८

स्रोतः उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

२.७.६. जलविद्युत् एवम् ऊर्जा

ग्रीन हाइड्रोजन नीति, २०८०; बुढीगण्डकी जलविद्युत् आयोजना पुनर्वास तथा पुनःस्थापना सम्बन्धी कार्यविधि,२०८०; र विद्युत् नियमन आयोग कर्मचारी प्रशासन विनियमावली, २०७९ स्वीकृत गरी जारी गरिएको छ। त्यस्तै विद्युत् विधयेक तथा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक संसद्मा पेश गरिएको छ।

राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युतमा पहुँच प्राप्त गर्ने जनसंख्या ९८ प्रतिशत पुगेको छ। १ हजार ९ सय ५१ गिगावाट घण्टा विद्युत् Power Exchange मार्फत भारत निर्यात गरी करिब १७ अर्बको आम्दानी भएको छ। मुलुकभित्र ऊर्जा खपत बढाउनका लागि ऊर्जा खपतसम्बन्धी विशेष योजना बनाई कार्यान्वयन गरिएको छ जसबाट आर्थिक वर्ष २०८०/८१ सम्म प्रतिव्यक्ति विद्युत् खपत ४ सय किलोवाट घण्टा पुगेको छ। नेपालको सबभन्दा ठुलो इनरुवा सबस्टेसन-८०० एम.भि.ए.को निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्न भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिएको छ। गल्छी-रसुवागढी-केरुङ ४ सय के.भि. क्षमताको अन्तरदेशीय विद्युत् प्रसारण लाइनको निर्माणको लागि स्टेट ग्रिड कर्पोरेशन लिमिटेड चाइनासँग छलफल भइरहेको छ। बंगलादेशसँग ४० मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भएको छ।

१ सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना, १ सय २ मेगावाटको मध्य भोटेकोशी जलविद्युत् आयोजना, ४२.५ मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएको छ। जलाशययुक्त १ हजार २ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनाको लागि आयोजनाको वित्तीय लगानीको प्रारूप(खाका) तयार भएको छ। यस आयोजनाको लागि जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धमा मुआब्जाको दररेट निर्धारण भैसकेको र सोहीअनुसार मुआब्जा वितरणको लागि तयारी कार्य भैरहेको छ। ६ सय ३५ मेगावाटको दुधकोशी जलाशययुक्त आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य अन्तिम चरणमा रहेको छ। ७०.३ मेगावाटको सिम्बुवा खोला जलविद्युत् आयोजना, ७७.५ मेगावाटको घुन्सा खोला जलविद्युत् आयोजना, १ हजार ६१ मेगावाटको अपर अरुण जलविद्युत् आयोजना निर्माणको प्रारम्भिक कार्य भइरहेको छ।

अन्य केही प्रमुख जलविद्युत् आयोजनाको प्रगति देहाय बमोजिम रहेको छः

२.७.६.१. चैनपुर सेती अर्धजलाशययुक्त जलविद्युत् आयोजना (२१० मेगावाट)

आयोजनाको अडिट टनेलको निर्माण कार्य हालसम्म १५ प्रतिशत सम्पन्न भएको छ। आयोजनाको पहुँचमार्ग निर्माण कार्य २.२ किलोमिटर सम्पन्न भएको छ। आयोजना क्याम्प क्षेत्रको निर्माण कार्य १० प्रतिशत सम्पन्न गरिएको छ । आयोजनाको लागि जग्गा अधिग्रहण कार्यसमेत सम्पन्न गरिएको छ।

२.७.६.२. अर्ध-जलाशययुक्त जगदुल्ला जलविद्युत् आयोजना (१०६ मेगावाट)

आयोजना निर्माण अगाडि चाहिने विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त भैसकेको छ। वित्तीय (ऋण) व्यवस्थापन Financial Closing) को कार्य अन्तिम चरणमा रहेको छ भने निर्माण सुपरभिजनको लागि सूचना प्रकाशित गरी परामर्शदाता छनौट गर्ने कार्य २० प्रतिशत सम्पन्न गरिएको छ। आयोजना पुल, पहुँच सडक तथा आवास निर्माणको कार्य ७५ प्रतिशत सम्पन्न भएको छ।

२.७.६.३. तामाकोशी ५ जलविद्युत् आयोजना (९९.९ मेगावाट)

स्थायी क्याम्प संरचनाहरूको निर्माण कार्य भैरहेको छ। Transmission Line को १८ वटा Tower Pad को लागि जग्गा पहिचान कार्य सम्पन्न गरी मुआब्जा निर्धारण प्रक्रियामा रहेको छ। आयोजना निर्माणको लागि Lot-1 Civil Works and Hydromechanical Equipment को निर्माण सम्बन्धमा ठेक्का सम्झौता कार्य अन्तिम चरणमा रहेको छ।

२.७.६.४. तल्लो सेती जलविद्युत् आयोजना (१२६ मेगावाट)

विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन तयार भैसकेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयार भै स्वीकृतिको लागि पेश भएको छ।

२.७.६.५. तनहुँ जलविद्युत् आयोजना (४० मेगावाट)

आयोजनामा १६ लाख १२ हजार ९०० घनमिटर Dam को Right Bank र Left Bank खन्ने कार्य सम्पन्न भएको छ। ८ सय १ मिटर Diversion Tunnel ढलान गर्ने कार्य, १ हजार ३ सय ७५ मिटर हेडरेश सुरुङ खन्ने कार्य र १ सय ३१ मिटर Penstock Installation तथा ढलान कार्य सम्पन्न भएको छ। प्रसारण लाइन निर्माणका लागि ७६ वटा टावर फाउन्डेशन कार्य र ६४ वटा टावर इरेक्सन कार्य सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्म व्यावसायिक प्रयोगका लागि थप १२ वटा प्लान्ट जडान र घरायसी प्रयोगका लागि १ हजार २ सय ४७ वटा बायोग्यास प्लान्ट जडान सम्पन्न भई हालसम्म कुल ४ लाख ४४ हजार वटा बायोग्यास जडान सम्पन्न भएको छ। थप ८ हजार ७ सय ५६

वटा विद्युतीय तथा सुधारिएको चुलो जडान भएको छ। यो सँगै हालसम्म विद्युतीय तथा सुधारिएको चुलो कुल १ सय ४० हजार वटा जडान भएको छ।

विद्युतीय सवारी साधनको प्रयोग बढाउन नेपाल विद्युत् प्राधिकरणबाट उपत्यकाभित्र विभिन्न आठ स्थान र उपत्यका बाहिर ४२ स्थानहरूमा चार्जिङ्ग स्टेसनहरू सञ्चालन गरिएको छ। थप १२ चार्जिङ्ग स्टेशनहरू दुईवटा उपत्यकाभित्र र दशवटा उपत्यका बाहिर निर्माणको चरणमा रहेका छन्।

४०० के.भी. न्यू बुटबल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन आयोजना, ४०० के.भी. इनरुवा-पूर्णिया र दोधारा-वरेली अन्तरदेशीय प्रसरण लाइन आयोजना, कर्मदिव-फुकोट (कर्णाली कोरिडोर) ४०० के.भी. प्रसारण लाइन आयोजना, हाइटार-शीतलपाती (अरुण कोरिडोर), ४०० के.भी. प्रसारण लाइन आयोजना, भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना, पश्चिम सेती कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना, ४०० के.भी. क्षमताका बुटवल-लमही-दोधारा प्रसारण लाइन आयोजना निर्माण भइरहेका छन्। आर्थिक वर्ष २०७९/८० सम्म ग्रीडको क्षमता ८ हजार एम.भि.ए. रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ९ हजार एम.भि.ए. क्षमताभन्दा बढी सब स्टेशनको निर्माण गर्न इनरुवा सब स्टेशन -९४५,न्यू भरतपुर-३२०, वसन्तपुर सब स्टेशन-२३०, न्यू खिम्ती(थप)-२००, हेटौंडा(हेटौंडा-ढल्केवर-इनरुवा ४०० के.भी लाइन तथा सब स्टेशन)-५००+३३०,सुनवल १४८.५, कुशाहा-२२.५ थपिएको र १९३.५ एम.भि.ए. स्तरोन्नति भएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्म ३ हजार २ सय ४३ मेगावाट विद्युत् उत्पादन भएको र प्रति व्यक्ति विद्युत् खपत ४ सय किलोवाट प्रतिघण्टा रहेको छ। राष्ट्रिय विद्युत् प्रणालीबाट कुल जनसंख्याको ९८ प्रतिशतमा विद्युत् सुविधा पुगेको छ। ऊर्जा तथा जलविद्युत् सम्बन्धी थप विवरणहरू तालिका ३० मा दिइएको छ ।

तालिका ३०: जलविद्युत् एवं ऊर्जासम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९ सम्मको	आर्थिक वर्ष २०७९/८० सम्मको	आर्थिक वर्ष २०८०/८१ सम्मको
१	विद्युत् उत्पादन क्षमता	मेगावाट	२२७२	२७६७.६२	३२४३
२	प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी)	सर्किट किलोमिटर	५०८६	५४८४	६४६२

३	३३ के भि प्रसारण लाइन विस्तार	सर्किट किलोमिटर	६११८	७२३७	७७५०
४	राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुँच प्राप्त गर्ने जनसंख्या	प्रतिशत	९३.५८	९५.५४	९८
५	प्रतिव्यक्ति विद्युत् खपत	किलोवाट घण्टा	३५१	३८०.००	४००
६	विद्युत् चुहावट (प्रसारण तथा वितरण)	प्रतिशत	१५.३८	१३.४६	१३.४२
७	विद्युत् निर्यात	गिगावाट प्रति घण्टा	-	१४७८.६४	१९५१
८	घरेलु सौर्य ऊर्जा प्रणाली जडान	संख्या (हजारमा)	९७७.६६	९९९.१३	१००७
९	सौर्य विद्युत उत्पादन क्षमता	मेगावाट	४२.५५	४५.९०	४९.६६
१०	संस्थागत, सामुदायिक र व्यावसायिक बायोग्यास प्लान्ट निर्माण	संख्या	३४९	३६१.००	३७३
११	सुधारिएको फलामे चुलो	संख्या (हजारमा)	१३६.६८	१४४.९८	१४९
१२	घरायसी बायोग्यास प्लान्ट निर्माण तथा विद्युतीय चुलो	संख्या (हजारमा)	४३५.८७	४७१.०५	४९०.१
१३	लघु तथा साना जलविद्युत्	मेगावाट	३७.७३	३८.८४	४०.२५

	आयोजनावाट विद्युत् उत्पादन				

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

२.८. नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) मा व्यवस्था गरिएका नागरिकका आधारभूत आवश्यकतासम्बन्धी १५वटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन् ।

२.८.१.१. स्वास्थ्य क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय क्यान्सर रोकथाम तथा नियन्त्रण रणनीति, २०८१; नेपाल स्वास्थ्य वित्त रणनीति कार्यान्वयन योजना, २०८०; आधारभूत स्वास्थ्य सेवा अनुगमन दिग्दर्शन, २०८०; र स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। त्यसैगरी नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली कार्यविधि, २०८१ तथा डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको छ भने पाठेघर (आङ) खस्ने समस्याको रोकथाम, उपचारसम्बन्धी कार्यविधि निर्देशिकालाई परिमार्जन गरी समयसापेक्ष बनाई कार्यान्वयनमा ल्याइएको छ।

आर्थिक वर्ष २०८०/८१ मा ४ करोड २ लाख, ८९ हजार २ सय ४८ जना सेवाग्राहीले ६ करोड ३० लाख ५५ हजार १ सय ६४ पटक आधुनिक स्वास्थ्य सेवाको प्रयोग गरेका छन्। यसैगरी ५० हजार ३ सय ९६ जना समुदायस्तरमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत १ करोड ५९ लाख ४३ हजार ७ सय ४३ जनालाई स्वास्थ्य परामर्श सेवा प्रदान गरिएको छ।

आधारभूत आयुर्वेद सेवामार्फत स्तनपायी आमा (Lactating Mother) कार्यक्रम अन्तर्गत ५३ हजार ८ सय ४३ जना स्तनपायी आमालाई दुग्धवर्धक औषधि मार्फत आमा र शिशुको स्वास्थ्य प्रवर्धन गरिएको, योग सेवा कार्यक्रमबाट १ लाख ६१ हजार ६ सय ७५ जनालाई सेवा प्रदान गरिएको र पूर्व पञ्चकर्म सेवा अन्तर्गत २ लाख २२ हजार ७ सय ५९ जनालाई सेवा प्रदान गरिएको छ। साथै, ज्येष्ठ नागरिक कार्यक्रम (रसायन औषधि तथा पञ्चकर्म सेवा) मार्फत १ लाख ६० हजार २ सय ८५ जना ज्येष्ठ नागरिकहरूको स्वास्थ्य प्रवर्धन गरी जम्मा २१ लाख ८२ हजार ८ सय १० बिरामीहरूलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गरिएको छ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को Further Analysis प्रतिवेदन मस्यौदा तयार गरिएको छ। एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (One Stop Crisis Managenet Centre-OCMC)

कार्यक्रमको प्रभावकारिता अध्ययन सम्पन्न भएको छ। National Drowning Report for Global Status on Drowning Prevention, 2023, र "Nepal Health Fact Sheets 2023" प्रकाशित गरी वितरण गरिएको छ। Burden of Diseases सँग पनि सम्बन्धित मृत्युको कारणको प्रतिवेदन तयार भएको छ। यो आर्थिक वर्षमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट ३४ वटा तालिम सञ्चालन गरी ५ सय ८८ जना स्वास्थ्यकर्मीहरूलाई विभिन्न क्लिनिकल तालिम प्रदान गरिएको र प्रदेश तालिम केन्द्र र साझेदार संस्थाबाट सञ्चालित १ हजार २५ वटा विभिन्न तालिम कार्यक्रममा १३ हजार ५ सय ३ जनालाई तालिम प्रदान गरिएको छ।

देशभरिका १६ हजार खोप केन्द्रहरू (बाह्य र संस्थागत) बाट आर्थिक वर्ष २०८०/८१ भरिमा १ वर्ष मुनिका ४ लाख ७३ हजार ७ सय ७० जना बालबालिकाहरूलाई बि.सि.जि.; ४ लाख ७८ हजार ९ सय १३ जनालाई तीन मात्रा डि.पि.डि.-हेप बि-हिब; ४ लाख ६९ हजार ७ सय ७१ जनालाई तीन मात्रा पोलियो; ४ लाख ९४ हजार ३ सय २८ जनालाई पि.सि.भी. तीन मात्रा; ४ लाख ७२ हजार ८ सय ३६ जनालाई रोटा भाइरसको दुई मात्रा; ४ देखि २३ महिनाका ४ लाख ९७ हजार २ सय ४३ जनालाई दादुरा रूबेलाको दुई मात्रा; ४ लाख ९४ हजार १ सय २५ जना बालबालिकाहरूलाई जे.इ. खोप र ४ लाख ८ हजार ६ सय ९५ जना गर्भवती महिलालाई टि.डि. खोप प्रदान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा ४ लाख ७५ हजार ९ सय ३३ जना बालबालिकाहरूले पूर्ण खोप प्राप्त गरेका छन्। देशका ७७ जिल्ला र ७५३ स्थानीय तहमा पूर्ण खोप घोषणा भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा ५ वर्ष मुनिका २ लाख ९९ हजार १ सय ९० जनाले झाडापखाला र ६ लाख ८१ हजार ३० जना निमोनियाका बिरामीहरूले उपचार पाएका छन्। देशभरका सबै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाइ नगर स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकका साथै घुम्ती शिविर सञ्चालन गरी परिवार नियोजनका सेवा सञ्चालन भइरहेको छ। यसबाट १८ लाख ९२ हजार २ सय २ दम्पती लाभान्वित भएका छन्।

सुरक्षित मातृत्व सेवा कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा ६ लाख ४५ हजार ३ सय जना महिलाहरूले स्वास्थ्य संस्थामा गर्भ जाँच गराएका छन्। यसमध्ये ४ लाख ४९ हजार ६ सय ६५ जनाले प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गराएका छन् साथै ३ लाख ७६ हजार ४ सय ३१ जनालाई विभिन्न अस्पताल र बर्थिङ सेन्टरबाट संस्थागत प्रसूति सेवा उपलब्ध गराइएको छ। आमा सुरक्षा कार्यक्रम अन्तर्गत ३ लाख ४१ हजार ९ सय ९१ जना सुत्केरी आमाहरूले यातायात खर्च र १ लाख ८० हजार ९ सय ७२ जनाले गर्भवती उत्प्रेरणा खर्च पाएका छन् ।

औलोरोगी पत्ता लगाउन यस आर्थिक वर्षमा ४ लाख ९५ हजार ६ सय ९९ रक्त नमुना परीक्षण गरिएको थियो। परीक्षण गरिएकोमा ८ सय १८ जनालाई औलोरोग देखिएको थियो। कालाजार

रोग पहिचानका लागि २७ हजार ७ सय ८७ रक्त नमुना परीक्षण गरिएको जसमध्ये १ सय ८१ जनामा कालाजार रोग देखिएको थियो। यस आर्थिक वर्षमा हात्तीपाइले रोग नियन्त्रणका लागि औषधि सेवन अभियान सञ्चालन गरी ५० लाख जनालाई हात्तिपाइले विरुद्धको औषधि वितरण गरिएको र रोग निवारणका लागि २६ वटा एम.एम.डी.पी. सपोर्ट (The Morbidity Management and Disability Prevention -MMDP) Support) गरिएको छ।

यस आर्थिक वर्षमा २ हजार ४ सय ७२ जना नयाँ कुष्ठरोगका बिरामी पत्ता लागेका छन् भने हालसम्म २ हजार ७ सय ६ जना बिरामीहरू उपचारमा रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा २ लाख ४९ हजार २ सय ३६जनाको एच.आई.भी. परीक्षण गरिएको छ। परीक्षण गरिएकामध्ये २ हजार ४ सय ८७ जनाको एच.आइ.भी. पोजेटिभ देखिएको थियो। यस आर्थिक वर्षमा २५ हजार ७ सय २८ जना एच.आइ.भी. सङ्क्रमितहरू एन्टी रेट्रो भाइरल ट्रिट्मेन्ट (ART) केन्द्रबाट एन्टी रेट्रो भाइरल (ARV) औषधि प्राप्त गरी सेवन गरिरहेका छन्।

आर्थिक वर्ष २०८०/८१ मा क्षयरोगमुक्त नेपाल अभियान थप १ सय स्थानीय तहमा विस्तार गरी १ सय २५ स्थानीय तहमा लागु भएको छ। साथै, ५ लाख ३० हजार ४ सय ७१ जनामा क्षयरोगको परीक्षण गरिएको छ। यस आर्थिक वर्षमा क्षयरोग उपचार सफलता दर ९० प्रतिशत रहेको छ।

सबै नेपालीको स्वास्थ्य बिमा गर्ने लक्ष्यअनुरूप स्वास्थ्य बिमा कार्यक्रम ७७ जिल्लाका ७ सय ५३ स्थानीय तहमा लागु भएको छ। स्वास्थ्य बिमा गराउने सदस्य संख्या गत आर्थिक वर्ष २०७९/८० मा ६८ लाख २० हजार ५७ जना रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ८० लाख ७ हजार ५ सय ६५ जना पुगेको छ, जसमध्ये १२ हजार ७ सय २७ जना अति गरिब, ९ लाख ८३ हजार ७ सय ४५ जना ज्येष्ठ नागरिक, १९ हजार ७ सय २२ जना HIV सङ्क्रमित, ३५ हजार २२ जना अति अशक्त अपाङ्ग, १ हजार ८६ जना कुष्ठ रोग सङ्क्रमित, १ हजार ४ सय ६९ जना बहु औषधि प्रतिरोधी क्षयरोगी र २८ हजार ७ सय ९४ जना महिला स्वास्थ्य स्वयंसेविका तथा उनीहरूको परिवारको बिमा गरिएको छ।

विपन्न नागरिक स्वास्थ्य सेवा अन्तर्गत विभिन्न कडा ८ रोगका ४१ हजार ८ सय ४५ जना विपन्न नागरिकहरूलाई निःशुल्क उपचारको अनुदान प्रदान गरिएको छ। जसमध्ये मृगौला रोगी ९ हजार १ सय ७६ जना, क्यान्सरका बिरामी २२ हजार १ सय ५३ जना, मुटुरोगी ६ हजार ९ सय २६ जना, स्पाइनल इन्जुरी १ हजार १ सय ८१ जना, अल्जाइमर ३४ जना, सिकलसेल एनिमिया १ हजार ५ सय ४४ जना र पार्किन्सन बिरामी ७९ जना रहेका छन्।

सातै प्रदेशमा प्रादेशिक प्रयोगशाला विस्तार गरी सेवा सञ्चालन गरिएको छ। ७१ वटा प्राथमिक अस्पतालहरू, ४१ वटा सेकेन्डरी "ए" तहका अस्पतालहरू, ५ वटा सेकेन्डरी "बी" अस्पतालहरू

तथा १२ वटा तृतीय तहका अस्पतालहरू र ५ वटा विशिष्टीकृत अस्पताल गरी १ सय ३३ वटा अस्पतालहरूमा न्युनतम सेवा मापदण्ड लागु भएको छ।

सबै स्थानीय तहमा एक आधारभूत अस्पताल निर्माण गर्ने सरकारको नीति अनुसार पहिलो चरणमा देशभरका ३ सय ९६ स्थानीय तह र दोस्रो चरणमा २ सय ५९ स्थानीय तह गरी जम्मा ६ सय ५५ स्थानीय तहमा ५, १० र १५ शैय्याका अस्पतालहरूको निर्माणका लागि यस आर्थिक वर्षसम्म ५ सय ९२ अस्पतालको विस्तृत परियोजना प्रतिवेदन तयार भएको, ३ सय ९७ अस्पताल निर्माण भइरहेका र २५ अस्पतालको निर्माण कार्य सम्पन्न भएको छ।

२.८.२. शिक्षा

मुलुकको समग्र शिक्षासम्वन्धी नीति निर्माण, शैक्षिक योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण सम्बन्धी कार्य भएको छ। विद्यालय शिक्षासम्बन्धी विधेयक र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार भएको छ। शहीद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेश भएको छ। त्यसैगरी, शैक्षिक परामर्श तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका परिमार्जन गरी शैक्षिक परामर्शदाता संस्थाहरूको नवीकरण प्रक्रिया प्रारम्भ गरिएको छ। शैक्षिक प्रमाणीकरणसम्बन्धी कार्यविधि, २०८१; न्युक्लियर मेडिसिनसम्बन्धी उपकरण तथा सेवा सञ्चालन मापदण्ड,२०८१; विकीरण सुरक्षा निर्देशिका, २०८० तथा डायग्नोस्टिक रेडियोलोजी मेडिकल उपकरणको प्रयोगसम्बन्धी मापदण्ड, २०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको छ। सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ बमोजिमको विषयगत समितिको बैठक सञ्चालन गरी विद्यार्थी भर्ना, छात्रवृत्ति, शुल्क र एसइई परीक्षासम्बन्धमा विभिन्न निर्णय गरी कार्यान्वयनका लागि समन्वय गरिएको छ। विदेशी सम्बन्धनमा सञ्चालित शैक्षिक संस्थाहरूको अनुगमन गरी विवरण अद्यावधिक गरिएको छ। २३ समूहमा ६० सहभागी सहित STEAM विषयमा विद्यालय/विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिएको छ। कतार सरकार र चीन सरकारसँग शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा आपसी सहयोगका लागि द्विपक्षीय सम्झौता भएको छ । नेपालमा रहेका उद्योगहरूको नवप्रवर्तन सर्वेक्षण कार्यक्रम सम्पन्न गरिएको छ।

कोभिडबाट भएको शैक्षिक क्षति आपूरणका लागि पाँच वर्षे Recovery and Accelerated Learning (ReAL) Plan (2023-2028) र प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रको TEVT Sector Strategic Plan (2023-2032) कार्यान्वयनमा आएको छ। भूकम्पबाट क्षति भएका ७ हजार ६ सय ७७ विद्यालयमध्ये यस आर्थिक वर्षमा थप २ सय १३ विद्यालयको निर्माण कार्य सम्पन्न भई हालसम्म ७ हजार ६ सय ६० विद्यालयको निर्माण कार्य सम्पन्न भएको छ।

२.८.२.१. विद्यालय शिक्षा

आर्थिक वर्ष २०७९/८० देखि दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2022-2030) कार्यान्वयनमा आएको छ। विद्यालय शिक्षा क्षेत्र योजनाले विद्यालय तहमा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता, शैक्षिक गुणस्तरको सुनिश्चितता, वैकल्पिक शिक्षाको सुदृढीकरण र सुशासन तथा व्यवस्थापन जस्ता पक्षलाई जोड दिएको छ।विद्यालय तहको शैक्षिक सूचनालाई व्यवस्थित गर्न शैक्षिक सूचना व्यवस्थापन प्रणाली र विद्यालय लेखा प्रणालीलाई व्यवस्थित गर्न School Accounting System- SAS कार्यान्वयनमा ल्याइएको छ। विद्यालय शिक्षातर्फ ३ सय ११ शैक्षिक रेडियो कार्यक्रम उत्पादन र प्रसारण भएका छन्।

माध्यमिक तहको शिक्षकका लागि नेपाल खुला विश्वविद्यालयको सहकार्यमा १ वर्षे प्रोफेसनल तालिमको थप पाठ्यक्रम विकास र सञ्चालन गरिएको छ। ४९ जना छैटौं र सातौं तहका स्थानीय तहका कर्मचारीहरूको क्षमता विकासका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको छ। विद्यालयका असल अभ्यासको पहिचान, सङ्कलन, मूल्याङ्कन र छनोटमार्फत असल अभ्यासको सङ्गालो तयार गरी प्रकाशन गरिएको छ।एकीकृत सिकाइ व्यवस्थापनका लागि Learning Portal को सुदृढीकरण गरिएको छ।बालिका तथा समावेशी शिक्षा सञ्चालनको ५ वर्षे गुरुयोजना निर्माण गरिएको छ।न्यून रहेको शिक्षक दरबन्दी परिपूर्तिका लागि माध्यमिक तहको कक्षा ९-१० मा गणित, विज्ञान र अङ्ग्रेजी विषयका ४ हजार ३ सय १ जना र आधारभूत तहको कक्षा ६-८ मा २ हजार ८ सय ९३ जना गरी ७ हजार १ सय ९४ जना शिक्षक व्यवस्थाका लागि शिक्षण अनुदान प्रदान गरिएको छ।

सार्वजनिक विद्यालयका कक्षा १० सम्मका अनिवार्य विषयका पाठ्यपुस्तक बहुरङ्गमा प्रकाशन गरी वितरण गरिएको छ। सार्वजनिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि आवश्यकतानुसार सेनेटरी प्याड वितरणको लागि वित्तीय हस्तान्तरण गरिएको छ। हाल सञ्चालनमा रहेका २० फिडर छात्रावास, १५ हिमाली तथा अन्य आवासीय विद्यालय सञ्चालनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ ।विद्यालय तहमा अध्ययनरत ११ लाख ४३ हजार ६ सय ३१ जना विद्यार्थीहरूलाई विभिन्न प्रकारका छात्रवृत्ति बापत रु २ अर्ब ३६ करोड ७५ लाख ३९ हजार रकम वितरण गरिएको छ । दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने र साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास एवम् वितरण गर्ने कार्यक्रम सञ्चालन भएका छन्। गुरुकुल, मदरसा र गुम्बाजस्ता परम्परागत शिक्षा विधिलाई औपचारिक शिक्षा प्रणालीमा आबद्ध गर्न सहजीकरण गर्नुका साथै त्यस्ता विद्यालयका लागि सशर्त अनुदान प्रदान गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ।

२.८.२.२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

अनौपचारिक तथा आजीवन सिकाइतर्फ वैकल्पिक शिक्षा र राष्ट्रिय योग्यता प्रारूप बमोजिमका पाठ्यक्रम तथा सिकाइ सामग्री विकास गरी कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०८०/८१ मा कपिलवस्तु जिल्ला साक्षर घोषणा भई साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६४ पुगेको छ। गण्डकी, बागमती र कोशी प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्। हाल ५ वर्ष माथिको साक्षरता प्रतिशत ७६.२ पुगेको छ।

२.८.२.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रबाट धनकुटा, सिराहा, सिन्धुपाल्चोक, तनहुँ, रौतहट, सर्लाही, नुवाकोट र कास्की जिल्लामा मापदण्डको आधारमा ६ वटा नयाँ साझेदारी शिक्षालयहरूलाई सम्बन्धन प्रदान गरिएको र चारवटा आङ्गिक शिक्षालयहरूमा कार्यक्रम थप गरिएको छ। प्रि-डिप्लोमा तहको Health Science, Ophthalmic Science, Midwifery, Medical Lab Technology, Diagnostic Radiography, प्रि-डिप्लोमा तहको Yoga and Naturopathy पाठ्यक्रम निर्माण तथा परिर्माजन कार्य सम्पन्न गरिएको छ। पहिचान भएका विषयहरूका राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका (National Occupation Standards System-SOSS) अनुसार २८ वटा मोडुलर पाठ्यक्रमहरूको निर्माण तथा परिर्माजन कार्य सम्पन्न गरिएको छ। त्यस्तै २ हजार ५४ जना प्रशिक्षक/कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualification Framework-NVQF) सँग समायोजनका लागि सीप परीक्षण प्रमाणीकरणको क्रेडिट ट्रान्सफर प्रणालीको Process Guide तर्जुमा कार्य सम्पन्न भएको छ। २० वटा राष्ट्रिय दक्षता प्रमाणिका (NCS) निर्माण कार्य सम्पन्न भएको छ। श्रम बजारको माग अनुसार २२ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका (NOSS) को निर्माण तथा परिमार्जन कार्य सम्पन्न भएको छ। १ हजार ५ सय १९ जना युवाहरू कार्यगत अभ्यास सहितको तालिममा (Training With OJT) र १ हजार ४ सय ५९ जना औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालिममा अध्ययनरत छन्।

बागमती, कोशी र लुम्बिनी प्रदेशमा गरी तीन वटा वृत्ति मार्गनिर्देशन सेवा केन्द्र स्थापना गरिएका छन्। साथै १९ हजार ५ सय ७८ जना विद्यार्थीले ३३ गाउँ तथा नगरपालिकाका ३ सय ३५ विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन्न गरेका छन्। आर्थिक वर्ष २०८०/८१ मा प्रि-डिप्लोमा तहमा ८ हजार ६ सय ३६ जना तथा डिप्लोमा/प्रमाण पत्र तहमा २७ हजार ४ सय ३३ जना प्रशिक्षार्थी भर्ना भएका छन्। ४३ हजार ९ सय ८५ जनाको सीप परीक्षण गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा डिप्लोमा/प्रमाण पत्र तह अन्तर्गत स्वास्थ, कृषि, इन्जिनिरिङ्, होटेल व्यवस्थापन, वन तथा अन्य सङ्कायतर्फ गरी २३ हजार ३ सय ६ जना तथा प्रि-डिप्लोमा तर्फ ६ हजार ५ सय ८२ जना गरी जम्मा २९ हजार ८ सय ८८ जना प्रशिक्षार्थी उत्तीर्ण भएका छन्।

आर्थिक वर्ष २०८०/८१ मा स्वदेश तथा विदेशका विभिन्न शिक्षण संस्थाहरूबाट अध्ययन सम्पन्न गरेका प्राविधिक डिप्लोमा तहसम्मका ६ हजार ८ सय ३५ जनाका प्रमाणपत्रलाई समकक्षता प्रदान गरिएको छ।

२.८.२.४. उच्च शिक्षा

उच्च शिक्षामा उत्कृष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०८०/८१ मा थप २० सहित हालसम्म १ सय ६ उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको छ। ४५ उच्च शैक्षिक संस्थाको आशय पत्र स्वीकृत गरिएको छ। गुणस्तर अभिवृद्धि कार्यक्रममा २१ उच्च शैक्षिक संस्थाबाट आवेदन प्राप्त भएकोमा ६ उच्च शैक्षिक संस्थाहरू अनुदानका लागि छनोट भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा छनोट भएका ४४ र अघिल्लो आर्थिक वर्ष २०७९/८० मा छनोट भएका ४५ गरी कुल ८९ उच्च शैक्षिक संस्थाहरूलाई उनीहरूको प्रगति स्थितिलाई समेत विचार गरी कार्यसम्पादन र समतामा आधारित अनुदान वितरण गरिएको छ।

विश्वविद्यालय अनुदान आयोगमा Digitalization Learning Platform (LMS) विकास गरी २ वटा समसामयिक कोर्ष सुरु गरिएको छ । आर्थिक रूपले विपन्न दलित वा अपाङ्गता भएका वा मुक्त कमलरी, मुस्लिम महिला, शहीद परिवार, द्वन्द्व पीडित ७ हजार ९० जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको छ। विदेशमा आयोजना हुने सभा, सम्मेलन, गोष्ठी जस्ता कार्यक्रममा सहभागी हुन १ सय ६९ जनालाई सहयोग प्रदान गरिएको छ। १२ वटा विश्वविद्यालय, ६ पूर्वाधार विकास समिति र २ सय २५ उच्च शैक्षिक संस्थाहरूको डेस्क मोनिटरिङ गरिएको छ ।

२.८.२.५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री

थप डिजिटल तथा पाठ्यसामग्री मूल्याङ्कन तथा स्वीकृतिका लागि निजी लेखक/प्रकाशकका ८ सय २६ वटा पाठ्यसामग्री स्वीकृत गरिएको छ ।पाठ्यपुस्तक पुनःप्रयोग नीतिको मस्यौदा तयार भएको छ। स्थानीय तहमा पाठ्यक्रम तर्जुमासम्बन्धी मापदण्ड तयार भएको छ। विद्यालय तहको १६ विषयको पाठ्यक्रम र २६ विषयका पाठ्यपुस्तक विकास गरिएको छ। कक्षा ५, ८ र १० का अनिवार्य विषयका १७ वटा विषयका शिक्षक निर्देशिका विकास भएका छन्। बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि एकीकृत पाठ्यक्रमको अनुकुलन हुनेगरी पाठ्यक्रमको विस्तृतीकरण गरिएको छ। प्रारम्भिक बाल शिक्षाका शिक्षकका लागि सहजीकरण स्रोत पुस्तिका विकास गरिएको छ। विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रबोधीकरण गरिएको छ। शिक्षक निर्देशिका विकाससम्बन्धी मापदण्ड विकास गरिएको छ। सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराइएको छ।

२.८.२.६. सेवा प्रवाह तथा शैक्षिक सुशासन

शैक्षिक बजेटको कार्यान्वयन प्रगति विवरण प्राप्त गर्नका लागि बजेट तथा कार्यक्रम विनियोजन र प्रगति विवरणसम्बन्धी सफ्टवेयर विकास गरी सङ्घ, प्रदेश र स्थानीय तहले प्रयोग गर्न सक्नेगरी कार्यान्वयनमा ल्याइएको छ। कक्षा १० र १२ को समकक्षता प्रमाणपत्र पूर्णरूपमा अनलाइनमार्फत प्रदान गरिएको छ। १ लाख १२ हजार ५ सय ९३ जनालाई ६६ देशमा ९४ विषयमा अध्ययन गर्न वैदेशिक अध्ययन अनुमति पत्र प्रदान गरिएको छ भने वैदेशिक अध्ययन अनुमतिपत्र अनलाइनमार्फत प्रदान गर्न सुरु गरिएको छ।

२.८.२.७. नवप्रवर्तनात्मक कार्य

सङ्घीय सरकारले स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेका कार्यक्रम तथा बजेटको साथै प्रदेश तथा स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रमा भएका खर्च र प्रगति विवरण एकमुष्ट रूपमा प्राप्त गर्न एवम् योजना तथा कार्यक्रम निर्माणमा सहजीकरणका लागि बजेट तथा कार्यक्रम विनियोजन र प्रगति विवरणसम्बन्धी सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याइएको छ। सरकारी कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गरिएको छ। कक्षा १० को SEE परीक्षामा Non Graded (NG) भएका विद्यार्थीहरूलाई विश्वविद्यालयका विद्यार्थी र शिक्षकका पेशागत संघ संगठन परिचालन गरी थप कक्षा सञ्चालन गरिएको छ। कक्षा १० र १२ को समकक्षता प्रमाणपत्र पूर्णरूपमा अनलाइनमार्फत प्रदान गरिएको छ।

यस अवधिसम्ममा पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर ९९.९ प्रतिशत पुगेको छ। कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९५.१ पुगेको छ भने कक्षा १२ सम्मको टिकाउदर ३७.२ प्रतिशत रहेको छ। ६ वर्षभन्दा माथिका बालबालिकाको साक्षरता दर ७६.३ प्रतिशत पुगेको छ। कक्षा १–८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क ०.९९ प्रतिशत पुगेको छ। शिक्षा क्षेत्रसम्बन्धी अन्य विवरण तालिका ३१ मा प्रस्तुत गरिएको छ।

तालिका ३१: शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य विवरण

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	**आधारभूत शिक्षा, प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षासमेत**			
१.१	पूर्वप्राथमिक शिक्षामा कुल भर्ना दर	८९.६	९४.९	९९.९
१.२	पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत	७४.९	७६.७	७६.९
१.३	कक्षा १ मा कुल प्रवेशदर	१२७	१२५.७	११५.९

१.४	कक्षा १ मा खुद प्रवेशदर	९६.३	९५.९	९५.७
१.५	कुल भर्नादर (कक्षा १_५)	१२२	१२९.५	१२४.८
१.६	खुद भर्नादर (कक्षा १_५)	९६.९	९७.१	९५.६
१.७	कुल भर्नादर (कक्षा १_८)	११८	११९.३	१२०.४
१.८	खुद भर्नादर (कक्षा १_८)	९५.१	९६.१	९५.१
१.९	कक्षा १_८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	०.९९	१	०.९९
१.१०	कक्षा ८ मा टिकाउ दर	८५.१	८५.७	८६.२
१.११	आधारभूत शिक्षाको तह पूरा गर्नेको दर	७६.२	७७.१	८०.३
१.१२	५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत	४.९	३.९	४.९
२.	**माध्यमिक शिक्षा(कक्षा ९-१२ समेत)**			
२.१	कक्षा ९-१० खुद भर्ना दर	७६.१	७६.५	७६.५
२.२	कक्षा ९-१२ खुद भर्ना दर	५४.३	५७.४	५७.९
२.३	कक्षा १० सम्मको टिकाउ दर	६६.१	६७.३	६९.९
२.४	कक्षा १२ सम्मको टिकाउ दर	३३.१	३५.६	३७.२
२.५	कक्षा ९-१२ मा लैङ्गिक समता सूचकाङ्क	१	१.०१	०.९३
३	**साक्षरता दर**			
३.१	साक्षरता दर ५+ वर्ष	७८.०	७६.३	७६.३
३.२	साक्षरता दर १५-२४ वर्ष	८८.६	९४.२	९४.२
३.३	साक्षरता दर १५ वर्ष	५८	७१.२	७२.५
४.	**शिक्षक व्यवस्थापन**			

४.१	आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षक प्रतिशत	४६.५	४७.२	५४.१
४.२	माध्यमिक तहमा महिला शिक्षक प्रतिशत	२०.४	१७.४	१९.०

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

२.८.३. खानेपानी तथा सरसफाइ

राष्ट्रिय खानेपानी र सरसफाइ तथा स्वच्छता नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ संशोधनका लागि संसद्मा पेश गरिएको छ। राष्ट्रिय खानेपानी र सरसफाइ तथा स्वच्छता नियमावली तथा खानेपानीको क्षेत्रगत विकास योजनाको मस्यौदा तर्जुमा भएको छ। खानेपानी वितरण प्रभावकारी पार्न एवम् खानेपानी र फोहोर पानी व्यवस्थापनका आयोजनाहरू निर्माण कार्यलाई व्यवस्थित गर्न काठमाडौं उपत्यकाभित्रको खानेपानी व्यवस्थापन बोर्ड आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेडको पुनःसंरचना कार्यको मस्यौदा प्रतिवेदन तयार भएको छ।

मेलम्ची खानेपानी आयोजनाको पानी प्रशोधन केन्द्र उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको छ। एशियाली विकास बैंकको सहयोगमा हेडवर्क्सको निर्माणका लागि कार्ययोजना तयार गरिएको छ। बाढीबाट क्षति भएको मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्सको वैकल्पिक प्रणाली सुचारु गर्न आवश्यक मर्मत तथा सुरुङ्ग पाइपलाइन सरसफाइका कार्यहरू सम्पन्न गरी आर्थिक वर्ष २०८०/८१ माघ १ गतेदेखि असार १० गतेसम्म करिब ६ महिना हेडवर्क्स तथा सुरुङ्ग सञ्चालन गरी काठमाडौं उपत्यकामा दैनिक १७ करोड लिटर खानेपानी वितरणका लागि उपलव्ध गराइएको छ ।

मेलम्ची खानेपानी आयोजनाको पानी वितरणको लागि पहिलो चरणमा बिछ्याइएका १ हजार १० किलोमिटरमध्ये ७ सय ८१ किलोमिटरको २५ वटा District Metered Area (DMA) को अन्तिम परीक्षण Functional Gurarantee Test सम्पन्न गरी करिब ६५ हजार मिटर पाइप जडान गरिएको छ। मेलम्चीको पानी वितरणको लागि दोस्रो चरणमा कलङ्कीदेखि मण्डिखाटारसम्मको ७ सय ६० किलोमिटरमध्ये ६ सय ४८ किलोमिटर निर्माण कार्य सम्पन्न गरी ३४ हजार ८ सय ७ घरमा खानेपानी पाइप जडान गरिएको छ। पोखरा खानेपानी सुधार आयोजना र राप्ती खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। बुटवल खानेपानी आयोजनाको प्रथम चरणको निर्माण कार्य सम्पन्न भएको र विराटनगर खानेपानी सुधार आयोजनाको कार्य सुरु गरिएको छ।

काठमाडौं उपत्यकाका २० स्थानमा ढुङ्गेधारा, इनार, पोखरी लगायत परम्परागत पानीको मूल संरक्षण गर्ने कार्य सम्पन्न गरिएको छ। १० स्थानमा वर्षात्को पानी संकलन तथा पुनर्भरणको कार्य गरिएको छ। उपत्यका भित्रका सार्वजनिक स्थानमा गुणस्तरीय पानी प्रदान गर्ने उद्देश्यले हालसम्म ३१ स्थानमा Water ATM जडान गरिएको छ।

फोहोरपानी प्रशोधन केन्द्र धोबीघाटको सिभिल कार्य सम्पन्न भई इलेक्ट्रोमेकानिकल पार्ट्स जडान गरी परीक्षण सञ्चालन सुरु भएको छ। ललितपुरको कोर एरिया र पाटन दरबार क्षेत्रमा २.३ किलोमिटर ढल निर्माण गरिएको छ। गोकर्ण क्षेत्रमा ६.२ किलोमिटर ढल सुधार कार्यमध्ये २ किलोमिटर सम्पन्न गरिएको छ। टीकापुर क्षेत्रमा दिसाजन्य लेदो प्रशोधन आयोजना सम्पन्न भएको छ। बालकोट, कटुञ्जे र महालक्ष्मी ढल प्रशोधन आयोजना सम्पन्न गरी ४२ हजार ७ सय २० जनसंख्यालाई सरसफाइ सेवा पुऱ्याइएको छ। काठमाडौं उपत्यकाभित्र मेलम्ची खानेपानी आयोजनाको पानी वितरण प्रणाली Supervisory Control and Data Acquisition (SCADA) प्रविधिबाट सञ्चालन गर्न सुरु गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ सम्म ९६.४६ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवाको पहुँच पुगेको छ। ९५.५ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको सरसफाइ तथा ३.०७ प्रतिशत जनसंख्यालाई प्रशोधनसहितको ढल प्रणालीको पहुँच पुऱ्याइएको छ। खानेपानी तथा सरसफाइसम्बन्धी उपलब्धिको विवरण तालिका ३२ मा प्रस्तुत गरिएको छ।

तालिका ३२: खानेपानी तथा सरसफाइसम्बन्धी मुख्य विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९ सम्मको उपलब्धि	आर्थिक वर्ष २०७९/८० सम्मको उपलब्धि	आर्थिक वर्ष २०८०/८१ सम्मको उपलब्धि
१.	आधारभूतस्तरको खानेपानी सेवाको पहुँच	प्रतिशत	९४.९३	९६.६१	९६.४६
२.	आधारभूतस्तरको सरसफाइ सेवाको पहुँच	प्रतिशत	१००	१००	९५.५*
३.	उच्च तथा मध्यमस्तरको खानेपानी सेवाको पहुँच	प्रतिशत	२५.६९	२६.९०	२७.८
४.	प्रशोधनसहितको ढल प्रणालीको पहुँच	प्रतिशत	२.२८	२.३४	३.०७

*२०७८ को जनगणनाले ४.५ प्रतिशतले कम देखाएकोले

स्रोतः खानेपानी मन्त्रालय

२.८.४. यातायात व्यवस्थापन

बागमती प्रदेशको बनेपा, काभ्रेमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरी सेवा सुचारु भएको छ। यातायात व्यवस्था विभागको अनलाइन सवारी चालक अनुमतिपत्र प्रणालीलाई मोबाइल नम्बरका आधारमा विवरण प्राप्त गर्न सकिने गरी नागरिक एपसँग अन्तरआबद्धता गरिएको छ। आर्थिक वर्ष २०७९/८० असार मसान्तसम्म ३४ लाख ८९ हजार ६ सय २४ थान विद्युतीय सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइ भएकोमा आर्थिक वर्ष २०८०/८१

मा थप १ लाख ६४ हजार २ सय ६२ थान स्मार्ट कार्ड छपाइ गरी हालसम्म ३६ लाख ५३ हजार ८ सय ८६ थान स्मार्ट कार्ड छपाइ भई वितरणका लागि सम्बन्धित कार्यालयमा पठाइएको छ। आर्थिक वर्ष २०८०/८१ मा थप १ लाख १५ हजार ८ सय ४४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भई हालसम्म ५ लाख ८० हजार ९ सय ५३ थान नम्बर प्लेट उत्पादन भएको छ।

२.८.५. अव्यवस्थित बसोबासी व्यवस्थापन

नेपालमा विगत लामो समयदेखि विद्यमान भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्याको दीर्घकालीन समाधानका लागि गठन भएको राष्ट्रिय भूमि आयोगमा पदाधिकारी नियुक्ति हुनुका साथै ७७ जिल्लामा राष्ट्रिय भूमि आयोग जिल्ला समिति गठन भएको छ। आयोगमार्फत हालसम्म ७ सय २८ स्थानीय तहसँग कार्य सहमति सम्झौता भई ४ सय २२.८४ वर्ग किलोमिटर क्षेत्रफल नाप नक्साङ्कन गरिएको र १० लाख ७७ हजार ४ सय ४६ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन सङ्कलन गरी कम्प्युटरमा प्रारम्भिक लगत प्रविष्टि गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा ८ सय ३८ वटा जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको र २०८०/८१ सम्ममा ४ हजार ५ सय ८६ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गरिएको छ।

२.९. श्रम र रोजगार सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (झ) मा व्यवस्था गरिएका श्रम र रोजगारसम्बन्धी छ वटा नीतिको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.९.१. नीतिगत एवम् कानूनी व्यवस्था

वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्ने सम्बन्धी कार्यविधि, २०८०; वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८०; राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०; श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ ; काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१; वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ (चौथो संशोधन); वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ (तेस्रो संशोधन) तथा वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०७९ (पहिलो संशोधन) जारी गरिएको छ।

बाल श्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को अनुसूचीमा जोखिमयुक्त व्यवसाय तथा कामको सूची अद्यावधिक गरी राजपत्रमा प्रकाशन भएको छ। राष्ट्रिय व्यावसायिक सीप विकास तालिम नीति, २०८० को मस्यौदा तयार भएको छ। राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० स्वीकृत भई सोही बमोजिम व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानलाई राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा रूपान्तरण गरिएको छ। श्रम स्वीकृतिसम्बन्धी सेवालाई पूर्णरूपमा Online प्रणालीमा आबद्ध गरी १ घण्टाभित्र श्रम स्वीकृति दिने व्यवस्था गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ८ लाख ८५ हजार १ सय ५३ सूचीकृत बेरोजगारमध्ये ६४ हजार ७ सय ४२ जनाले औसत ७९ दिनको न्यूनतम रोजगारी प्राप्त गरेका छन्।

२.९.२. रोजगार प्रवर्द्धन कार्यक्रम

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम मार्फत आर्थिक वर्ष २०८०/८१ मा करिब ४ लाख २३ हजार जनालाई वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रदान गरिनुका साथै ४ हजार २ सय २५जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ। यस सम्बन्धी थप विवरण तालिका ३३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३३: रोजगार प्रवर्धनसम्बन्धी विवरण (सामी परियोजना अन्तर्गत)

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०८०/८१
१	आप्रवासन स्रोत केन्द्र मार्फत वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रदान	जना	४,२३,१५०
२	मनोसामाजिक परामर्श (व्यक्तिगत)	जना	४,२२५
३	वित्तीय साक्षरता तालिम	जना	१५,३०२
४	सीपमूलक तालिम	जना	२,१८७
५	कानूनी सहायताका लागि सहजीकरण (न्यायमा पहुँच)	जना	७,४०८

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

रोजगारी सिर्जना एवम् स्वरोजगारको विकासका लागि रोजगार लक्षित विभिन्न सीप विकास सम्बन्धी तालिम तथा प्रशिक्षण सम्पन्न भएका छन्। विभिन्न निकायहरूबाट ९ हजार ४ सय १९ जनाले तालिम प्राप्त गरेका छन्। यससम्बन्धी थप विवरण तालिका ३४ मा उल्लेख गरिएको छ ।

तालिका ३४: तालिम तथा प्रशिक्षण प्राप्त गरेका व्यक्तिको विवरण

क्र.सं.	तालिम प्रदायक निकाय	एकाइ	तालिम प्राप्त संख्या
१.	राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान	जना	१,२१९
२.	वैदेशिक रोजगार बोर्ड	जना	६,०१३
३.	रोजगार प्रवर्धन कार्यक्रम (सामी कार्यक्रम)	जना	२,१८७
	जम्मा उपलब्धि	जना	९,४१९

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.९.३. श्रम सम्वन्ध र व्यवसायजन्य सुरक्षा

आर्थिक वर्ष २०८०/८१ मा २ हजार ६ सय ८५ जना गैर नेपालीलाई नेपालमा काम गर्न स्वीकृति प्रदान गरिएको छ। ६ वटा ट्रेड युनियन महासंघ दर्ता/नवीकरण भएका छन्। १ सय १ वटा प्रतिष्ठानस्तरको ट्रेड युनियनको दर्ता/नवीकरण भएको छ। यस आर्थिक वर्षमा १ हजार २० जना गैर नेपाली नागरिकलाई श्रम स्वीकृति र १ हजार ६ सय ६५ जनाको श्रम स्वीकृति नवीकरण गरी कुल २ हजार ६ सय ८५ जना गैर नेपाली नागरिकलाई नेपालमा काम गर्ने इजाजत दिइएको छ। यस सम्बन्धी थप विवरण तालिका ३५ मा प्रस्तुत गरिएको छ।

तालिका ३५: श्रमसम्बन्धी मुख्य विवरण (आर्थिक वर्ष २०८०/८१)

क्र.सं.	विवरण	एकाइ	नयाँ दर्ता	नवीकरण	जम्मा
१	गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान	जना	१०२०	१६६५	२६८५
२	श्रमिक आपूर्तिकर्ता इजाजतपत्र प्रदान	संख्या	११२	४४१	५५३
३	ट्रेड युनियन महासंघ दर्ता/नवीकरण	संख्या	५	१	६
४	ट्रेड युनियन संघ दर्ता/नवीकरण	संख्या	१२	१७	२९
५	प्रतिष्ठानस्तरको ट्रेड युनियन दर्ता/नवीकरण	संख्या	१०१	२५७	३५८

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.९.४. वैदेशिक रोजगारी

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारमध्ये ३ लाख १५ हजार ४ सय ४५ पुरुष र ३७ हजार ७ सय १८ महिला गरी कुल ३ लाख ५३ हजार १ सय ६३ जनालाई संस्थागत श्रम स्वीकृति प्रदान गरिएको छ। त्यस्तै ७४ हजार ४ सय ३ पुरुष र २० हजार ६ सय ३५ महिलासहित ९५ हजार ३८ जनाले व्यक्तिगत श्रम स्वीकृति प्राप्त गरेका छन्। २ लाख ६० हजार ५ सय ८० पुरुष र २० हजार ६ सय १५ महिला गरी कुल २ लाख ८१ हजार १ सय ९५ जनालाई पुन श्रम स्वीकृति प्रदान गरिएको छ। सरकार - सरकार (G2G) श्रम सम्झौता अन्तर्गत १० हजार ६ सय ९७ पुरुष र १ हजार २ सय ४ महिला सहित ११ हजार ९ सय १ जनाले श्रम स्वीकृति प्राप्त गरेका छन्। हालसम्म १२ वटा मुलुकसँग द्विपक्षीय श्रम सम्झौता सम्पन्न भएको छ। त्यसैगरी, वैदेशिक रोजगारीका लागि संस्थागत १ सय ११ र व्यक्तिगत १ सय ७८ देश खुल्ला गरिएको छ। यस सम्बन्धी विवरण तालिका ३६ मा संलग्न गरिएको छ।

तालिका ३६: वैदेशिक रोजगारीसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१)

विवरण	एकाइ	पुरुष	महिला	जम्मा
संस्थागत श्रम स्वीकृति	जना	३,१५,४४५	३७,७१८	३,५३,१६३
नयाँ व्यक्तिगत श्रम स्वीकृति	जना	७४,४०३	२०,६३५	९५,०३८
पुन: श्रम स्वीकृति	जना	२,६०,५८०	२०,६१५	२,८१,१९५
सरकार - सरकार (G2G)	जना	१०,६९७	१,२०४	११,९०१
जम्मा	जना	६,६१,१२५	८०,१७२	७,४१,२९७

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगारीको क्रममा मृत्यु वा अङ्गभङ्ग हुँदा नियमानुसार प्रदान गरिने आर्थिक सहायताका लागि स्थानीय तहसँगको समन्वयमा अनलाइन प्रणालीबाट सोझै पीडित वा मृतक कामदारको नजिकको हकदारको बैङ्क खातामा भुक्तानी गरिएको छ। यस आर्थिक वर्षमा ९ सय २७ जना मृतकका परिवारलाई रु. ६९ करोड ९९ लाख बराबरको आर्थिक सहायता प्रदान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीको क्षेत्रमा सम्पादन भएका कल्याणकारी कार्यको विवरण तालिका ३७ मा दिइएको छ।

तालिका ३७: वैदेशिक रोजगारीसम्बन्धी कल्याणकारी कार्यको विवरण

क्र.सं.	कार्यक्रम	एकाइ	आर्थिक वर्ष २०८०/८१	रकम (रु. लाखमा)
१	मृतकका परिवारलाई आर्थिक सहायता	जना	९२७	६९९९.१०
२	अङ्गभङ्ग वा गम्भीर बिरामी भएकालाई आर्थिक सहायता	जना	६०३	१९६४.३०
३	कामदारका परिवारलाई स्वास्थ्योपचार सहायता	जना	२५४	१२३.७०
४	कामदारको शव घर ठेगानामा पुऱ्याउने	जना	६७८	३४१.६०
५	छात्रवृत्ति प्रदान	जना	१८७४	२९१.५
६	टेलिमेडिसिन सेवा	जना	६	२२.७६

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा जाने व्यक्ति र उनका परिवारलाई सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता तालिम, सीपमूलक तालिम र कानूनी सहायताका लागि सहजीकरण सम्बन्धी विभिन्न सेवा प्रवाह गरिएको छ।

२.९.५. सामाजिक सुरक्षा

आर्थिक वर्ष २०८०/८१ सम्ममा १९ हजार २ सय १० प्रतिष्ठान तथा १४ लाख ९१ हजार ५ सय ४० श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सूचीकृत भएका छन्। यससम्बन्धी थप विवरण तालिका ३८ मा उल्लेख गरिएको छ।

तालिका ३८: योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी विवरण

विवरण	एकाइ	२०८०/८१ को उपलब्धि	आर्थिक वर्ष २०८०/८१ सम्मको उपलब्धि
प्रतिष्ठान सूचीकरण	वटा	१,१६५	१९,२१०
श्रमिक सूचीकरण	वटा	८,४१,२३०	१४,९१,५४०
श्रमिकको उपचार गर्ने अस्पताल	वटा	८५	८५

कुल योगदान रकम	रु. करोड	१९७७.९०	५८२९.९०
कुल दावी भुक्तानी	रु. करोड	४५६.८५	९८४.१८
सामाजिक सुरक्षा योजनाको संख्या	वटा	४	४

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

आर्थिक वर्ष २०८०/८१ मा ४ हजार १ सय ३९ वटा प्रतिष्ठानहरूमा श्रम अडिट सम्पन्न भएको छ। सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या ४९ लाख १५ हजार पुगेको छ। श्रम रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित अन्य विवरण तालिका ३९ मा प्रस्तुत गरिएको छ।

तालिका ३९: श्रम तथा सामाजिक सुरक्षासँग सम्बन्धित विवरण

क्र.सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २० ७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	श्रम अडिट	प्रतिष्ठान संख्या	२९१९	३४२३	४१३९
२.	सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या	संख्या (हजारमा)	३४६.७४४	६५०.३१	१४९१.५४
३.	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या	संख्या	१७१९२	१८०२२	१९२१०
४.	योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध प्रतिष्ठानमा सम्बद्ध श्रमिक	प्रतिशत	७०.०३	७८.९६	८९.००
५.	व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन	जना	१९५५३	२१७७७	९४१९

स्रोतः श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.१०. सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि

नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) मा व्यवस्था गरिएका सामाजिक न्याय र समावेशीकरण सम्बन्धी चौधवटा नीतिको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धि सङ्क्षेपमा देहायबमोजिम रहेका छन् ।

२.१०.१. नीतिगत एवम् कानूनी व्यवस्था

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। यसले राज्यका सबै तहमा समावेशी एवम् समतामूलक शासन प्रणाली स्थापित गर्न तथा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न आवश्यक क्रियाकलाप सञ्चालनमा मार्गदर्शन गर्छ। त्यस्तै ज्येष्ठ नागरिक नियमावली, २०६५ संशोधन गरिएको छ। उक्त नियमावलीले ज्येष्ठ नागरिकको हेरचाह गर्ने कर्तव्य भएका सन्तानले हेरचाह नगरेमा नियमित आम्दानीबाट आमाबाबुलाई केही अंश दिनुपर्ने प्रावधानलाई व्यवस्थित गरेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मातहतमा रहेको महिला तथा बालबालिका विभाग खारेज गरी जिल्ला समन्वय समितिका अधिकृतलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको फोकल पर्सनको रूपमा तोकिएको छ। विभिन्न तहका सरकार र सामाजिक क्षेत्रमा कार्यरत अन्य सामुदायिक गैर सरकारी संस्थासँग समन्वय गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा समन्वय शाखाको स्थापना गरिएको छ। यसबाट प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा प्रभावकारिता अभिवृद्धि हुने र सामाजिक क्षेत्रमा गरिने कार्यमा एकरूपता आउने अपेक्षा गरिएको छ। यसको अतिरिक्त यसबाट विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौता जस्तै- बाल अधिकार सम्बन्धी महासन्धि, महिला अधिकार सम्बन्धी महासन्धि, र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि जस्ता अन्तर्राष्ट्रिय विषयवस्तुलाई स्थानीयकरण गर्न सहज हुने अपेक्षा गरिएको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ र लैङ्गिक समानता नीति कार्यान्वयन कार्ययोजना, २०८० को बारेमा स्थानीय निकायका प्रतिनिधि तथा कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

२.१०.२. महिला

मानव विकास सूचकाङ्कमा पछि परेका ५५ जिल्लाका १ सय ११ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन भई प्रत्येक तहका २५ जना महिलालाई तालिम दिई रु. २६ हजारका दरले बीउपुँजी उपलब्ध गराइएको छ। यसले गर्दा ग्रामीण क्षेत्रका विपन्न महिलाहरूको व्यावसायिक आम्दानीमा वृद्धि भई आर्थिक अवस्थामा सुधार आएको छ। सातवटा प्रदेश मन्त्रालयले छानेका २० जना महिलालाई र एक महिला समूहलाई प्राविधिक सहयोगका लागि क्रमश रु. २ लाख र रु. ५ लाख प्रदान गरिएको छ। सातवटै प्रदेशका उद्यमी महिलाहरूलाई प्रोत्साहित गर्न महिला उद्यमी पुरस्कार वितरण गरिएको छ।

सात प्रदेशका विशेष जातजाति बस्ने स्थानीय तह छनौट गरी हरेक स्थानीय तहमा रोजगारमूलक तालिमका लागि रु. ११ लाखका दरले रकम उपलब्ध गराइएको छ। ७७ जिल्लाका १०० स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिएका छन्। यस्ता केन्द्रले

स्थानीय महिलालाई व्यवसाय स्थापनादेखि उत्पादनको बजारीकरणका कार्यसम्ममा सहयोग उपलब्ध गराउँदै आएका छन्।

दीर्घकालीन पुनःस्थापना केन्द्रमा सामाजिक पुनर्मिलन गराउन सम्भावना नरहेका हिंसा पीडित तथा प्रभावित महिला तथा किशोरीलाई सुरक्षित पुनःस्थापनाका लागि सञ्चालनमा रहेको राष्ट्रियस्तरको मङ्गला सहाना दीर्घकालीन पुनःस्थापना केन्द्रमा १८ जना हिंसा पीडित महिला तथा किशोरीहरू आश्रयमा रहेका छन्। विभिन्न सरकारी र गैर सरकारी निकायहरूबीच लैङ्गिक हिंसा न्यूनीकरणका लागि समन्वय गर्ने सम्बन्धमा ७ वटै प्रदेशमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको र यस कार्यक्रमले उक्त विषयमा संवेदनशीलता बढाउन सहयोग पुगेको छ। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका सन्दर्भमा ८५ जना सांसदको उपस्थितिमा संघीय संसद्का सांसदलाई महिला सम्बन्धी कानून र अन्तर्राष्ट्रिय महासन्धिका विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। लैङ्गिक हिंसा निवारण कोषमा रु. ५ लाख रकम थप गरिएको छ। साथै, कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरूमा लैङ्गिक हिंसा, बालविवाह, दाइजो लगायतका कुरीति विरुद्ध अन्तरक्रिया गरिएको छ। मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि सञ्चालित पुनःस्थापना केन्द्रहरूको अनुगमनका साथै पुनःस्थापना केन्द्रका व्यवस्थापक तथा कर्मचारीहरूसँग समिक्षा र अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ। यसबाट पुनःस्थापना कार्यका अप्ठेराहरू पहिचान गर्नका साथै सो कार्यमा जिल्ला समितिहरूलाई सक्रिय बनाउन सहयोग पुगेको छ।

मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि स्थापित पुनःस्थापना कोषमा रु. २० लाख रकम थप गरिएको छ। मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि काठमाडौं, सिन्धुपाल्चोक, कैलाली,झापा, पर्सा, रूपन्देही, बाँके, चितवन, कास्की र सुर्खेत जिल्लामा पुनःस्थापना केन्द्रहरू सञ्चालनमा रहेका छन्। ५५ जना यस्ता प्रभावितहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ।मानव बेचविखन विरुद्धको दिवस भाद्र २० का अवसरमा यस क्षेत्रमा उल्लेख्य कार्य गरेका संस्था तथा व्यक्तिलाई पुरस्कृत गरिएको छ। सामाजिक सञ्जाल र साइबर माध्यमबाट हुनसक्ने मानव बेचबिखनका कार्य रोक्न धादिङ जिल्लामा अभियान सञ्चालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत ४७ जनालाई साइबरका माध्यमबाट कसरी वेचबिखन हुन्छ भन्ने जानकारी प्रदान गरिनुका साथै मानव बेचविखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी जिल्ला समितिलाई सक्रिय बनाउन समेत सहयोग पुगेको छ। मानव बेचबिखनमा परेका तर पारिवारिक पुनःस्थापना वा पुनर्मिलन हुन नसकी पुनःस्थापना केन्द्रमा आश्रय लिइरहेका २० किशोरीलाई जीविकोपार्जनको लागि मन्टेश्वरी हेरचाह र कम्प्युटर तालिम प्रदान गरिएको छ।

एकल महिला सुरक्षा कोषमा आर्थिक वर्ष २०८०।८१मा रु. १० लाख जम्मा गरिएको र हालसम्ममा कोषमा रु. ४ करोड ३१ लाख १८ हजार २५० जम्मा भएको छ। यसबाट नियमानुसार एकल महिलाहरूलाई सहायता रकम उपलब्ध गराइएको छ। हाल Male Leader Network गठन भइ क्रियाशील रहेको छ। Beizing+30, Beijing Platform for Action (BPFA) को राष्ट्रिय प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्रसंघीय स्थायी नियोग र UNESCAP

मा पठाइएको छ भने CEDAW को सातौं आवधिक प्रतिवेदन बुझाई सोका सम्बन्धमा List of Issues प्राप्त भएकाले यसको जवाफ सहितको प्रतिवेदन तयार गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय समेत ४ वटा संघीय मन्त्रालयमा लैङ्गिक परीक्षण कार्यविधि, २०८० अनुसार लैङ्गिक परीक्षण गर्ने कार्य पूर्ण भएको छ। केन्द्रीय स्तरका निकायहरूका ३५ जना लैङ्गिक सम्पर्क व्यक्तिको सहभागितामा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा १ सय ६१ जनाको हवाई उद्धार गरी आमा तथा शिशुको जीवन रक्षा गरिएको छ।

महिलाका क्षेत्रमा कार्य गर्ने विभिन्न संघ संस्थाहरूको प्रोफाइल तयार गर्ने कार्य सम्पन्न भएको छ। ८ वटा जिल्लाहरू (भोजपुर, दाङ, कास्की, रामेछाप, नुवाकोट, सप्तरी, रौतहट र सर्लाही)का विभिन्न कारागारमा रहेका रहेका ३ सय ५० जना महिला तथा किशोरीहरूलाई सचेतनामूलक सकारात्मक सोच सम्बन्धी तालिम प्रदान गरिएको छ।

२.१०.३. अपाङ्गता भएका व्यक्ति

भौतिक संरचनाको पहुँचयुक्तता परीक्षण निर्देशिका तयार भएको छ। भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय गरी ४ वटा संघीय मन्त्रालयको भौतिक संरचनाको पहुँचयुक्तता परीक्षण गरिएको छ। संस्थासँगको साझेदारी अवधारणा वमोजिम नेपाल खगेन्द्र नवजीवन केन्द्र मार्फत विपन्न, बेसहारा ५१ जना अपाङ्गता भएका व्यक्तिहरूलाई आवासीय पुनःस्थापना सेवा प्रदान भैरहेको छ। त्यस्तै धनुषामा ५, बाँकेमा १७ र झापामा ५ गरी २७ जना अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना सेवा दिइएको छ। कुष्ठरोगी आरोग्य आश्रम खोकनासँगको सहकार्यमा कुष्ठरोग प्रभावित १ सय ३३ जनालाई आश्रय दिइएको छ।

सातवटै प्रदेशमा १ हजार १ सय ६४ जनालाई १ हजार ५ सय २२ थान अपाङ्गता सहायक सामग्री वितरण भएको छ। प्रत्येक आइतबार बिहान ७:३० बजे रेडियो कान्तिपुरमा "अपाङ्गता आवाज" रेडियो कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको अवस्थाका बारेमा जानकारी प्रदान गर्नुका साथै यस क्षेत्रको संवेदनशीलताका बारेमा जनसाधारणलाई बुझाउन सहयोग पुगेको छ। यस्तै प्रत्येक हप्ता नेपाल टेलिभिजनबाट "अपाङ्गता आवाज" कार्यक्रम पनि सञ्चालन भैरहेको छ।

सातै प्रदेशमा रहेका अपाङ्गता भएका १ हजार ५ सय १ जना व्यक्तिलाई ३ हजार १५ सेसनमा फिजियोथेरापी सेवा प्रदान गरिएको छ। ८ जिल्लाका ३ सय ३५ जना स्थानीय तहका जनप्रतिनिधिहरूलाई अपाङ्गता सम्बन्धी कानूनी प्रावधानको विषयमा अभिमुखीकरण तालिम प्रदान गरिएको छ। यस्तै तुल्सीपुर उपमहानगरपालिका, जुम्लाको सिंजा गाउँपालिका, तथा बाँकेको

बैजनाथपुर गाउँपालिकामा अपाङ्ग भएका व्यक्तिसमेतको पहुँचयुक्त डिजिटल सूचनापाटी निर्माण गरी हस्तान्तरण गरिएको छ।

विभिन्न १० जिल्लाका १ सय ३३ जना बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई बौद्धिक अपाङ्गता सम्बन्धी विविध पक्षमा १ दिने तालिम र ३२ जना अभिभावकलाई हेरचाह सम्बन्धी तालिम प्रदान गरिएको छ। यस्तै राष्ट्रिय बहिरा महासंघ मार्फत साङ्केतिक भाषा दोभासे आधारभूत तालिम सञ्चालन भएको छ। यसबाट कपिलवस्तु जिल्लामा १९ जना दोभासे तयार भएका छन्।

अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनमा सहयोग पुऱ्याउन कम्प्युटर तालिम स्पिच थेरापी कार्यक्रम सञ्चालन गरिएको छ।यस बाहेक विभिन्न महासँघ तथा संघको सहकार्य तथा स्थानीय तहको समन्वयमा विभिन्न सीपमूलक तालिम कार्यक्रम सञ्चालन भएका छन्।

२.१०.४. ज्येष्ठ नागरिक

ज्येष्ठ नागरिकसम्बन्धी अन्तर्राष्ट्रिय/राष्ट्रिय सन्धि सम्झौतासम्बन्धी विषयमा विभिन्न माध्यमबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, विश्व अल्जाइमर्स चेतना दिवस र ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहार विरुद्धको दिवससम्बन्धी कार्यक्रम मार्फत ज्येष्ठ नागरिकहरूलाई यो उमेरमा हुने रोग तथा उनीहरूप्रति हुने गरेका दुर्व्यवहार बारेमा जानकारी गराइएबाट जनचेतना अभिवृद्धि भएको छ। ज्येष्ठ नागरिकमा भएको ज्ञान र सीपको पुस्तान्तरणका लागि सुदूरपश्चिम प्रदेश, मधेस प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन भएको छ। यसबाट लोप हुन लागेको साँस्कृतिक मान्यताको जगेर्ना गर्न सहयोग पुगेको छ।

पशुपति वृद्धाश्रम सञ्चालनलाई निरन्तरता दिइएको छ। हाल उक्त आश्रममा ६९ जनाले आश्रय लिई रहेका छन्। पशुपति क्षेत्रमा सञ्चालन भैरहेको आश्रमलाई सुविधासहित सञ्चालन गर्न गोठाटारमा १ सय ६५ क्षमताको ज्येष्ठ नागरिक आश्रम र ४५ क्षमताको अस्पताल निर्माण गर्ने कार्यक्रम रहेको छ। केन्द्रीय ज्येष्ठ नागरिक समितिको निर्णयानुसार ज्येष्ठ नागरिकको हितमा कार्य गर्न रु. १० लाख बीउपुँजीसहित स्थापित ज्येष्ठ नागरिक कोषमा हालसम्म रु. १ करोड १ लाख ७५ हजार २० रुपैया जम्मा भएको छ। वृद्धावस्थाका व्यक्तिनहरूको स्याहार सुसार सम्बन्धी म्यानुअलको मस्यौदा तयार भएको छ।

२.१०.५. बालबालिका

आर्थिक वर्ष २०८०/८१ मा हराएका ६ हजार ५ सय ९० जना बालबालिकामध्ये ५ हजार ८ सय ३१ जना बालबालिका खोजतलास समन्वय केन्द्रबाट फेला पारिनुका साथै ३ सय ८३ जना बेवारिसे बालबालिका फेला परेका छन्। यसरी फेला परेकामध्ये ६ सय ५२ बालबालिकाको बाल गृहमा पुनःस्थापना गरिएको छ। जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालीन उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापनाका निम्ति सञ्चालित बाल

हेल्पलाइन नं. १०९८(दश नौ आठ) मार्फत जोखिमपूर्ण अवस्थाबाट ९ सय ३३ जना आपत्कालीन उद्धार गरिएको छ। यी बालबालिका सहित १० हजार २ सय ५१ जना बालबालिकालाई मनोसामाजिक मनोविमर्श, पारिवारिक परामर्श, स्याहार, सुरक्षा तथा संरक्षण, शैक्षिक सहयोग तथा कानूनी परामर्श लगायतका सहयोग गरिएको छ।

काठमाडौं उपत्यकालगायत अन्य मुख्य सहरहरूका सडकबाट ६ सय ५२ जना सडक बालबालिकाको उद्धार गरी व्यवस्थापन गरिएको छ। नेपाल र भारतमा ओसार-पसार तथा बेवारिसे बनाइएका ७१ नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन गराइएको छ। मुलुकी फौजदारी संहिताबमोजिम मकवानपुर, पर्सा, रूपन्देही, डोटी बाँके, मोरङ, भक्तपुर र कास्कीमा ९ वटा बाल सुधार गृह सञ्चालनमा रहेका छन्। उक्त बालगृहहरूमा बालबालिकाहरू संरक्षणमा रहेका छन्। बाल सुधार गृहबाट मनोपरामर्श सेवा, सीप विकाससम्बन्धी तालिम, शिक्षा, स्वास्थ्य लगायतका सेवा उपलब्ध गराइएको छ। बालबालिका उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, बलात्कार, बाल विवाह अन्त्यका लागि एफ.एम. रेडियो, विभिन्न टेलिभिजन र पत्रपत्रिकाबाट बाल सचेतना सन्देश प्रसारण गरिएको छ।

सुदूरपश्चिम, मधेश तथा कोशी प्रदेशमा नेपाल प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत १ सय ८१ जना प्रहरी कर्मचारीलाई बाल संरक्षण तथा घटना व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ। बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली तथा बाल अधिकार सूचना प्रणालीको बारेमा कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बद्ध पदाधिकारीहरूका साथै सुर्खेत, जाजरकोट र रुकुम पश्चिमका ८ वटा स्थानीय तहका बाल कल्याण अधिकारी समेत २ सय २० जनालाई तालिम प्रदान गरिएको छ।

२.१०.६. संघ संस्था

समाज कल्याण परिषद्मा आर्थिक वर्ष २०८०/८१ मा १ हजार ४ सय ७२ वटा संस्था आबद्ध र २ हजार २० आबद्धताको नवीकरण भएका छन्। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका ३ वटा नयाँ साधारण सम्झौता र १८ वटा साधारण सम्झौता नवीकरण भएका छन्। गैरसरकारी संस्थाका ४४ वटा परियोजनाको रु. २१ अर्ब ५८ करोड बजेट स्वीकृत भई परिचालन भएको छ। गैर सरकारी संस्थाका ५ सय १६ वटा परियोजनाको मूल्याङ्कन गरिएको तथा १ सय ४ वटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका परियोजनाको तेस्रो पक्षबाट मध्यावधि र अन्तिम मूल्याङ्कन गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा घर जग्गा वा घरजग्गा स्वामित्व पुगेको महिला २५ प्रतिशत पुगेको छ। सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात ४२ प्रतिशत पुगेको छ। ६ सय ५२ जना सडक बालबालिकाको उद्धार पुनःस्थापना संरक्षण तथा व्यवस्थापन गरिएको छ। ९२ प्रतिशत ज्येष्ठ नागरिक सामाजिक सुरक्षामा आबद्ध भएका छन्। महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति सम्बन्धी अन्य विवरण तालिका ४० मा प्रस्तुत गरिएको छ।

तालिका ४०: महिला, बालवालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसम्बन्धी विवरण

क्र. सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१	घर, जग्गा वा घरजग्गा स्वामित्व पुगेको महिला	प्रतिशत	२३.९	२३.८	२५
२	सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात	प्रतिशत	३९.५	४०	४२
३	जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण	जना	६८५	८७५	९३३
४	सडक बालबालिकाको उद्धार पुनस्थापना संरक्षण तथा व्यवस्थापन	जना	२९७	४८६	६५२
५	गर्भवती तथा सुत्केरी महिलाको हवाइ उद्धार	जना	१६९	५५२	७२६
६	बालबालिका खोजतलास १०४ नेपाल सञ्चालन तथा व्यवस्थापन	केन्द्र संख्या	७१	७१	७१
७	महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न सामाजिक सूचना व्यवस्थापन प्रणाली पोर्टल प्रयोग गर्ने स्थानीय तहको संख्या	वटा	०	३६	४४
८	बाल हेल्पलाइन १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापन भएका जिल्ला	वटा	१८	१८	१८
९	बेवारिसे तथा असहाय बालबालिकाको बालगृहमा पुनःस्थापना	जना	११५	११५	६५२

१०	मानव बेचविखनबाट पीडित प्रभावितका लागि पुनःस्थापना केन्द्र सञ्चालन भएका जिल्ला	संख्या	१०	१०	१०
११	ज्येष्ठ नागरिक मिलन केन्द्र तथा दिवा सेवा केन्द्र	संख्या	२११	२२५	२७३
१२	बाल कल्याण अधिकारी नियुक्त भएको वा तोकिएको स्थानीय तह	संख्या	-	२७६	३५०
१३	सामाजिक सुरक्षामा आबद्ध ज्येष्ठ नागरिक	प्रतिशत	-	९०	९२
१४	संघ प्रदेश र स्थानीय तहको कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्रीको व्यवस्थापन	जना	४४८	३०८६	१५२२

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

२.१०.७. युवा

राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को संशोधन गरिएको छ। राष्ट्रिय युवा नीति, २०७२ र राष्ट्रिय खेलकुद नीति, २०६७ को प्रतिस्थापनका लागि सरोकारवालाहरूको राय सुझाव सङ्कलन गरी नयाँ नीतिको मस्यौदा तयार गरिएको छ। राष्ट्रिय खेलकुद परिषद्को सङ्गठन संरचना तथा व्यवस्थापन सर्भेक्षण गरी प्रतिवेदनको मस्यौदा तयार गरिएको छ। राष्ट्रियस्तरका खेलकुद संघहरूको कार्य प्रभावकारी र परिणाममुखी बनाउन खेलहरूको प्रकृति अनुसार २ सय ९ खेलकुद संघहरूलाई एकीकृत गरी ६१ वटा बनाइएको छ।

युवाको नेतृत्व क्षमता विकासका लागि १८० जना युवालाई UN Mock Assembly र ९० जना युवालाई संघीय नमुना संसद् अभ्यासमा सहभागी गराई नेतृत्व विकासको अवसर प्रदान गरिएको छ। ५ सय जना युवाको सहभागितामा स्टाफ कलेज ललितपुरमा युवा वैज्ञानिक सम्मेलन सम्पन्न भएको छ। ७ सय ८७ युवालाई सात दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी नवप्रवर्तनात्मक सोच भएका २४ जना युवालाई नवप्रवर्तन तथा इन्क्युवेसनका लागि BOOT CAMP सञ्चालन गरिएको छ। द्वन्द्व प्रभावित ९५ जना युवालाई परियोजना प्रस्ताव लेखन, AI (Artificial Intelligence), साइबर सुरक्षा र डिजिटल साक्षरता जस्ता विषयमा तालिम प्रदान गरिएको छ। आठ सय ३७ जना युवालाई लागूऔषध विरुद्धको सचेतना, उद्यमशीलता, उद्यम विकास तथा प्रवर्धन जस्ता विषयमा विज्ञद्वारा परामर्श प्रदान गरिएको छ।

दलित, अल्पसंख्यक तथा सीमान्तकृत वर्गका १ हजार २ सय जना युवालाई अनलाइन माध्यमबाट लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ। कृषि, शिक्षा, स्वास्थ्य, पशु स्वास्थ्य र समाजिक सेवाको क्षेत्रमा ७ सय ४६ जना युवा स्वयंसेवक परिचालन गरिएको छ। युवाको क्षेत्रमा कार्यरत १४ वटा गैरसरकारी संस्थासँगको साझेदारीमा आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

नेपाल स्काउटमार्फत १ हजार ३ सय १७ जनालाई स्काउट तालिम र ७० जनालाई विपद् व्यवस्थापन तालिम प्रदान गरिएको छ। आँखा शिविर, ट्राफिक व्यवस्थापन, स्वास्थ्य सचेतना, सरसफाई एवम् वृक्षारोपण कार्य र स्थानीय मेला पर्वहरूमा गरी ५१ हजार ४३ जना स्वयंसेवक परिचालन गरिएको छ भने विभिन्न क्षेत्रका ९ जना प्रतिभावान् युवालाई नगदसहित राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गरिएको छ।

२.१०.८. खेलकुद

क्रिकेट खेलको टि-२० विश्वकपमा नेपालले सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गरेको छ। अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपाली खेलाडीबाट १ सय १ स्वर्ण, ८६ रजत तथा ८९ कास्य पदक प्राप्त भएको छ। १४औँ दक्षिण एशियाली खेलकुदमा सहभागिताका लागि कवड्डी (महिला-पुरुष), भलिबल, भारोत्तोलन, एथलेटिक्स, कुस्ती गरी ५ खेलका ६२ जनालाई राष्ट्रिय टिम तयारी अन्तर्गत विशेष प्रशिक्षण प्रदान गरिएको छ। सबै प्रदेशका शैक्षिक तालिम केन्द्रमार्फत जम्मा २ सय ५ जना र राष्ट्रिय खेलकुद परिषद्मार्फत ५५ जना गरी विद्यालयका २ सय ६० जना र स्थानीय तहसँगको सहकार्यमा १ सय २० जना शिक्षकलाई खेलकुद शिक्षक तालिम प्रदान गरिएको छ। ट्यालेन्ट हन्ट कार्यक्रम अन्तर्गत भलिबलका २६, कवड्डीका १०, खोखोका १०, रग्वीका २४ गरी जम्मा ७० जना बालबालिकाले नियमित प्रशिक्षण प्राप्त गरेका छन्।

प्रतिस्पर्धात्मक शैलीबाट खेलकुदको सीप तथा रणनीतिहरूको विकास गर्नका लागि साहसिक तथा पर्वतीय खेलकुदका ९ वटा र मार्सल आर्टका १३ वटासहित राष्ट्रियस्तरका ७० वटा खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। अन्तर्राष्ट्रियस्तरका ३५ वटा खेलकुद प्रतियोगिता आयोजना गरिएको र ९९ वटा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागिता जनाइएको छ। १५ औँ केन्द्रस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८० मा विभिन्न स्थानीय तहमा रहेका १५ हजार १ सय ५० विद्यालयका ३ लाख १५ हजार २ सय ५१ छात्र र २ लाख ९६ हजार ९ सय छात्रा सहभागी भएका छन्। सहभागी मध्येबाट जिल्ला र प्रदेशस्तरीय प्रतियोगिता गरी खेलाडी छनोट गरी केन्द्रस्तरीय प्रतियोगिता आयोजना गरिएको छ। १२ वटा पारा तथा विशेष खेलकुदका गरी ६ सय २८ जना खेलाडीहरूको सहभागितामा पारा तथा विशेष खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। गण्डकी प्रदेश पोखरामा विद्यालयस्तरका १५ वर्षमुनिका ५ सय ७४ जना बालबालिकाहरूबीच ६ वटा खेलमा ३० स्वर्ण, ३० रजत र ४० काँस्य पदकका लागि प्रतिस्पर्धा भएको छ। १० वटा विश्वविद्यालयका १ सय ४२ जना खेलाडीको सहभागितामा विश्वविद्यालय खेलकुद प्रतियोगिता आयोजना गरिएको छ।

ACC Men Premier क्रिकेट प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने १८ जना, ICC Cricket World Cup League II मा प्रथम स्थान हासिल गर्ने १८ जना, ICC Men's T20 World Cup Final Asia, 2023 मा दोस्रो स्थान हासिल गर्ने १९जना, १९औँ एशियाली खेलकुदमा रजत पदक प्राप्त गर्ने कराँते टोलीका ५ जना तथा कवड्डी टोलीका १५ जना र चौथो एशियाली पारा खेलकुदमा काँस्य पदक प्राप्त गर्ने तेक्वान्दो टोलीका ३ जनासहित जम्मा ७८ जनालाई नगद पुरस्कार प्रदान गरिएको छ। त्यस्तै दक्षिण एशियाली खेलकुदमा स्वर्ण र एशियाली खेलकुदमा पदक प्राप्त गर्ने १ सय ९६ जना, ओलम्पिकमा सहभागी ५४ जना र प्रथम ओलम्पियन ५ जना गरी जम्मा २ सय ५५ जनालाई मासिक रूपमा प्रोत्साहन भत्ता प्रदान गरिएको छ। ६ जना खेलाडी, १ जना प्रशिक्षक, १ जना निर्णायक र १ जना फिजियोथेरापिष्ट गरी ९ जनालाई राष्ट्रिय खेलकुद सम्मान प्रदान गरिएको छ।

२.१०.९. खेलकुद पूर्वाधार निर्माण

पोखरा क्रिकेट रङ्गशालामा भीआइपी प्याभिलियनको एक भागको प्यारापिट ब्लक स्ट्रक्चर कार्य निर्माण गर्न डिपिसी ढलान भई प्यारापिट ढलान गर्ने कार्य सम्पन्न भएको छ। भैरहवा क्रिकेट रङ्गशालामा प्यारापिट ब्लक B को सम्पूर्ण कार्य सम्पन्न गरिएको छ। कोहलपुर क्रिकेट रङ्गशाला तथा महिला क्रिकेट एकेडेमीको प्यारापिट निर्माण कार्य सुरु गरिएको छ। गुल्मीको रिडीमा रुरु कभर्डहल निर्माण सम्पन्न भएको छ। पर्सामा निर्माणाधीन नारायणी कभर्डहलको दुवैतर्फका प्यारापिटको ढलान कार्य सम्पन्न भएको छ भने रुपन्देहीको तिलोत्तमा, बागलुङ्गको कालिमाटी, ललितपुरको टीकाथली, रामेछापको सुनापाती, सिन्धुलीको पाटन बेलघारी, काठमाडौँको मनोहरा र झापाको दमकमा कभर्डहल निर्माण भइरहेको छ।

२.१०.१०. नवप्रवर्तनात्मक कार्यहरू

राष्ट्रिय युवा परिषद् र नेपाल बिजिनेश इन्स्टिच्युटसँगको सहकार्यमा ४ सय जना युवाको सहभागितामा काठमाडौँमा युवा उद्यमशीलता शिखर सम्मेलन तथा राष्ट्रिय युवा परिषद् र युथ एनजिओ फेडेरेशनसँगको सहकार्यमा ३ सय जना युवाको सहभागितामा काठमाडौँमा युवा नेतृत्व शिखरसम्मेलन (Youth Leadership Summit) सम्पन्न भएको छ।

नेपाल स्काउटले विश्व महिला स्काउट संगठनको परियोजना YESS Girls Movement अन्तर्गत नेपालका ५ जना किशोरीले युगान्डा, केन्या, मादागास्कर, रुवान्डा र जिम्बावेमा रही त्यहाँको शैक्षिक र सांस्कृतिक कार्यक्रम अवलोकन एवम् अध्ययन गरेका छन्। अफ्रिकी मुलुक युगान्डा, मलावी, मादागास्कर, रुवान्डा र घानाका ५ जना युवा महिला नेपालमा आएर नेपालको शैक्षिक र सांस्कृतिक कार्यक्रम अवलोकन एवम् अध्ययन गरेका छन्।

खेलकुद कार्यक्रमहरूको वार्षिक क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ। राष्ट्रपति रनिङ शिल्डमा समावेश भएका ६ वटा खेलमा सहभागी ६ सय ५० जना खेलाडीको आर्थिक तथा सामाजिक अवस्थाको अध्ययन अनुसन्धान गरिएको छ तथा राष्ट्रिय खेलकुद परिषद्मा रहेको खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्रबाट इमर्जेन्सी सेवामा ३ सय ५ जना, ओपिडी सेवामा ८

जना र फिजियोथेरापी सेवामा ३ सय ६८ जना गरी जम्मा ६ सय ८१ जनालाई सेवा प्रदान गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा युवा स्वरोजगार कोषबाट कर्जा प्राप्त गरी ५ हजार ७ सय ६० जनाले आफ्नै व्यवसाय गरी स्वरोजगार भएका छन्। उक्त व्यवसायबाट थप १० हजार रोजगारी सृजना भएको छ। त्यस्तै २४ जना युवाले बिजनेस इन्क्युवेसन सेन्टर मार्फत तालिम प्राप्त गरेका छन्। यससम्बन्धी थप विवरण तालिका ४१ मा प्रस्तुत गरिएको छ।

तालिका ४१: युवा तथा खेलकुद सम्बन्धी विवरण

क्र.सं.	विवरण	एकाई	२०७८/७९	२०७९/८०	२०८०/८१
१	युवा स्वरोजगार कोषबाट स्वरोजगारीको सिर्जना	जना	१२,१३९	१२,०३६	५,७६०
२	युवा स्वरोजगार कोषबाट कर्जा लिई सञ्चालन भएको व्यवसाय मार्फत सिर्जना भएका थप रोजगारी	जना	६,१३७	१०,०००	१००००
३	बिजनेस इन्क्युवेशन सेन्टर मार्फत तालिम प्राप्त गर्ने युवा	जना	११४	१६	२४
४	युवा तथा खेलकुद पूर्वाधार निर्माणमार्फत रोजगारी सिर्जना	जना	४२५	३००७	३००९
५	प्रदेशहरूमा निमार्णाधीन अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न ३ वटा रङ्गशालाको निर्माण र ४ वटाको स्तरोन्नति कार्य	प्रतिशत	३.३	३.०	१०
७	मूलपानीको अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियमको निर्माण कार्य	प्रतिशत	३.०	५	२.८

स्रोतः युवा तथा खेलकुद मन्त्रालय

२.११. न्याय र दण्ड व्यवस्था सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ट) मा व्यवस्था गरिएका न्याय र दण्ड व्यवस्थासम्बन्धी तीनवटा नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र उपलब्धिहरू सङ्क्षेपमा उल्लेख गरिएको छ।

दातृ संघ संस्थासँग सम्पन्न ऋण तथा अनुदान सम्झौतालाई प्रभावकारी बनाउन १२ वटा विषयमा कानूनी राय उपलब्ध गराइएको छ। सत्रवटा विषयमा नयाँ कानून बनाउनको लागि सैद्धान्तिक सहमति प्रदान गरिएको छ भने २६ वटा विधेयकको मस्यौदा तर्जुमा गर्न सहमति प्रदान गरिएको छ। ४० वटा नियमावलीको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको छ तथा ३२ वटा गठन आदेश, निर्देशिका, कार्यविधिको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको छ। एकीकृत कानूनी सहायता नीति, २०७६ को कार्यान्वयनको लागि कानूनी सहायता सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी सरोकारवालाहरूसँग छलफलको क्रममा रहेको छ। नेपालबाट विदेशी राज्यसँग १३ वटा विषयमा पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरिएको र विदेशी राज्यबाट २५ वटा विषयमा नेपालसमक्ष पारस्परिक कानूनी सहायताको लागि माग भएको छ।

विभिन्न जिल्लाका ९ वटा शैक्षिक संस्थामा १ हजार ३ सय ८५ सहभागीलाई कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। १६ वटा स्थानीय तहको गाउँसभा, नगरसभामा १ हजार १ सय ५४ सहभागीलाई कानून तर्जुमासम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ। ८ वटा नगरपालिकामा ६ सय १९ जना न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरिएको छ। नेपाल सरकारका ३० जना अधिकृतलाई २०८० माघ २८ देखि फाल्गुन १० गतेसम्म (दश कार्य दिनको) अन्तर्राष्ट्रिय वार्ता सीप तथा सन्धि सम्झौता मस्यौदा लेखनको तालिम प्रदान गरिएको छ। व्यक्तिगततर्फ १ जनालाई र संस्थातर्फ एउटा संस्थालाई मानव अधिकार पुरस्कार प्रदान गरिएको छ। कानुन तथा संसदीय मामिलासम्बन्धी विस्तृत विवरण तालिका ४२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४२: कानून तथा संसदीय मामिलासम्बन्धी प्रमुख विवरण

क्र.सं.	सूचकहरू	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	नयाँ कानून बनाउनको लागि सैद्धान्तिक सहमति	५	१६	१७
२.	विधेयकको मस्यौदा तर्जुमा तथा सहमति	२३	१४	२६
३.	नियमावलीको मस्यौदामा तर्जुमा सहमति	३०	२९	४०

४.	गठन आदेश, निर्देशिका, कार्यविधिको मस्यौदा तर्जुमा सहमति	३१	१५	३२
५.	नेपाल राजपत्रमा प्रकाशन हुने सूचना सम्पादन	३८७	२९२	३७९
६.	द्विपक्षीय, बहुपक्षीय सम्झौता, दातृ संस्थासँग सम्पन्न गरिने सम्झौताको मस्यौदामा राय तथा अनुदान सम्झौतामा कानूनी राय	७२	९४	१०२
७.	विभिन्न निकायलाई कानूनी राय	२६	१२	७
८.	अदालतमा दायर भएका विभिन्न रिट निवेदनमा मन्त्रालयको तर्फबाट लिखित जवाफ पेश	१०३	९१	५८
९.	शैक्षिक संस्थाहरूमा कानूनी सचेतना कार्यक्रम	६	१	९

स्रोतः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२.१२. पर्यटन सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ठ) मा व्यवस्था गरिएको पर्यटन सम्बन्धी नीतिको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू सङ्क्षेपमा देहाय बमोजिम रहेका छन्।

पर्यटन ऐन, २०८० को मस्यौदा तयार भएको छ। नेपाल पर्यटन बोर्ड ऐन, २०५३ तथा नियमावली, २०५५ मा समसामयिक संशोधन गर्न पर्यटन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भई मस्यौदा तर्जुमा गरिएको छ। पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को संशोधन मस्यौदा तयार गरी राय/सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ भने सफा हिमाल अभियानसम्बन्धी रणनीतिक योजना निर्माणसम्बन्धी ३ वर्षे रणनीति तयार भई कार्यान्वयनमा रहेको छ।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल प्रतिष्ठान एक आपसमा गाभ्ने सम्बन्धमा पूर्वतयारीको कार्य भइरहेको छ। संघीय तहमा रहेका पर्यटन प्रवर्धन विकास समितिहरू ५ वटा प्रदेश र १ वटा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण भएको छ। कर्णाली प्रदेशका पर्यटन सम्बद्ध निकाय तथा निजी क्षेत्रहरूसँग प्रदेशस्तरीय अन्तरक्रिया एवम् छलफल कार्यक्रम

आयोजना भएको छ। भ्रमण दशक (सन् २०२३-२०३२) कार्ययोजनाको प्रारम्भिक मस्यौदा निर्माण भइसकेको छ भने नयाँ हिमाल आरोहणका लागि खुला गर्न नेपाल पर्वतारोहण संघ (NMA) सँगको सहकार्यमा अध्ययन कार्य भइरहेको छ।

लुम्बिनीको नरपानीमा ९० प्रतिशत र कोशी प्रदेशको त्रियुगा नगरपालिकामा ३० प्रतिशत हिल स्टेशन पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ। उपत्यका वरिपरिको प्रमुख Hiking Destination जोड्ने कान्तिपुर पदमार्गको ३० किलोमिटर निर्माण कार्य सम्पन्न भएको छ। लाकुरी भन्ज्याङ्ग फुल्चोकी, गुर्दुमडाँडा महाभारत ट्रेलको ७ किलोमिटर निर्माण सम्पन्न भएको छ। कन्चनजङ्गा/मकालु वरुण/मनास्लु/सगरमाथा हेरिटेज/खारे च्छो रोल्पा/टासी लाप्चापास/रुवि भ्याली/गणेश हिमाल/दुधपोखरी/जुगल हिमाल/धौलागिरी आइसफल/डोल्पा सेफोक्सुण्डो यार्सा/भैरवकुण्ड पाँचपोखरी/अपि सैपाल हिमाल/ माछापुच्छ्रे मार्दी हिमाल/हेलम्बु ग्रेट ट्रेल लगायतका विभिन्न क्षेत्रमा १ सय ५८ किलोमिटर ट्रेल निर्माणको कार्य सम्पन्न भएको छ। नेपाल पर्यटन बोर्डबाट १ सय वटा आन्तरिक पर्यटन प्रवर्धनात्मक कार्यक्रम र २० वटा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ। रुवाण्डा तथा स्वीजरल्याण्डसँग नयाँ हवाई सेवा सम्झौता सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा १० लाख १४ हजार बाह्य पर्यटकले नेपाल भ्रमण गरेका छन् । पर्यटकहरूको औसत बसाइ १३.२ दिन रहेको छ । त्यस्तै ३० वटा विभिन्न अन्तर्राष्ट्रिय विमान कम्पनीले नेपालमा उडान भरेका छन्। पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसम्बन्धी थप विवरण तालिका ४३ मा प्रस्तुत गरिएको छ।

तालिका ४३: पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसम्बन्धी विवरण

विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
पर्यटन आगमन	संख्या	१,५०,९६२	६,१४,८६९	१०,१४,०००
प्रति पर्यटकको बसाइ औसत	दिन	१५.५	१३.१	१३.२
प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	४८	४०.५	४१
नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय बिमान कम्पनी	संख्या	२२	३०	३०
पोखरा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	०	०	५
भैरहवा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	०	०	१२०

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

२.१३. अन्तर्राष्ट्रिय-सम्बन्धका सम्बन्धमा सम्पादन गरिएका प्रमुख कार्य र प्राप्त उपलब्धिहरू

नेपालको संविधानको धारा ५१ को खण्ड (ङ) मा व्यवस्था गरिएका अन्तर्राष्ट्रिय-सम्बन्धसम्बन्धी नीतिहरूको कार्यान्वयनको सन्दर्भमा गरिएका प्रमुख कार्य र उपलब्धिहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन्।

२.१३.१. उच्चस्तरीय द्विपक्षीय भ्रमण, बैठक तथा गतिविधिहरू

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले ११-१५ जुन २०२४ सम्म स्वीट्जरल्याण्ड र १६-१९ जुन २०२४ सम्म जर्मनीको औपचारिक भ्रमण गर्नुभई स्वीस राष्ट्रपति श्री भियोला एमहर्ड र जर्मन राष्ट्रपति डा. फ्रयाङ्क-वाल्टर स्टाइनमायरसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको छ। कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले २३-२४ अप्रिल २०२४ सम्म नेपालको राजकीय भ्रमण गर्नुभएको छ। भ्रमणका क्रममा उहाँले राष्ट्रपति श्री रामचन्द्र पौडेल र प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गर्नुभएको छ।

उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवले १६-२० अगष्ट २०२३ मा चीनको भ्रमण गर्नुभएको छ। प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २३-३० सेप्टेम्बर २०२३ सम्म चीनको औपचारिक भ्रमण गर्नुभई चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री लि छियाङसँग भेटवार्ता गर्नुभएको छ। त्यसैगरी वहाँले ९ जुन २०२४ गते भारतका नवनियुक्त प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा भाग लिनुभएको छ।

उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठले २४ मार्च - १ अप्रिल २०२४ मा चीनको भ्रमण गरी चिनियाँ उच्च पदाधिकारीसँग द्विपक्षीय बैठक तथा भेटघाट गर्नुभएको छ। परराष्ट्रमन्त्री श्री एन. पि. साउदले ३१ अक्टोबरदेखि ५ नोभेम्बर २०२३ सम्म संयुक्त राज्य अमेरिकाको भ्रमण गर्नुभई अमेरिकाका विदेशमन्त्री Antony Blinken लगायत अमेरिकी उच्च अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको छ। वहाँले १०-११ डिसेम्बर २०२३ मा कतारमा आयोजित २१औँ दोहा फोरममा भाग लिने सिलसिलामा त्यहाँका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग भेटवार्ता गर्नुभएको छ। त्यसैगरी ८-१२ फेब्रुअरी २०२४ मा अष्ट्रेलियाको र १३-१४ फेब्रुअरी मा न्यूजिल्याण्डको भ्रमण गर्नुभई ती मुलुकका समकक्षीसँग भेटवार्ता गर्नुभएको छ। वहाँ २३ फेब्रुअरी २०२४ मा भारतको नयाँदिल्लीमा आयोजित Raisina Dialogue को नवौँ संस्करणमा सहभागी हुनुभई भारतीय समकक्षीसँग भेटवार्ता गर्नुभएको छ।

भारतका विदेशमन्त्री डा. एस जयशंकरले ४-५ जनवरी २०२४ सम्म, श्रीलंकाका विदेशमन्त्री अली साब्रीले २०-२३ डिसेम्बर २०२३ सम्म र जापानका परराष्ट्र मन्त्री Ms. Kamikawa Yoko ले ५

मे २०२४ मा नेपाल भ्रमण गर्नुभएको छ। संयुक्त अधिराज्यका विकासमन्त्री Mr. Andrew Mitchell ले २०-२१ फेब्रुअरी २०२४ मा र दक्षिण कोरियाका कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्री Chung Hwang Keun ले १-३ नोभेम्बर २०२३ मा नेपालको भ्रमण गर्नुभएको छ। माल्दिभ्सका परराष्ट्र राज्यमन्त्री Ahmed Khalil ले २९ अक्टोबर र कतारका परराष्ट्र राज्यमन्त्री Soltan bin Saad Al-Muraikhi ले २३-२४ नोभेम्बर २०२३ मा नेपालको भ्रमण गर्नुभएको छ। जापान, स्विडेन, अमेरिका, अष्ट्रेलिया, मंगोलिया, आयरल्याण्ड र गणतन्त्र कोरियाको संसदीय प्रतिनिधिमण्डलले विभिन्न मितिमा नेपालको भ्रमण गरेको छ। विभिन्न मितिमा छिमेकी मित्रराष्ट्र चीनका विभिन्न १० प्रतिनिधिमण्डलले नेपालको भ्रमण गरेका छन्।

२.१३.२. द्विपक्षीय परामर्श संयन्त्रका बैठक

देहाय बमोजिमका विभिन्न ११ मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरू सम्पन्न भएका छन्। सो को विवरण तालिका ४४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४४: विभिन्न मुलुकसँग द्विपक्षीय संयन्त्रका बैठकहरूको विवरण

क्र. सं.	द्विपक्षीय संयन्त्रको विवरण	बैठकको मिति र स्थान
१.	नेपाल-फिलिपिन्स द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक	६ डिसेम्बर २०२३, मनिला
२.	नेपाल-श्रीलंका संयुक्त आयोग पहिलो बैठक	२१ डिसेम्बर २०२३, काठमाडौं
३.	नेपाल-भारत संयुक्त आयोगको सातौं बैठक	४ जनवरी २०२४, काठमाडौं
४.	नेपाल-न्यूजिल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक	१४ फेब्रुअरी २०२४, वेलिङ्गटन
५.	नेपाल-युरोपेली संघ संयुक्त आयोगको १५औं बैठक	१९ मार्च २०२४, काठमाडौं
६.	नेपाल-जर्मनी द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक	२० मार्च २०२४, काठमाडौं
७.	नेपाल-फ्रान्स द्विपक्षीय परामर्श संयन्त्रको चौथो बैठक	२९ मार्च २०२४, पेरिस
८.	नेपाल-स्वीट्जरल्याण्ड द्विपक्षीय परामर्श संयन्त्र चौथो बैठक	२ अप्रिल २०२४, बर्न
९.	नेपाल-बङ्गलादेश विदेश परामर्श संयन्त्रको तेस्रो बैठक	१७ अप्रिल २०२४, काठमाडौं
१०.	नेपाल-फिनल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक	५ जुन २०२४, काठमाडौं
११.	नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको सोह्रौं बैठक	२४-२६ जुन २०२४, काठमाडौं

श्रोतः परराष्ट्र मन्त्रालय

आर्थिक वर्ष २०८०/८१ मा नेपाल र भारतबीचका विभिन्न द्विपक्षीय संयन्त्रका ८ वटा बैठकहरू सम्पन्न भएका छन् भने नेपाल-चीन सीमासम्बन्धी संयुक्त विशेषज्ञ समूहको बैठक सम्पन्न भएको छ। त्यसैगरी, नेपाल र मलेसियाबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना भएको छ।

२.१३.३. कूटनीतिक सम्बन्धको विस्तार

नेपालले संयुक्त राष्ट्रसंघका १ सय ९३ सदस्य मुलुकहरूमध्ये १ सय ८२ मुलुकसँग दौत्य सम्बन्ध स्थापना गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा थप एक मुलुक टोङ्गा अधिराज्यसँग १ मार्च, २०२४ मा दौत्य सम्बन्ध स्थापित भएको छ।

२.१३.४. उच्चस्तरीय भ्रमण तथा अन्य सहभागिता

राष्ट्रपति श्री रामचन्द्र पौडेलले स्वीट्जरल्याण्डको जेनेभामा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको ११२औँ वार्षिक सम्मेलनको उच्चस्तरीय सत्र अन्तर्गत १३ जुन २०२४ मा Global Coalition for Social Justice को उद्घाटन समारोहमा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्नुभएको छ। प्रधानमन्त्री श्री पुष्प कमल दाहाल "प्रचण्ड"ले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै १७-२१ सेप्टेम्बर २०२३ सम्म अमेरिकाको न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघको ७८औँ महासभामा, २४-२६ जुलाई २०२३ मा इटलीको राजधानी रोममा आयोजित UN Food Systems Summit +2 Stocktaking Moment (UNFSS+2) मा, २९ नोभेम्बर -३ डिसेम्बर २०२३ मा संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजित United Nations Framework Convention on Climate Change को 28th Conference (COP 28) को World Climate Action Summit मा तथा १९-२० जनवरी २०२४ मा युगाण्डाको कम्पालामा आयोजित असंलग्न आन्दोलनको १९औँ शिखर सम्मेलनमा सहभागी हुनुभएको छ।

उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठ २३-२४ जुन २०२४ मा इरानको तेहरानमा आयोजित Asia Cooperation Dialogue (ACD) को १९औँ मन्त्रिस्तरीय बैठकमा सहभागी हुनुभएको छ।

परराष्ट्रमन्त्री श्री एन पि साउद अस्ट्रेलियाको पर्थमा ९-१० फेब्रुअरी २०२४ मा आयोजित सातौँ Indian Ocean Conference मा; संयुक्त राष्ट्रसंघको ७८ औँ महासभाको दौरान न्युयोर्कमा आयोजित Group of 77 and China Summit, UN Peacebuilding Commission Meeting र Asian Cooperation Dialogue (ACD) को मन्त्रीस्तरीय बैठकमा; १२ डिसेम्बर २०२३ मा जेनेभामा आयोजना भएको "Human Rights 75" High-Level Event मा; १४-१५ डिसेम्बर २०२३ मा आर्मेनियाको येरेभानमा आयोजित भूपरिवेष्टित विकासोन्मुख मुलुकहरूको मन्त्रीस्तरीय सम्मेलनमा; र थाइल्याण्डको बैंककमा १७ जुलाई २०२३ मा आयोजित बिमस्टेक परराष्ट्रमन्त्रीहरूको रिट्रिटमा सहभागी हुनुभएको छ।

परराष्ट्र सचिव श्री सेवा लम्साल २१-२२ जनवरी २०२४ मा युगाण्डाको राजधानी कम्पालामा सम्पन्न तेस्रो दक्षिण सम्मेलन (The Third Summit) मा , २७-३० मे २०२४ मा सेन्ट जोन, एन्टीगुवा तथा बारबुडामा सम्पन्न साना टापु विकासशील राष्ट्रहरूको चौथो सम्मेलनमा तथा भारतको नयाँ दिल्लीमा ११-१२ जुलाई २०२४ मा आयोजित बिमस्टेक परराष्ट्रमन्त्रीहरूको रिट्रिटमा सहभागी हुनुभएको छ।

संयुक्त राष्ट्रसंघका महासचिव H.E. Antonio Guterres ले अक्टोबर २९ देखि नोभेम्बर १, २०२३ सम्म नेपालको औपचारिक भ्रमण गर्नुभएको छ। भ्रमणको क्रममा वहाँले लुम्बिनीको भ्रमण गरी विश्व शान्तिको लागि सन्देश प्रवाह गर्नुभएको छ। Asian Cooperation Dialogue (ACD) का महासचिव Dr. Pornchai Danivathana ले ३१ जुलाईदेखि २ अगष्ट, २०२३ सम्म नेपालको भ्रमण गर्नुभएको छ। Bay of Bengal Initiative for Multi Sectoral Technical and Economic Cooperation (BIMSTEC) का महासचिव इन्द्रमणि पाण्डेले १९-२२ मे २०२४ मा नेपालको भ्रमण गर्नुभएको छ। नेपालले South Asian Association for Regional Cooperation (SAARC) अन्तर्गत विभिन्न संयन्त्रका ७ वटा तथा Bay of Bengal Initiative for Multi Sectoral Technical and Economic Cooperation (BIMSTEC) र Asia Cooperation Dialogue (ACD) अन्तर्गतका विभिन्न संयन्त्रका बैठकमा सहभागिता जनाएको छ।

२.१३.५. अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको नेतृत्वदायी भूमिका

जनवरी २०२४ मा विश्व व्यापार संगठनको Committee on Trade and Development (CTD) को अध्यक्षमा एक वर्षका लागि नेपाल निर्वाचित भएको छ। ११२ औँ अन्तर्राष्ट्रय श्रम सम्मेलनबाट नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनको Governing Body को सदस्यको रूपमा आगामी तीन वर्षे कार्यकालका लागि निर्वाचित भएको छ भने न्यूयोर्कमा जुन २०२४ मा भएको Committee on the Elimination of Discrimination Against Women (CEDAW) को निर्वाचनमा नेपालकी उम्मेदवार श्रीमती वन्दना राणा तेस्रो कार्यकालका लागि विजयी हुनुभएको छ।

२०२० जनवरीदेखि २०२३ को डिसेम्बरसम्म नेपालले मानव अधिकार परिषद्को कार्यकारी सदस्यको दोस्रो कार्यकालको भूमिका सक्रिय रूपमा निभाउनुका साथै जनवरी २०२४ देखि संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को सदस्यको रूपमा तीनवर्षे कार्यकाल सुरु गरेको छ। त्यसैगरी, नेपालले Peace Building Commission (PBC) को सदस्यको रूपमा र अति कम विकसित मुलुकहरूको ग्लोबल ब्यूरोको संयोजकको रूपमा प्रभावकारी रूपमा भूमिका निर्वाह गरिरहेको छ। नेपालले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सन् २०२७-२०२९ अवधिको लागि तथा संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्को सन् २०२९-२०३१ अवधिका लागि सदस्य पदमा र United Nations Children Fund (UNICEF) को सन् २०२७-२०२९ अवधि र Commission

on Narcotic Drugs (CND) को सन् २०२८-२०३१ अवधिका लागि सदस्य पदमा उम्मेदवारी प्रस्तुत गरेको छ।

नेपालमा यस अवधिमा विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय बैठकहरू आयोजना गरिएका छन्। २३ देखि २५ जनवरी २०२४ सम्म United Nations Regional Centre for Peace and Disarmament (UNRCPD) सँग संयुक्त रूपमा Regional Preparatory Meeting of the Asia and the Pacific for the Fourth Review Conference (RevCon4); २८-३० अगष्ट २०२३ मा UN Office for Disarmament Affairs सँगको सहकार्यमा क्षेत्रीय कार्यशाला; १८ जनवरी २०२४ मा BIMSTEC Expert Group on Tourism को दोस्रो बैठक; १८-१९ डिसेम्बर २०२३ मा BIMSTEC Expert Group on Agriculture को दशौं बैठक; ३१ मार्च २०२४ मा BIMSTEC Expert Group on Cultural Cooperation को दोस्रो बैठक; १८-१९ डिसेम्बर २०२३ मा South Asian University (SAU) को एघारौं कार्यकारी बोर्ड बैठक; SAARC Tuberculosis and HIV AIDS Centre (STAC) को ३१ औं Governing Board को बैठक र ६-७ मार्च २०२४ मा सार्कअन्तर्गतको कार्यक्रम समितिको ५९ औं बैठकहरू सम्पन्न भएका छन् ।

२.१३.६. आर्थिक कूटनीति

वि. सं. २०८० को भाद्र, मंसिर, पौष, चैत्र र र २०८१ को असार गरी ५ पटक विभिन्न निकायहरूको सहभागितामा पर्यटन, निर्यात व्यापार तथा लगानीसम्बन्धमा विदेशस्थित सबै नेपाली नियोगहरूसँग भौतिक तथा भर्चुअल रूपमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको छ। आर्थिक कूटनीतिका कार्यक्रमहरू अन्तर्गत विदेशी नेपाली नियोगहरूले हस्तकला लगायत निर्यात तथा लगानी प्रवर्धन, पर्यटन प्रवर्धन, श्रमिक सचेतना र सांस्कृतिक कार्यक्रम सहितको राष्ट्रिय दिवस जस्ता ३ सय ५५ कार्यक्रमहरू आयोजना गरेका छन्।

परराष्ट्र मन्त्रालय र काठमाडौंस्थित विभिन्न राष्ट्रहरूको अवैतनिक वाणिज्यदूतहरूको समूह Honorary Consular Corps Nepal (HCCN) को सहकार्यमा लुम्बिनीमा २०८० चैत्र ८-१० मा Global Peace for Prosperity विषयमा Lumbini Conclave आयोजना भएको छ। २०८१ वैशाख १६ र १७ गते काठमाडौंमा सम्पन्न तेस्रो लगानी सम्मेलनको आयोजना गर्नका लागि आवश्यक समन्वय र सहभागिताको संयोजन गरिएको छ। २०८१ जेठ २४ गते धनगढीमा सुदूरपश्चिम प्रदेशको निर्यात तथा लगानी प्रवर्धन र पर्यटन प्रवर्धनमा केन्द्रित भई प्रदेशस्तरीय आर्थिक कूटनीति सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। नेपाल पर्यटन बोर्डसँगको समन्वयमा अन्नपूर्ण दिवसको अवसरमा नेपालका लागि आवासीय राजदूत र नेपालस्थित संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय संघ

संस्थाहरूको प्रमुख र निजका पति/पत्नी समेतका लागि २० देखि २२ जेठ २०८१ मा पोखरामा एक कूटनीतिक रिट्रिट कार्यक्रम आयोजना गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा विभिन्न द्विपक्षीय समझदारी/सम्झौताहरू सम्पन्न भएका छन् । यस सम्बन्धी थप विवरण तालिका ४५ मा प्रस्तुत गरिएको छ।

तालिका ४५: द्विपक्षीय समझदारी/सम्झौताहरू सम्बन्धी विवरण

क्र. सं.	सम्झौता अथवा समझदारीको विवरण	मुलुक तथा निकायहरू	विषय क्षेत्र
१.	प्रधानमन्त्रीस्तरीय भ्रमणमा नेपाल र चीन सरकारबीच भएका सम्झौताहरू	नेपाल सरकार र चीन सरकार	हिल्सा-सिमिकोट सडक परियोजना
			नेपाल-चीन पावर ग्रीड इन्टरकनेक्सन परियोजना
			शिक्षा, विज्ञान तथा नवीनताका क्षेत्रमा सहकार्य
			शास्त्रीय महत्त्वका पुस्तकहरूको अनुवाद र प्रकाशन
			राष्ट्रिय योजना आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच सहकार्य
			कृषि, पशुपन्छी तथा मत्स्यपालनका क्षेत्रमा सहकार्य
			हरित तथा न्यून कार्बन विकासका क्षेत्रमा सहकार्य
			डिजिटल अर्थतन्त्रका क्षेत्रमा सहकार्य
			नेपाल चीन व्यापार तथा भुक्तानी सम्बन्धी सहमतिको समीक्षा तथा परिवर्तनको लागि संयुक्त कार्यदल गठन
			वनस्पतिमा आधारित औषधिजन्य सामग्री नेपालवाट चीनमा निर्यात गर्ने

			सम्बन्धमा विरुवा स्वस्थता (फाइटोसेनेटरी) शर्त सम्बन्धी प्रावधान समेटिएको प्रोटोकल
२.	कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको राजकीय भ्रमणको अवसरमा भएका सम्झौता	नेपाल सरकार र कतार सरकार	कतार समाचार संस्था (QNA) तथा राष्ट्रिय समाचार संस्था, नेपाल (रासस) बीच सहयोग तथा समाचारको आदान प्रदान
			महान्यायाधिवक्ताको कार्यालय नेपाल र कतार राज्यको पब्लिक प्रोसिक्यूसन बीच सहयोगको आदानप्रदान
			कतार राज्यको परराष्ट्र मन्त्रालयको कूटनीतिक प्रतिष्ठान तथा नेपाल सरकारको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानबीच कूटनीतिक तालिम तथा शिक्षाको क्षेत्रमा सहयोग
			कतार राज्यको संस्कृति मन्त्रालय तथा नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच संस्कृति तथा कलाका क्षेत्रमा सहयोग
			कतार राज्य सरकार तथा नेपाल सरकारबीच शिक्षा, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा सहकार्य
			युवा तथा खेलकुदको क्षेत्रमा सहयोग गर्ने
			नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) र कतार चेम्बरबीच सहकार्य।

३.	नेपाल कोरिया सरकार सम्झौता	नेपाल र कोरिया सरकार	कृषि क्षेत्रमा सहकार्य
४.	Trade and Investment Framework Agreement	नेपाल र अष्ट्रेलिया सरकार	व्यापार र लगानी सहजीकरण
५.	विज्ञान प्रविधि र नवप्रवर्तन सम्बन्धी सम्झौता	नेपाल र श्रीलंका	विज्ञान प्रविधिका क्षेत्रमा सहकार्य
६.	Agreement under the United Nations Convention on the Law of the Sea on the Conservation and Sustainable Use of Marine Biological Diversity of Areas beyond National Jurisdiction (BBNJ)	संयुक्त राष्ट्रसंघ	सामुद्रिक सम्पदाको संरक्षण
७.	व्यापार तथा लगानी सम्झौता (TIFA)	अष्ट्रेलिया	व्यापार तथा लगानी सम्बन्धमा सहकार्य

श्रोतः परराष्ट्र मन्त्रालय

२.१३.७. राहदानी तथा कन्सुलर सेवा

आर्थिक वर्ष २०८०/८१ मा कुल १४ लाख ७३ हजार ३ सय २५ थान विद्युतीय राहदानी जारी भएको छ। सिंगापुर, न्यूजिल्याण्ड, रोमानिया, ग्रीस र जापानमा राहदानी घुम्ती सेवा सञ्चालन गरी सिंगापुरमा ५ सय ७२, न्यूजिल्याण्डमा ९ सय १७, रोमानियामा १ हजार ५ सय ८५, ग्रीसमा ७ सय ८४ र जापानमा १ हजार ८ सय ६ जना आवेदकको राहदानी जारी गरी वितरण गरिएको छ। राहदानी सेवा प्रवाहलाई थप सहज, सरल र सेवाग्राहीमैत्री बनाउनका लागि गण्डकी तथा बागमती प्रदेशमा रहेका जिल्ला प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू, स्थानीय तहका प्रतिनिधि तथा सेवाग्राहीहरू समेतको सहभागितामा २ वटा प्रदेशस्तरीय अन्तर्क्रियात्मक कार्यशाला सम्पन्न गरिएका छन्।

सेवाग्राहीको बढ्दो चापलाई दृष्टिगत गरी छिटोछरितो एवम् सहज ढङ्गले राहदानी उपलब्ध गराउन विभागको सर्भर क्षमतामा वृद्धि गरिएको, प्राविधिक समस्यालाई तत्काल समाधान गर्ने व्यवस्था मिलाइएको र सेवाग्राहीको सङ्ख्या बढेसँगै कार्यालय समयका अतिरिक्त समय तथा सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह गरी हाल २ घण्टाभित्र राहदानी आवेदन दर्ता गराउन सकिने व्यवस्था गरिएको छ। सेवाग्राहीलाई सहज रुपमा सूचना प्रवाह गर्ने उद्देश्यले राहदानी विभागमा कल सेन्टरको स्थापना गरी सेवाग्राहीलाई चाहिने सूचना Virtual Receptionist(VR) द्वारा स्वचालित प्रवाह हुनसक्ने व्यवस्था मिलाइएको छ। यसका अतिरिक्त इमेल, WhatsApp, Viber तथा च्याटको माध्यमबाट समेत सेवाग्राहीको गुनासो तथा जिज्ञासाहरूको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ। त्यसैगरी, २०८० चैत्र २२ मा विदेशस्थित नेपाली नियोगहरूको वेबसाइटमार्फत गुनासो दर्ता गर्न र सोमा भएको प्रगति स्वयं अनुगमन गर्न सकिने अनलाइन गुनासो दर्ता प्रणालीको सुरुवात गरिएको छ।

कन्सुलर सेवा सम्बन्धमा सूचना तथा जानकारीका लागि टोल फ्री टेलिफोन नं. ११५२ सञ्चालनमा ल्याइएको छ। कन्सुलर प्रमाणीकरण भएका सम्पूर्ण कागजातहरू सम्बन्धित निकाय वा व्यक्तिले कन्सुलर प्रमाणीकरण नम्बर र मितिका आधारमा कन्सुलर सेवा विभागको वेवसाइटमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ। विदेशस्थित कूटनैतिक नियोगहरूबाट प्रदान गरिने कन्सुलर सेवालाई समेत Consular Service System मा आबद्ध गर्ने र सञ्चालन सहजताका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।कन्सुलर सेवालाई चरणबद्ध रूपमा अनलाइन प्रणालीमा लगिएको छ। स्थानीय तहबाट जारी हुने कागजातहरू अनलाइन प्रणालीमा लैजान राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समझदारी पत्रमा हस्ताक्षर भएको छ। कन्सुलर सेवा विभागले हालसम्म ४९ जिल्ला प्रशासन कार्यालयहरूमा कन्सुलर अनलाइन प्रणालीको Login प्रदान गरेको छ। कन्सुलर प्रमाणीकरण गरिएका कागजातहरूमध्ये प्रहरी प्रतिवेदनको पूर्ण कागजात विभागको वेवसाईटमा नै हेर्न मिल्ने व्यवस्था गरिएको छ।

कन्सुलर सेवा प्रवाह सम्बन्धी जानकारी सबै सेवाग्राहीहरूमा सहज र सरल रूपमा गराउन कन्सुलर सेवा हाते पुस्तिका तयार गरी विभागको वेबसाइटमा राखिनुका साथै स्थानीय तहहरूमा वितरण गरिएको छ। स्थानीय तहबाट नै कन्सुलर सेवा प्रवाहमा सहजीकरण गर्न हुलाक सेवा विभागसँग द्रुत डाँक सेवाबाट कन्सुलर कागजात ल्याउन लैजान समझदारीपत्रमा हस्ताक्षर गरिएको छ। श्रम गन्तव्य मुलुकमा रहेका नेपाली राजदूतावासहरूबाट अनलाइन मागपत्र प्रमाणीकरण सेवा सुरु गरिएको छ। विभिन्न कारणले विदेशमा जेल सजाय भुक्तानी गरिरहेका विभिन्न नेपालीहरूलाई सम्बन्धित व्यक्ति, परिवारका सदस्य, नेपाली नियोग र नेपालका सरकारी निकायहरूसँग समन्वय

गरी आरोपी तथा पीडितका परिवारका सदस्यहरूको राजीखुसीमा मिलापत्र गरी रिहाइका लागि समन्वय गरिएको छ।

कन्सुलर सेवा विभागले बाँके, बर्दिया, डोटी, कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहहरूको सहभागितामा कैलालीको धनगढीमा कन्सुलर सेवासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ भने काठमाडौंस्थित विदेशी नियोग तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको कन्सुलरसम्बन्धी कार्य गर्ने प्रतिनिधिहरूको सहभागितामा कन्सुलर सेवा र भिसा तथा उन्मुक्तिसम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल १ हजार २ सय ५० थान डिजिटल गैरआवासीय नेपाली परिचयपत्रहरू जारी गरिएको छ। त्यसैगरी, ८ वटा घरजग्गा खरिदको लागि सिफारिस जारी गरिएको छ। यस सम्बन्धी थप विवरण तालिका ४६ मा उल्लेख गरिएको छ।

तालिका ४६: कन्सुलर सेवा सम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१)

क्र. सं.	विवरण	एकाइ	प्रगति
१.	प्रमाणीकरण सेवा प्रवाह गरिएका सेवाग्राही कुल संख्या	जना	५,९२,८५९
	अनलाइन कन्सुलर प्रमाणीकरण सेवा लिने सेवाग्राही संख्या	जना	४,८२,४४७
२.	प्रमाणीकरण गरिएका कागजातको संख्या	वटा	७,००,९२७
	अनलाइन कन्सुलर प्रमाणीकरण गरिएका कागजातको संख्या	वटा	४,८२,४४७
३.	प्रमाणीकरणबाट उठेको जम्मा राजस्व रकम	रु.	३५,२१,४०,५३९/-
	प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणबाट उठेको जम्मा राजस्व	रु.	२४,२९,००,५३९/-
	अन्य कागजातबाट उठेको राजस्व रु.	रु.	१०,९२,४०,०००/-
४.	विभिन्न देशमा गएका नेपाली नागरिकहरूको खोज, तलास तथा उद्धारका लागि पहल गरिएका संख्या	जना	९४०
५.	विदेशमा मृत्यु भएका वा घाइते भएका नेपाली नागरिकहरूको क्षतिपूर्तिको रकम माग गर्न कागजात पठाइएको संख्या	वटा	३५६
६.	विदेशमा मृत्यु भएका नेपालीहरूको शव झिकाउने तथा विदेशमा दाहसंस्कार गरिएको संख्या	जना	२५६
७.	विदेशी शैक्षिक प्रमाणपत्र तथा विदेशमा अध्ययन गर्न सिफारिस	वटा	१६०४
८.	अधिकृत वारेसनामाको आधिकारिकता प्रमाणीकरण संख्या	वटा	१६
९.	रसायन खरिदका लागि सिफारिश	वटा	१७८
१०.	स्वास्थ्य उपचार, धार्मिक भ्रमण लगायतका लागि जारी सिफारिश	वटा	१०४

११.	भारतमा अस्थाई बसोबास गरेका नेपाली नागरिकको Character Report को लागि भारतीय दूतावासलाई गरिएको सिफारिश संख्या	वटा	७४२
१२.	विदेशमा रहेका नेपाली नागरिकहरूबाट नागरिकता परित्यागको लागि प्राप्त पत्र उपर कारबाही	जना	१६८
१३.	Vehicle Permit तथा भारतीय पेन्सनको निमित्त भारतीय राजदूतावासमा सिफारिस	वटा	१६
१४.	क्षतिपूर्तिबापत नेपाली नियोगहरूबाट प्राप्त भएको जम्मा रकम	रु.	६६,४८,७०,३९४/-
१५.	क्षतिपूर्तिबापत जिल्ला प्रशासन कार्यालय पठाइएको जम्मा रकम	रु.	६,२१,५५,८७०/-
१६.	कूटनीतिक/अफिसियल भिसा जारी	वटा	१४५७
१७.	कूटनीतिक/गैर कूटनीतिक परिचयपत्र जारी	वटा	४२९
१८.	कूटनीतिक उन्मुक्ति सिफारिस पत्र संख्या	वटा	३४७६
१९.	सरकारी मनोनयनमा भिसा सिफारिशको संख्या	वटा	१८५६
२०.	सार्क भिसा स्टिकर जारी संख्या	वटा	४२
२१.	अन्य पत्राचार / सिफारिश संख्या		३०५२

स्रोतः परराष्ट्र मन्त्रालय

२.१३.८. नेपाली नागरिकहरूको उद्धार एवम् सहजीकरण

विदेशमा रहेका नेपालीहरूको हकहित संरक्षणमा मन्त्रालय, मातहतका विभाग तथा विदेशस्थित नियोगहरू परिचालित रहेका छन्। विदेशमा समस्यामा परेका नेपालीको समस्या समाधान, कानूनी उपचार, तथा उद्धारका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ। यसै क्रममा ७ अक्टोबर २०२३ मा दक्षिण इजरायलको किवुज अलुमिममा प्यालेस्टाइनको हमास समूहको आक्रमणमा परी निधन भएका नेपालीहरूको शव नेपाल ल्याउन तथा नेपाल फर्कन इच्छुक इजरायलस्थित नेपालीहरूको उद्धारका लागि समन्वय गरिएको छ। यस क्रममा इजरायलमा रहेका २ सय ५४ नेपालीको नेपाल वायु सेवा निगमको जहाजद्वारा उद्धार गरिएको छ।

रुस-युक्रेन युद्धमा निधन भएका नेपाली नागरिकको शव यथाशीघ्र नेपाल ल्याउन, घाइते लगायतका पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, नेपालीहरूलाई रुसी सेनामा भर्ती नगराउन र भर्ना गरिएका नेपालीहरूको विवरण उपलब्ध गराउन तथा त्यस्ता नेपालीहरूलाई तत्काल नेपाल फर्काउन काठमाडौंस्थित रुसी राजदूत तथा मस्कोस्थित नेपाली राजदूतावासमार्फत रुस सरकारलाई अनुरोध तथा पहल गरिएको छ। आर्थिक वर्ष २०८१/८१मा कुल ३ सय २३ जना नेपाली नागरिकहरूले रुसबाट स्वदेश फर्कन उद्धारका लागि निवेदन दिएका छन्।

२.१३.९. अन्तर्राष्ट्रिय सन्धि सम्झौता

नेपालको छिमेकी लगायतका मित्रराष्ट्रहरूसँग ३६२ वटा द्विपक्षीय सम्झौताहरू र बहुपक्षीय एवम् क्षेत्रीय संघसंस्थाहरूसँग २ सय ३२ वटा सम्झौताहरू गरी कुल ५ सय ९४ वटा सन्धि सम्झौताहरू भएको छ। जसमध्ये ५१ वटा सन्धि सम्झौता आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न/परिमार्जन गरिएका छन्। पूराना एवम् म्याद सकिएका सम्झौताहरू आवश्यकता एवम् औचित्यका आधारमा नेपाल सरकारको निर्णय बमोजिम पुनरावलोकन/परिमार्जन/नवीकरण गरी कार्यान्वयनमा ल्याइएको छ।

२.१३.१०. अन्य कार्यहरू

२०८१ जेठ १ गते सम्पन्न गरिएको प्रोफेसर यदुनाथ खनाल प्रवचन शृङ्खलाको तेस्रो संस्करणमा Institute of South Asian Studies, National University of Singapore का प्राध्यापक सी. राजा मोहनले 'Nepal India Relations: Prospects and Pathways' शीर्षकमा व्याख्यान दिनुभएको छ। २०८१ जेठ १० गते परराष्ट्र सेवा दिवस मनाइएको छ। उक्त अवसरमा सेवामा योगदान पुऱ्याउने भूतपूर्व कर्मचारी तथा कुटनीतिज्ञहरूलाई विभिन्न कार्यक्रमका साथ सम्मान गरिएको छ।

मिति २०८० चैत्र ३ नेपालको परराष्ट्र नीति तथा कूटनीतिको पछिल्लो अवस्थासम्बन्धी अन्तर्क्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ। इन्डोनेशियाको परराष्ट्र मन्त्रालय र परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको सहकार्यमा Dialogue for Democracy in Inclusive Society विषयक एक दिने कार्यक्रम काठमाडौंमा २० मार्च २०२४ मा सम्पन्न भएको छ। प्रतिभा प्राप्ति केन्द्र (Brain Gain Centre) लाई क्रियाशील बनाउने सम्बन्धमा २०८१ असार २१ गते जानकारीमूलक प्रस्तुतिसहितको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ। यस अवधिसम्ममा १४ लाख ७३ हजार ३ सय २५ वटा विद्युतीय राहदानी वितरण गरिएको छ भने नियोगमार्फत ३ सय ५० वटा आर्थिक कूटनीतिका कार्यक्रमहरू सञ्चालन भएको छ ।

परिच्छेद-३
शासकीय सुधार

३.१. सुशासन

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम स्थापित केन्द्रीय अनुगमन समितिको ४ वटा बैठक सम्पन्न भएको छ। निर्णयको नियमित अनुगमन र प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ। सबै निकायहरूको कार्यसम्पादनलाई व्यवस्थित गर्ने एवम् अनुगमनकारी निकायहरूबाट एकीकृत अनुगमन गरी नतीजामूलक अनुगमनका लागि सञ्चालनमा रहेको एकीकृत (अनलाइन) अनुगमन प्रणालीको स्तरोन्नति गरी थप सुदृढीकरण गरिएको छ।

राष्ट्रिय सर्तकता केन्द्र (कार्यसञ्चालन नियमावली), २०६५ ले गरेको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८०।८१ मा राष्ट्रिय सतर्कता केन्द्रले सम्पन्न गरेका कार्य एवम् उपलब्धिहरू, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न नेपाल सरकारलाई प्रदान गरिएका सुझावहरू समेत समेटिएको वार्षिक प्रतिवेदन पेश भएको छ। सतर्कता केन्द्रमा विभिन्न माध्यमवाट प्राप्त जम्मा १ हजार ६ सय ३५ वटा उजुरीहरूमध्ये १ हजार २६ वटा (६२.७५ प्रतिशत) फछ्र्यौट भएका छन्। ४८५ वटा कार्यालयहरूमा समय पालना र पोशाकको प्रयोग सम्बन्धमा र ४४९ वटा कार्यालयहरूमा नागरिक बडापत्र कार्यान्वयनका सम्बन्धमा अनुगमन गरिएको छ। २८ वटा सार्वजनिक निकायहरूको सेवा प्रबाहको सूक्ष्म निगरानी गरिएको छ।

४ वटा जिल्ला (भोजपुर, पर्सा, कञ्चनपुर र दोलखा) मा जिल्लास्तरिय "भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व" विषयक सचेतनामूलक कार्यकम सम्पन्न गरिएको छ भने १० वटा स्थानीय तह (हलेसी तुवाचुङ नगरपालिका, खोटाङ; पाखीबास नगरपालिका, धनकुटा; इटहरी उपमहानगरपालिका, सुनसरी; गौर नगरपालिका, रौतहट; मलङ्गवा नगरपालिका, सर्लाही; भँगाहा नगरपालिका, महोत्तरी; अमरगढी नगरपालिका, डडेलधुरा; साँफेबगर नगरपालिका, अछाम; बाह्रविसे नगपालिका, सिन्धुपाल्चोक र पाँचखाल नगरपालिका, काभ्रपलाञ्चोक) मा कर्मचारी/जनप्रतिनिधिहरूलाई भ्रष्टाचार विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

राष्ट्रिय गौरव लगायतका ९८ वटा आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको छ। २५ जना इन्जिनियरहरूलाई प्राविधिक परीक्षण तालिम मार्फत प्रशिक्षित गरिएको छ। कास्की जिल्लाको पोखरा, धनुषा जिल्लाको जनकपुरधाम र मकवानपुर जिल्लाको हेटौंडामा भ्रष्टाचार न्यूनीकरणका लागि प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सम्पन्न गरिएको छ।

संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूमा कार्यरत सार्वजनिक पद धारण गरेका कर्मचारी एवम् पदाधिकारीहरूले आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण बुझाए/नबुझाएको

प्रतिवेदन तयार गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेश गरिएको छ। प्रतिवेदन अनुसार सम्पत्ति विवरण बुझाउने दायित्व भएका ७ लाख ४६ हजार ४ सय ६३ जना पदाधिकारी तथा कर्मचारीमध्ये ७ लाख ३९ हजार ७ सय ५८ जना (९९.१ प्रतिशत) ले प्रचलित कानून बमोजिम सम्पत्ति विवरण बुझाएका तथा ६ हजार ७ सय ५ जना (०.९ प्रतिशत) ले सम्पत्ति विवरण नबुझाएकोमा अनुगमन गरी जरिवाना गराउनेगरी कारवाही भएको छ। सुशासन प्रवर्धनका लागि राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पादन गरिएका क्रियाकलापहरू सम्बन्धी विवरणहरू तालिका ४७ मा उल्लेख गरिएको छ।

तालिका ४७: राष्ट्रिय सतर्कता केन्द्रबाट सञ्चालित सुशासन प्रवर्धनसम्बन्धी क्रियाकलापको विवरण

क्र. सं.	विवरण	एकाइ	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	सार्वजनिक निकायको अनुगमन	वटा	२९७	३०५	४८५
२.	नागरिक बडापत्रको अनुगमन (सार्वजनिक निकायको संख्या)	वटा	२७३	२९५	४४९
३.	अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेश गरेको सम्पत्ति विवरण	वटा	६,९६,६२४ मध्ये ६,८१,२१५	७,१९,१५७ मध्ये ७,०९,५६७	७,४६,४६३ मध्ये ७,३९,७५८
४.	उजुरी फछ्र्यौट	प्रतिशत	७३.३९	७२.७८	६२.७५
५.	प्राविधिक परीक्षण परीक्षक तालिम	जना	४०	२१	२५
६.	प्राविधिक परीक्षण गरिएको आयोजना	वटा	७४	६८	९८
७.	"भ्रष्टाचार नियन्त्रण: हाम्रो साझा दायित्व" विषयक	वटा	६	७	४

	गोष्ठी सञ्चालन गरिएका जिल्ला				
८.	सदाचार शिक्षा कार्यक्रम सञ्चालन गरिएका स्थानीय तह	वटा	१८	२१	१०

स्रोतः राष्ट्रिय सतर्कता केन्द्र

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूको वार्षिक कार्ययोजना तर्जुमा गरी एकीकृत अनुगमन प्रणालीमार्फत नतीजामूलक अनुगमन गर्ने गरिएको छ।

आयोजना कार्यान्वयनमा देखापर्ने समस्याहरू समाधानमा सघाउ पुऱ्याउने उद्देश्यले छनौट भएका आयोजनाहरूको स्थलगत अनुगमन भई आयोजनाको प्रगति स्थिति, कार्यान्वयनमा देखिएका समस्या एवम् सुझावसहित प्रतिवेदनहरू प्राप्त भएका छन्।सम्माननीय प्रधानमन्त्रीको उपस्थितिमा राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति स्थितिका सम्बन्धमा नियमित रूपमा बैठकहरूको आयोजना गरी देखिएका समस्याहरू समाधान गरिएको छ। त्यस्तै राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरू मार्फत विकास आयोजनामा देखिएका समस्याहरू समाधानका प्रयासहरू भएका छन्। यसको अतिरिक्त मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका बैठकहरूवाट पनि मन्त्रालयस्तरबाटै समस्याहरूको सम्बोधन गर्ने प्रयास गरिएको छ। प्रत्येक महिना सचिव बैठकको आयोजना गरी आर्थिक विकास, भौतिक पूर्वाधार, सुशासन र शासकीय सुधारका पक्षमा देखिएका समस्याहरू समाधान गर्न पहल गरिएको छ।

नेपाल ट्रष्टको कार्यालय र भरतपुर महानगरपालिकाबीच "नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका सम्पदा अवलोकन तथा सञ्चालन कार्यविधि, २०८०" को अधीनमा रही भरतपुर महानगरपालिका वडा नं. १ आँपटारीस्थित नेपाल ट्रष्टको स्वामित्वमा रहेको दियालो बङ्गला दरबार तथा परिसर संग्रहालयको रूपमा सर्वसाधारणलाई मिति २०८१/३/२३ देखि स-शुल्क खुल्ला गरिएको छ। त्यस्तै आर्थिक वर्ष २०८०/८१ मा बैंक ब्याज, लिजभाडा/भाडा, धितोपत्र लाभांश, ऐतिहासिक स्थल प्रवेश शुल्क लगायतबाट करिब रु. २९.८९ करोड, ब्रिटिस पाउण्ड १ हजार ५ सय ७९.२४ तथा अमेरिकन डलर ८ हजार ९ सय ३९.१४ ट्रष्ट कोषमा आम्दानी बाँधिएको छ। ८ जिल्लामा सघन रूपमा सम्पत्ति खोजविन कार्य सम्पन्न गरिएको छ।

३.२. हेलो सरकारमार्फत नागरिक गुनासो सम्बोधन

नागरिकहरूको गुनासोलाई समयमै सम्वोधन गरी सार्वजनिक प्रशासनलाई जनमुखी,जवाफदेही र पारदर्शी बनाउने उद्देश्यले वि.सं. २०६८ सालमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गुनासो व्यवस्थापनको लागि हेलो सरकार स्थापना गरेको हो। तत्कालीन गुनासो पोर्टलमा सरकारका केन्द्रीय निकायहरू मात्र आबद्ध भएकोमा २०७६ साल साउन १ गतेदेखि गुनासो व्यवस्थापनसम्बन्धी नयाँ विद्युतीय पोर्टल स्थापना गरी तीनै तहका सरकारका सार्वजनिक निकायहरूलाई सो पोर्टलमा आबद्ध गरी नागरिकको गुनासो व्यवस्थापनको कार्य गरिंदै आएको छ। हेलो सरकार कक्षबाट पोर्टलमार्फत सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूको गुनासो व्यवस्थापनसम्बन्धमा भए गरेका कार्यहरूको नियमित अनुगमनसमेत गर्ने गरिएको छ।

जनताका गुनासोहरू समयमै सम्बोधन गरी सुशासन कायम गर्न सहयोग पुऱ्याउनु हेलो सरकारको मुख्य उद्देश्य रहेको छ।यसका लागि हेलो सरकारले सम्बन्धित निकायहरूसँग निरन्तर सम्पर्कमा रही गुनासो समाधानका कार्यहरू गर्दै आएको छ। प्राप्त हुने गुनासाहरूको पहिचान गरी सम्बन्धित निकायमा पठाउने र गुनासो सुन्ने अधिकारीहरूसँग समन्वय गर्दै गुनासाहरूको यथोचित सम्बोधन हुने व्यवस्था गरिएको छ।सार्वजनिक बिदामा समेत खुला रहने हेलो सरकारले वेब पोर्टल, इमेल, टोल फ्री नम्बर, नागरिक एपका साथै विभिन्न सामाजिक सञ्जालका माध्यम लगायतबाट गुनासाह रू प्राप्त गरी गुनासो सम्बोधन गर्दै आएको छ।

आर्थिक वर्ष २०८०/८१ मा विभिन्न माध्यमहरूबाट हेलो सरकारमा प्राप्त भएका गुनासोहरूमध्ये अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायमा पठाउन उपयुक्त देखिएका जम्मा १६ हजार १ सय ३५ गुनासो आवश्यक कारबाहीको लागि सम्बन्धित निकायहरूमा पठाइएकोमा सो मध्ये उक्त अवधिमा ७ हजार ८ सय १० वटा गुनासाहरू फछ्र्यौट गरिएको छ।यस अवधिको कुल गुनासो फछ्र्यौट दर ४८.४ प्रतिशत रहेको छ।

निकायगत हिसाबले हेर्दा हेलो सरकारमा प्राप्त गुनासाहरूमध्ये सबैभन्दा बढी गुनासो प्रहरी प्रधान कार्यालयसँग सम्बन्धित देखिएका छन्।प्रहरी प्रधान कार्यालयका निम्ति तोकिएका कुल १ हजार ८ सय ४७ गुनासामध्ये १हजार ४ सय ५ वटा गुनासा फछ्र्यौट भई उक्त कार्यालयको फछ्र्यौट दर ७६.०७ प्रतिशत रहेको छ। प्रहरी प्रधान कार्यालयपछि बढी गुनासो प्राप्त हुने निकाय नेपाल विद्युत् प्राधिकरण रहेको छ। विद्युत् प्राधिकरणलाई पठाइएका कुल ७ सय २३ गुनासामध्ये ६ सय १९ गुनासा अर्थात ८५.६२ प्रतिशत फछ्र्यौट गरिएको छ। फछ्र्यौट दरका हिसाबले विद्युत् प्राधिकरण सबैभन्दा अगाडि रहेको छ।

गुनासोको प्रकृतिका आधारमा विश्लेषण गर्दा यस आर्थिक वर्षमा सबैभन्दा बढी गुनासो विद्युत्सँग सम्बन्धित रहेको देखिन्छ। त्यसपछि बढी गुनासो क्रमशः सडक पुलसँग सम्बन्धित, ठगी/किर्ते सम्बन्धित, वेभसाइटका समस्यासँग सम्बन्धित लगायत रहेका छन्। यस सम्बन्धी थप विवरण तालिका ४८ र ४९ मादिइएकोछ।

तालिका ४८: हेलो सरकारमा प्राप्त गुनासोहरूको निकायगत फछ्र्यौटसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१)

क्र. सं.	निकायगत विवरण	संख्या	फछ्र्यौट संख्या	फछ्र्यौट दर(प्रतिशत)
१	प्रहरी प्रधान कार्यालय	१८४७	१४०५	७६
२	नेपाल विद्युत् प्राधिकरण	७२३	६१९	८६
३	सडक विभाग	५१६	१७८	३४
४	गृह मन्त्रालय	४३५	३६९	८५
५	स्वास्थ्य मन्त्रालय	४३२	९७	२६

स्रोतः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

तालिका ४९: हेलो सरकारमा प्राप्त गुनासोको प्रकृतिअनुसारको फछ्र्यौटसम्बन्धी विवरण (आर्थिक वर्ष २०८०/८१)

क्र. सं.	प्रकृतिअनुसार विवरण	संख्या	फछ्र्यौट संख्या	फछ्र्यौट दर (प्रतिशत)
१	विद्युतसम्बन्धी	५०१	४३४	८७
२	सडक/पुलसम्बन्धी	३९९	१०१	२५
३	ठगी/किर्ते	३७०	२४१	६५
४	वेबसाइटसम्बन्धी	३४९	२४२	६९
५	विश्वविद्यालयसम्बन्धी	३१७	६१	१९
६	स्थानीय तह सम्बन्धी	३१०	९१	२९
७	खानेपानीसम्बन्धी	२९६	५९	२०

स्रोतः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

३.३. सम्पत्ति शुद्धीकरण निवारण

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४लगायत यस सम्बद्ध अन्य ऐनहरू सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन मार्फत संशोधन भई संशोधित व्यवस्थाहरू मिति २०८०/१२/३० बाट कार्यान्वयनमा आएको छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/८६) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१ असार १७ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) बमोजिम गठित राष्ट्रिय पुनरावलोकन परिषद्को बैठक माननीय अर्थ मन्त्रीको अध्यक्षतामा मिति २०८०/१२/४ गते सम्पन्न भई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तत्काल सुधारको पहल (AML/CFT Prompt Corrective Initiatives) स्वीकृत भई कार्यान्वयनमा आएको छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) तथा यस विषय सम्बन्धी कार्य गर्ने नियमनकारी, अनुसन्धानकारी लगायत सम्बद्ध अन्य निकायहरूको कार्यसम्पादनको केन्द्रीकृत अभिलेख राख्ने विद्युतीय प्रणालीयुक्त AML/CFT National Reporting System Software मा तथ्याङ्कीय विवरण प्रविष्टि सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा नियमनकारी, अनुसन्धानकारी तथा सम्बद्ध निकाय समेतको सहभागितामा वित्तीय कारवाही कार्यदल (FATF) बाट International Co-operation Review Group (ICRG) को प्रक्रिया सम्बन्धी अन्तरक्रिया मिति २०८० फागुन १ देखि २ गतेसम्म र Asia Pacific Group on Money Laundering (APG) बाट Strategic Implementation Program (SIP) सम्बन्धी अन्तरक्रिया मिति २०८० फागुन ३ देखि ४ गतेसम्म काठमाडौंमा सम्पन्न भएको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा सम्बन्धित निकायबाट आर्थिक वर्ष २०७९/८० मा नियमन/सुपरिवेक्षण, अनुसन्धान र अन्य सम्बद्ध निकायहरूबाट सम्पादन भएका कार्यहरूको तथ्याङ्कीय विवरण Software मार्फत सङ्कलन गरिएको छ।

यस आर्थिक वर्षमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय समन्वय परिषद्को १० (दश) वटा बैठक सम्पन्न भएको छ भने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय पुनरावलोकन परिषद्को ३(तीन) वटा बैठक सम्पन्न भएको छ।

३.४. राजस्व चुहावट अनुसन्धान

राजश्व चुहावट नियन्त्रणका लागि भिसिटिएस सपोर्ट कार्यक्रम अन्तर्गत VCTS प्रणालीमा Consignment प्रयोगकर्ताको संख्या २ लाख ५१ हजार पुगेको छ भने ९७ लाख ५६ हजार Consignment हरू प्रणालीमा दर्ता भएका छन्। यस अवधिमा २ हजार १ सय ६० वटा गस्तीको परिचालन भएको छ। त्यस्तै राजस्व चुहावट नियन्त्रणको लागि ३ सय वटा आकस्मिक र द्रुत गस्ती समेत परिचालन गरिएका छन्।

राजस्व चुहावटसम्बन्धी नागरिक सचेतनाका लागि मुलुकका विभिन्न ७ स्थानमा अन्तरक्रिया, छलफल तथा जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ। राजस्व चुहावट नियन्त्रण सम्बन्धी जनचेतनालाई Internet Based (अनलाइन/सामाजिक सञ्जाल) को प्रयोग गरी सचेतनात्मक/सन्देशमूलक सामग्री प्रसारण गर्ने कार्यका लागि "भरोसा" नामको छोटो चलचित्र तयार गरी प्रसारण गरिएको छ।

चोरी पैठारी गरी भित्र्याएको ६१.७१६ केजी सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको छ। पछिल्लो समय अनुसन्धानमा चुनौतीपूर्ण बन्दै गइरहेको क्रिप्टोकरेन्सी (विद्युतीय वा भर्चुअल मुद्रा) मा अनुसन्धान गरी रु. १३ करोड ९९ लाख बिगो कायम गरी मुद्दा दायर गरिएको छ भने विदेशी विनिमय अपचलन तथा हुण्डी कारोबार सम्बन्धमा अनुसन्धान गरी रु. २ करोड ५५ लाख विगो कायम गरी मुद्दा अभियोजन गरिएको छ। यस्तै राजस्व चुहावटको कसुरमा कोटिभिटी नामक कम्पनीलाई बिगो रकम रु.५ अर्व १८ करोड कायम गरी उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा राजस्व चुहावट तथा विदेशी विनिमयतर्फ १ सय ५३ जना प्रतिवादी कायम गरी रु.१ अर्व ३८ करोड ३८ लाख बिगो मागदाबी सहित ८३ वटा मुद्दा दायर भएका छन्। यस सम्बन्धी थप विवरण तालिका ५० मा दिइएको छ।

तालिका ५०: राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित मुद्दा र बिगोको विवरण

क्र.सं.	राजस्व चुहावट नियन्त्रण तर्फ		
	विवरण	एकाइ	आर्थिक वर्ष २०८०/०८१ सम्मको
१	मुद्दा दायर संख्या	वटा	२६
२	बिगो रकम	रु.	६ अर्व ४ करोड ८३ लाख
३	सजाय मागदाबी रकम	रु.	६ अर्व ४ करोड ८३ लाख
४	प्रतिवादी संख्या	वटा	७९
	विदेशी विनिमय अपचलनतर्फ		
१	मुद्दा दायर संख्या	वटा	८३
२	बिगो रकम	रु.	४६ करोड २७ लाख ७८ हजार
३	सजाय मागदाबी रकम	रु.	१ अर्व ३८ करोड ८३ लाख

४	प्रतिवादी संख्या	वटा	१५३
	VCTS तर्फ		
१	सवारी साधन संख्या	वटा	८९४
२	जरिवाना रकम	रु.	३ करोड ४६ लाख २६ हजार
		गस्ती परिचालन तर्फ	
१	संख्या	वटा	२१६०
	कन्साइन्टमेन्टतर्फ		
१	VCTS कन्साइन्टमेन्ट प्रयोगकर्ताको संख्या	जना हजारमा	२५१
२	VCTS कन्साइन्टमेन्टको संख्या	लाख	९७.५६

स्रोतः राजस्व अनुसन्धान विभाग

३.५. सार्वजनिक खरिद

विद्युतीय खरिद निर्देशिका, २०८० को पहिलो संशोधन स्वीकृत भएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधनका लागि मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको छ। सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधन स्वीकृत भएको छ। सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यालयबाट जारी गरिएका बोलपत्र सम्बन्धी कागजात तथा निर्देशनका सम्बन्धमा विभिन्न सार्वजनिक निकायहरूलाई २० वटा राय परामर्श प्रदान गरिएको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम २ सय ३५ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई सम्बन्धित सार्वजनिक निकायको सिफारिशको आधारमा कालो सूचीमा राखिएको छ। खरिद कार्यमा संलग्न हुने कर्मचारी तथा बोलपत्रदाताको सार्वजनिक खरिदसम्बन्धी क्षमता विकासका लागि सार्वजनिक खरिद कार्यालयले नियमित प्रशिक्षण एवम् तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ।

आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक खरिद सम्वन्धी विषयमा आधारभूत, विशेष तथा विद्युतीय खरिद प्रणालीसम्बन्धी ३५ वटा तालिम सञ्चालन गरी १ हजार २ सय ५२ जनालाई तालिम प्रदान गरिएको छ भने सार्वजनिक खरिद ऐन, नियम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएका नमूना कागजात एवम् मार्गदर्शन अनुसार सार्वजनिक निकायबाट खरिद कारबाही भए, नभएको सम्बन्धमा कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा संघ, प्रदेश र स्थानीय तह गरी १८ वटा जिल्लाका ३१ वटा सार्वजनिक निकायहरूमा अनुगमन कार्य सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा कार्यालयबाट निर्माण कार्य खरिद तथा मालसामान खरिद सम्बन्धमा कुल २ सय वटा गुनासो प्राप्त भएकोमा सबै गुनासोको सम्बोधन गरिएको छ। यसै अवधिमा सार्वजनिक खरिद पत्रिका प्रकाशन गरिएको छ।

३.६. कसुरजन्य सम्पत्ति व्यवस्थापन

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको कार्य सम्पादनसँग सम्बन्धित निर्देशिका तर्जुमा गरी स्वीकृतिका लागि गृह मन्त्रालयमा पेस गरिएको छ। विभिन्न व्यक्तिहरूले कसुरजन्य सम्पत्ति आर्जन गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूमा जम्मा गरेको रु. २ करोड ८५ लाख ८७ हजार ५ सय १७ रुपैयाँ कसुरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको छ। भ्रष्टाचार मुद्दासँग सम्बन्धित भक्तपुर कटुन्जेमा रहेको ४-१-३-० क्षेत्रफलको जग्गा नेपाल सरकारको मिति २०७९/०३/३१ गतेको निर्णयानुसार कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिल खारेज भएको छ। ६४ जिल्लाहरूमा सरोकारवाला निकायसँग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

३.७. विद्युतीय सुशासन

सार्वजनिक सेवा प्रवाह तथा सरकारी काम कारबाहीमा विद्युतीय प्रणालीको प्रयोगलाई प्रवर्द्धन गर्न तथा सोको प्रयोगलाई व्यवस्थित, भरपर्दो, सुरक्षित बनाउन एवं साइबर सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण तथा सोको कार्यान्वयन गरी विद्युतीय सुशासन कायम गर्न विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ बमोजिम मिति २०७९ भाद्र १६ गते विद्युतीय सुशासन आयोग गठन गरिएको हो। उक्त गठनआदेशको समयसापेक्ष संशोधनको कार्य अगाडि बढेको छ। सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटलाइजेशन गर्दै डिजिटल सरकार र डिजिटल समाजको निर्माण गर्न E-Governance Blueprint को मस्यौदा तयार भएको छ। विद्युतीय सुशासन नीतिको मस्यौदा तयार भएको र यसलाई अन्तिम रूप दिन सरोकारवालासँग छलफलको क्रममा रहेको छ। विद्युतीय सुशासन सम्बन्धमा व्यवस्था गर्ने विधेयक तर्जुमाको लागि सहमति प्रदान भई मस्यौदाको चरणमा रहेको छ। व्यक्तिगत डाटा संरक्षण नीतिको मस्यौदा तयार भएको छ। अवरोधरहित सेवा प्रवाहका लागि अति संवेदनशील पूर्वाधार जुनसुकै अवस्थामा पनि चल्नुपर्छ भन्ने उद्देश्यका साथ Business Continuity Plan को मस्यौदा तयारी कार्य अगाडि बढेको छ। प्रदेश र स्थानीय तहका लागि विद्युतीय सुशासनसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गरी सार्वजनिक सेवा प्रवाह सम्बन्धमा प्रादेशिक माग र आवश्यकता तथा स्थानीय तहका माग, आकाङ्क्षा, आवश्यकता, चुनौती र सम्भावनाको पहिचान गर्दै सेवा प्रभावकारिता र विकास सुशासनमा विद्युतीय सुशासनको भूमिका र आवश्यकताबारे कोशी प्रदेश भित्रका प्रदेश र स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न भएको छ।

परिच्छेद-४

उपसंहार

संविधानमा व्यवस्थित निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई मार्गनिर्देशनको रूपमा गम्भीरतापूर्वक लिई नेपाल सरकारले कार्यसम्पादन गरिरहेको छ। मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोच्च प्राथमिकतामा राखी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका आधारभूत मूल्य-मान्यतालाई सम्मान गर्दै नेपाल सरकार देश विकासको कार्यमा क्रियाशील छ। समाजमा विद्यमान आर्थिक, सामाजिक-सांस्कृतिक विभेदको अन्त्य गरी न्यायपूर्ण समाजको निर्माण एवम् लोककल्याणकारी राज्यको स्थापना गर्न तीनै तहका सरकारका एकाइहरूबीचको परस्पर सहयोगमा आधारित सुसम्बन्ध एवम् समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै शासन व्यवस्था सञ्चालन भइरहेको छ।

सामाजिक न्याय, फराकिलो र तीव्र आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरिएको छ। आर्थिक असमानताको अन्त्य, लाभको न्यायोचित वितरण र शोषणरहित समाजको निर्माण गरी समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि सरकार प्रतिबद्ध र क्रियाशील छ। राष्ट्रको सर्वोपरि हितलाई केन्द्रविन्दुमा राखी राष्ट्रिय अखण्डता र सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धलाई निरन्तरता दिइएको छ।

राज्यका सबै तह र संरचनामा सुशासनलाई संस्थागत गर्दै नागरिक-मैत्री शासकीय व्यवस्थाको स्थापना सरकारको उच्च प्राथमिकतामा रहेको छ।संविधानले परिकल्पना गरेअनुरुप यसबाट मुलुकलाई शान्ति, स्थिरता, सुशासन र अग्रगमनतर्फ अघि बढाउँदै देशमा सामाजिक न्याय, समृद्धि र सुरक्षालाई प्रत्याभूति गर्न सहयोग पुगेको सरकारको विश्वास रहेको छ। यद्यपि नागरिकको सुशासन र विकासप्रतिको उच्च अपेक्षालाई पूरा गर्न आगामी वर्षहरूमा थप प्रतिबद्धता र लगनशीलताका साथ काम गर्नुपर्ने आवश्यकताको बोध सरकारले गरेको छ र सरकार त्यसतर्फ सचेष्ट र प्रयत्नशील छ।

संविधानले दिशानिर्देश गरेबमोजिम सीमित स्रोतसाधनको महत्तम उपयोग गर्दै राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रभावकारी तवरमा कार्यान्वयन गरी आम नागरिकको "विकास र समृद्धि"को आकाङ्क्षालाई यथाशीघ्र पूरा गर्न तथा समग्र नेपाली जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन सरकार निरन्तर प्रतिबद्ध, गम्भीर र दृढ सङ्कल्पित छ।